In Public Domain. Digitization by eGangotri.Funding:

१२५

मर्यादा

त्रैमासिक-पत्रिका

वर्ष-तीन

अङ्क दुई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Funding

sity, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

922

वाल्मीकि संस्कृत महाविद्यालय
शास्त्रानुसन्धान-परिषद्को
मुखपत्र

मर्यादा

(त्रैमासिक पत्रिका)

वर्ष—३ अङ्क—२

"तस्माच् शास्त्रं प्रमाणं ते
कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं
कर्मकर्तुमिहार्हसि ॥"
भगवद्गीता, १६ २४

(शास्त्रै प्रमाण छन् साग
कार्याकार्य बुझाउन ।
तस्मात् शास्त्रविधानैका
कार्यमा चल अर्जुन !)
कोमल अनुवाद ।

संपादक मण्डल

श्री नयराज पन्त
श्री तोयनाथ पाण्डेय
श्री दामोदर कोइराला
श्री श्रीकृष्णशर्मा आचार्य
श्री चेतोनाथशर्मा आचार्य
श्री मधुसूदन रिसाल "प्रदीप"

प्रकाशक :-
प्रधानाचार्य-
श्री रामनाथ आचार्य
निमित्त, शास्त्रानुसन्धान-
परिषद्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

In Public Domain. Digitization by eGangotri.Funding:

शास्त्रानुसन्धान-परिषद्को मूल उद्देश्य

शास्त्रप्रतिपादित कल्याणकारी मार्गको प्रचार-प्रसार, सामाजिक तथा धार्मिक चाडपर्वहरूको परिशीलन, शास्त्रमा उठेका सन्देहहरूको निराकरण, सच्चरित्रता, देश-भक्ति र राजभक्तिमा दृढआस्था पैदा गर्नु र अनुसन्धान परिशीलन अन्वेषण आदि कार्यको प्रबन्ध गर्नु ।

University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

मर्यादाका नियमहरू—

१—शास्त्र प्रतिपादित कल्याणकारी मार्गको प्रचार-प्रसार, सामाजिक तथा धार्मिक चाडपर्वहरूको परिशीलन, शास्त्रमा उठेका सन्देहहरूको निराकरण सच्चरित्रता देशभक्ति र राजभक्तिमा दृढआस्था पैदा गर्नु र अनुसन्धान परिशीलन अन्वेषण आदि कार्यको प्रबन्ध गर्नु 'मर्यादा' को मूल उद्देश्य हो।

२—'मर्यादा' त्रैमासिक पत्रिका हो, प्रत्येक तीन महिनामा यसको प्रकाशन हुन्छ।

३—'मर्यादा' मा प्रकाशनार्थ आउने सबै रचनाहरू अनुसन्धानात्मक र शास्त्रानुसन्धान-परिषद्को उद्देश्यसंग मेलखाने गद्यलेखहरू हुनुपर्दछ।

४—'मर्यादा' मा प्रकाशनार्थ आएका लेखहरू काटछाँट गर्ने वा छाप्ने नछाप्ने सम्पूर्ण अधिकार सम्पादक मण्डलमा रहने छ।

५—रचनाहरू पठाउँदा कागजको एकापट्टि मात्र स्पष्ट बुझिने गरी लेखिएको हुनुपर्दछ। अस्वीकृत लेख फिर्ता चाहनेहरूले डाँकव्यय आफैं बेहोर्नु पर्नेछ।

६—यसमा शास्त्रानुसन्धान परिषद्को उद्देश्यका अनुकूल विज्ञापनहरू मात्र लिइने छन्।

७—समाजमा अव्यवस्था र दुराचार फैलाउने तथा शास्त्रप्रति घृणा फैलाउने किसिमका लेखहरू 'मर्यादा' मा प्रकाशित गरिने छैनन्।

८—'मर्यादा' मा प्रकाशित हुने लेखहरूको उत्तरदायित्व लेखका रचयिताहरूमा नै रहने छन्।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Funding

यस अङ्कको विषयवस्तु

रचना	रचनाकार	पृष्ठ
पाँच प्रश्नको उत्तर	प्रा० श्री बदरीनाथ भट्टराई	१
तपोबल	श्री रामबहादुर गोतामे	६
दिव्य दृष्टि	अनु० प्रधानानाचार्य श्रीरामनाथ आचार्य	१६
पण्डितराज श्रीसोमनाथ-सिग्देलज्यूको संक्षिप्त जीवनी	उपप्रधानाचार्य श्री रामचन्द्र पौडेल	५६
आशौचको संक्षिप्त परिचय	प्रा० जुननाथ पण्डित	७५
अहङ्कार	प्रा० विश्वनाथ पोखरेल	८४
पुनर्जन्मवाद, एक समीक्षा-एक सिद्धान्त	प्रा० श्री चेतोनाथशर्मा आचार्य	८८
पूर्वमध्यमा र बी. ए.	प्रा० श्री नयराज पन्त	९८
गीतामा ज्ञान र योग	श्री गोपालनिधि तिवारी	१०६
वाल्मीकिको आश्रम	प्रा० हरिनाथ उपाध्याय दुङ्गेल	११०
आँधिखोला गुप्तक्षेत्र र गलेश्वर	प्रा० श्री तोयनाथ पाण्डेय	११३
हाम्रो भनाइ		१२५

Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

द. नं. ६५५
बा. वि. ५

पाँच प्रश्नको उत्तर

प्रा. श्रीबदरीनाथ भट्टराई

'सारा विद्या मैले बुझिसकें। शास्त्रार्थ गर्दा धेरै स्नातकहरूलाई जितिसकेँ। अब मलाई कसले ठेउल्याउन सक्ला! यसैले पञ्चालपरिषद्मा जान्छु। त्यहाँ जीवलका छोरा राजा प्रवाहण मुख्य छन्। तिनलाई पनि जित्न सकेँ भने त पृथिवीमा ठूलो विद्वान् कहलाउँछु' इत्यादि चिन्तन गरी श्वेतकेतु आश्रमबाट निस्किए।

खूब फुर्तीसाथ आएका श्वेतकेतुलाई टाढैबाट देखेर राजा प्रवाहणले मनमनै भने, यी ब्राह्मणको भुइँमा खुट्टै छैन ए। ओहो? दरबारमा आउँदा पनि कत्रो फुर्तीसाथको हिँडाइ? ओहो कति हात हल्लाएको? कत्रो टिमटिम? धोती उपर्ना पनि ज्यादै असल जस्तो देखिन्छ। लवाइ पनि कत्रो ढाँचादार? यसो हेर्दा यिनी भित्र गुदी नभए जस्ता देखिन्छन्। थी त सात्विक अहँकारका मूर्ति पो हुन् कि? यिनलाई आत्मज्ञान भएको देखिन्न। यिनको जाँच गर्नुपऱ्यो। होच्याएर तिमी भनेमा यिनको आकार र चेष्टामा परिवर्तन आउँछ कि आउँदैन। हेरौँ त।

सुनौला राजसिंहासनमा बसी सेवकलाई गोडा मिचाइरहेका प्रवाहणलाई देखेर श्वेतकेतुले मनमनै विचार गरे, ओहो यी राजाको के ढंग हो? विद्वान् अतिथिलाई पाद्य, अर्घ्य गर्नु त कहाँ हो कहाँ? आसन पनि दिँदैनन् ए? खूब असल राजा हुन् भनी अरू भन्थें। खै त?

प्रवाहणले मुसुक्क हाँसेर भने, क्या हो कुमार?

फुर्तीसाथ श्वेतकेतुले भने, 'यस्तै हो'?

प्र. — तिमीलाई पिताजीले सारा विद्याको उपदेश दिनुभएको छ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

an Public Domain. Digitization by eGangotri.Funding

हैन त ?

श्वे.— हो, दिनुभएको छ । कुनै विषयमा शंका लागेको छ भने सोध्नुहोस् ।

प्र. — मरेका प्रजाहरू कुन कुन मार्गबाट जान्छन् ? के तिमीलाई थाहा छ ?

श्वे.— छैन ।

प्र. — ती मरेका व्यक्ति कसरी यो लोकमा आउँछन् ?

श्वे.— थाहा छैन ।

प्र. — धेरै जना मरेर गए पनि नभरिने लोक कुन हो ? यो विषयमा जति थाहा छ उति भन ।

श्वे.— त्यो लोकको विषयमा मलाई कत्ति पनि थाहा छैन ।

प्र. — कति आहुति दिएपछि पानी पनि पुरुषले जस्तै बोल्छन् ?

श्वे.— यसको जवाफ दिन सक्तिनँ ।

प्र. — के तिमी देवयानसाधन र पितृयानसाधन जान्दछौ ? अर्थात् के गर्नाले देवयान मार्गमा प्राप्त हुन्छन् ? अनि के गर्नाले पितृयान मार्गमा ?

श्वे.— म यौटा प्रश्नको पनि जवाफ दिन सक्तिनँ ।

यिनको जाँच पूरा भयो । यिनी आत्मज्ञानी होइनन् । तैपनि ब्राह्मणत्वको आदर गर्नैपर्छ । यसैले तपाइँ शब्दको प्रयोग गरी यिनको पूजा गर्छु, इत्यादि विचार गरेर प्रवाहणले भने, तपाइँ यहाँ बस्नुहोस् । पाद्य, अर्घ्य इत्यादिका साथ मधुपर्क गर्छु ।

प्रवाहणको प्रार्थनालाई अनादर गरी फरक फर्केर लंकँदै श्वेतकेतु आश्रम तिर लागे । उनले खिन्न भएर बाबु आरुणिलाई भने, 'समावर्तन संस्कार गर्दा सबै विद्या जानिसकिस् भन्नुभएको हैन ?'

आरुणिले भने, बुद्धिमान् छोरा, तिमीलाई कसरी दुःख भयो ? कस्ले के भन्यो ?

श्वे.— मलाई राजा प्रवाहणले पाँच प्रश्न गरे । तिनमा एउटाको पनि

l Sanskrit University, Balmeeki Campus, Kathman

In Public Domain. Digitization by eGangotri.Funding:

उत्तर मैले दिन सकिनँ ।

छोराबाट पाँच प्रश्नको स्वरूप सुनेपछि आरुणिले मनमनै भने, यी प्रश्नको उत्तर त म पनि दिन सक्तिनँ । अब के गर्ने ? जान्दछु भनेर जथाभावी जवाफ दिनु पनि ठीक होइन । फेरि जान्दिनँ भनुँ भने पनि यो छोरो रन्किहाल्छ । अरू शिष्यले पनि यस्ता गुरुकहाँ के पढ्नु भनी हेला गर्न थालिहाल्छन् । जे होस् । सत्यभन्दा ठूलो केही छैन ।

लौ, ती प्रश्नको उत्तर ऐले नै भनिदिनोस् भनी श्वेतकेतुले रातो मुख लगाएको देखी छोरालाई शान्त गराउँदै आरुणिले भने, 'मैले जे जानेको थिएँ । त्यो त तिमीलाई बत'एँ । तिमी भन्दा प्यारो अर्को मेरो को छ र ? बरु हिँड । त्यो विद्याको लागि प्रवाहणकहाँ गएर हामी दुवै ब्रह्मचर्यमा बसौँ' ।

फर्कँदै श्वेतकेतुले भने, तपाइँ, नै जानोस् । म त ती राजाको मुख पनि हेर्न सक्तिनँ ।

यस्ता अल्लारेको कुरा सुनेर आफू पनि विद्याबाट ठगिनु ठीक होइन । म एकलै भए पनि जान्छु भन्ने अठोट गरी आरुणि प्रवाहण-कहाँ गए ।

आएका आरुणिलाई देखी प्रवाहणले पुरोहितलाई भने, 'लौ, ऋषिलाई अर्घ्य दिनुहोस् ।'

प्रवाहणको ज्यादै तेजिलो चेहडा देखेर आरुणिले मनमनै विचार गरे, यी साँचिकै ज्ञानी जस्ता देखिन्छन् । बाहिरबाट पनि यिनमा कति सुख, शान्ति देखिन्छ ।

विधिपूर्वक मधुपर्क सिद्धिएपछि प्रवाहणले आरुणिलाई भने. 'गौतम कुलका शिरोमणि भएका तपाइँलाई गाई चाहिन्छ कि घोडा ? जे चाहिएपनि टक्रयाउँछु ।'

आ.— मेरो छोरालाई सोध्नु भएका पाँच प्रश्नको उत्तर बताइदिनु-होस् । त्यही नै वर हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

प्र. — त्यो त दैव वर हो। उसैले मनुष्य संबन्धी कुनै वर माग्नुहोस्।

आ.— तपाइँलाई थाहा नै छ। सुन, गाई, घोडा, दासी अनि परिवार र वस्त्रहरू पनि मसँग प्रशस्त छन्। यसैले धेरै कालदेखि ज्ञानी कहलाएका तपाइँ मैले मागेको कुरामा कंजूस नहुनुहोस्।

प्र. — त्यसो भए शास्त्रविहित विधिले विद्याग्रहण गर्नुहोस्।

आ.— हुन्छ। वाणीद्वारा तपाइँको उपसन्न शिष्य हुन्छु।

हात जोडेँ प्रवाहणले भने, 'जस्तो तपाइँका पितामहहरूले मेरा पुरुखाहरूको अपराध मान्नु भएन। त्यस्तै तपाइँले पनि मेरो अपराध नमान्नुहोला। यो भन्दा अगि कुनै ब्राह्मणसँग यो विद्या थिएन। यो त क्षत्रियपरंपराको पेवा हो। तर अब तपाइँलाई बताउँछु। तपाइँ जस्ता उत्तम जिज्ञासुलाई प्रत्याख्यान गर्नु पाप हो। सुन्नुहोस्, अन्त्येष्टिसंस्काररूप अन्तिम आहुतिबाट नै सत्यका उपासक श्रद्धालुहरू अर्चिरादिमार्गद्वारा जान्छन्। यो पहिलो उत्तर हो।

यज्ञ, दान, तपस्या आदिबाट भएको पुण्य जब खिइन्छ तब घामले हिउँ पग्लिए जस्तै धनीहरूको सोमलोकीय जलशरीर विलीन हुन्छ र त्यो आकाशशरीर, वायु आदिले यताउति लगिन्छ। तब वृष्टिरूप भएर पृथिवीमा खस्छन्। अनि जौ, धान इत्यादि अन्नरूप हुन्छन्। पछि त्यसैलाई प्राणीहरूले खान्छन्। फेरि मनुष्य भनेर कर्ममा मात्र लागिरहन्छन् भने धनीहरूको जानु आउनु अर्थात् मर्नु र जन्मनु कहिले पनि छुट्दैन। यदि यो कर्ममार्ग पनि छोडे भने त ती निष्क्रिय अल्छीहरू झन् कीरा फटाङ्ग्रा भएर जन्मन्छन्। यही नै दोस्रो र तेस्रो उत्तर हो। के यो लोक कहिले भरिन्छ र! पञ्च ग्नि विद्यानै चौथो उत्तर हो। आफूलाई अग्निरूप जान्ने निष्काम कर्मयोगी गृहस्थ तथा श्रद्धालु वानप्रस्थ र संन्यासीहरूले हिरण्यगर्भरूप ब्रह्मको उपासना गरे भने अर्चिरादि मार्गद्वारा ब्रह्मलोकमा प्राप्त हुन्छन्। अनि धेरै वर्ष ब्रह्मलोकमा बसेर ब्रह्माजीका साथसाथै मुक्त हुन्छन। यही नै देवयानसाधन हो। यज्ञ, दान, तपस्या आदि गर्ने सकाम कर्मिष्ठहरू

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

चाहिँ धूमयान मार्गबाट चन्द्रलोकमा प्राप्त हुन्छन् । पुण्य सिद्धिएपछि यो मर्त्यलोकमा आउँछन् । यही नै पितृयान साधन हो ।'

'अफ सार कुरा भन्छु । सुन्नुहोस् । तत्त्वज्ञान नै सबभन्दा ठूलो कुरा हो । आत्माको साक्षात्कार विना जन्म-मरणको चक्र छुट्दैन । यसैले ठूलो हानि हुन्छ । यसै हुँदा जाग्रत्, स्वप्न, सुषुप्ति यी तीनै अवस्थादेखि रहित तर तीनै अवस्थाको प्रकाशक शुद्ध चैतन्य स्वरूपको यथार्थ अनुभव गर्नुहोस् ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

तपोबल

—श्रीरामबहादुर गोताम्े

हाम्रा पूर्वज ऋषि मुनिहरूले तपद्वारा आफ्ना इन्द्रियहरू माथि विजय प्राप्त गरेका थिए। यसै कारणले उनीहरूको वाणी सिद्ध थियो। उनीहरूको आश्रममा लौकिक वस्तुको सर्वथा अभाव देखिनु भयो। परन्तु तपोनिधिले भरिएको हुनाले आवश्यक परेको समयमा अनेक पदार्थ निकाली आफ्नो र अरूको इच्छा पूर्ति गर्दथे। तपोबल को प्रभावले उनीहरूमा स्वर्ग, मर्त्य र पाताल तीनै लोकमा विचरण गर्ने सामर्थ्य थियो। विश्वामित्रले आफ्नो तपोबलको प्रभावले त्रिशंकु (सत्यव्रत) को लागि दोश्रो स्वर्गको समेत रचना गरे। यो निश्चय छ कि तपस्याद्वारा तेज, सत्कार, शान्ति, प्रसन्नता, आनन्द र अन्तमा मुक्ति समेत प्राप्त हुन्छ।

ॐ पवित्रं ते विततं ब्रह्मणस्पते ! प्रभुर्गात्राणि पर्येषि विश्वतः।
अतप्ततनूर्न तदामो अश्नुते शृतास इद्वहन्तस्तत्समाशत ॥

ऋग्वेद मण्ड ६ सूक्त ८३ ऋक् १

हे ब्रह्मणस्पते ! परमात्मन् ! तिम्रो पवित्र— पावनस्वरूप सर्वत्र व्याप्त छ। प्रभु — समर्थ तिमी समस्त चराचर पदार्थहरूको स्वरूपको बाहिर व्याप्त भएका छौ। तपद्वारा जसले आफ्नो तनु (सूक्ष्मशरीर) परिशुद्ध गरेको छैन, यस्तो कच्चा— अशुद्धान्तःकरण भएको मनुष्य तिम्रो त्यस पूर्ण-व्यापक स्वरूपमा प्राप्त हुँदैन। जो तपद्वारा परिपक्व-शुद्ध भएको छ, एवं योगसाधनमा तत्पर रहन्छ, त्यही त्यस पवित्र-स्वरूपमा प्राप्त हुन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

तपसा ये अनाधृष्यास्तपसा ये स्वर्ययु: ।
तपो ये चक्रिरे महस्ताँश्चिदेवापिगच्छतात् ॥

ऋग्वेद १०।१५४।२

तपद्वारा जो पापादिदेखि अभिभूत भएका छन्, एवं जो तपद्वारा विमल आनन्दमा प्राप्त भएका छन् , जो महान् तप गरिहन्छन् , त्यस्ता संग तिमी संगति गर ।

त्वं तपः परितप्य अजय स्वः ।

ऋग्वेद १०।१६७। १

तिमी तप गर ! एवं तपको द्वारा तिमी दिव्यसुखलाई विजय गर ।

अग्ने ! तपस्तप्यामह उपतप्यामहे तपः ।

अथर्वेद ७।६२।२

हे अग्नि भगवान् ! म तप गर्दछु, शीघ्र नै तप गर्दछु ।

तपसा युजा विजहि शत्रून्

ऋग्वेद १०।८३।३

सहायक–तपको द्वारा नै तिमी शत्रुहरूलाई विध्वंस गर ।

तपसा वै लोकं जयन्ति

शत ३।४।४।२७

निश्चय तपले नै अभीष्ट लोकलाई जय गर्दछन्,

नातपस्विनो योग : सिद्धयति

× × ×

अतपस्वीलाई योग सिद्ध हुँदैन ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

यद् दुस्तरं यद् दुरापं च यद् दुर्गं यच्च दुष्करम् ।
सर्वं तु तपसा साध्यं तपो हि दुरतिक्रमम् ॥

मनु ११।२३९

जो काम दुष्कर, दुष्प्राप्य र दुर्गम रहन्छ, त्यो सब तपस्याले सुलभ हुन जान्छ। किनभने तपस्यालाई कोही पनि अतिक्रमण गर्न सक्तैनन् ।

तपसैव परं ज्योतिर्भगवन्तमधोक्षजम् ।
सर्वभूतगुहावासमञ्जसा विन्दते पुमान् ॥

भा. ३।१२।१९

तपस्याले नै परं ज्योति भगवान् अधोक्षज (अक्ष इन्द्रिय जन्य-ज्ञान जसले अधः तिरस्कृत गरिदिएका छन्) उनी सर्वभूत प्राणीहरूको बुद्धिगुहामा निवास गरेर रहेका छन्, उनलाई पुरुष शीघ्र नै प्राप्त गर्दछ।

तपो निःश्रेयसं जन्तोस्तस्य मूलं शमो दमः ।
तेन सर्वानवाप्नोति यान् कामान् मनसेच्छति ॥

म. भा. शा. २३२।२२

मनुष्यको लागि तप नै कल्याणको साधन हो, त्यसको मूल कारण शम एवं दम हो। त्यस तपद्वारा मनले जुन कामना गर्दछ, ती सबैलाई प्राप्त गरेर लिन्छ।

ऋषयस्तपसा वेदानध्यैषत दिवानिशम् ॥

म. भा. शा. २३२।२४

सात्विक तपद्वारा नै ऋषिहरूले रात दिन वेदाध्ययन गरेका थिए।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ॥

गीता. १७।१४

देवता, ब्राह्मण, गुरु, ज्ञानीहरूको पूजा, पवित्रता, सरलता, ब्रह्मचर्य र अहिंसा यी शरीर सम्बन्धी तप भनिन्छन् ।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ॥

गीता. १७।१५

कसैको चित्त नदुखाउनु, प्रिय, हित, सत्य, वचन र वेद पढनु पढाउनु परमेश्वरको भजन गर्नु जो हुन् ती वचन सम्बन्धी तप भनिन्छन् ।

मन : प्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ॥

गीता. १७।१६

मनको प्रसन्नता, शान्तभाव, मौन, मनको विशेष निग्रह, अन्त : करणको विशेष पवित्रता, यी मानस तप भनिन्छ ।

कामत्यागस्तप:स्मृतम् ।

भा. ११।२०।२७

कामलाई त्याग गर्नु नै तप हो ।

स्वाध्यायप्रवचने एवेति नाको मौद्गल्यः तद्धि तपस्तद्धि तपः ।

तै. १।६

स्वाध्याय एवं प्रवचन नै श्रेष्ठ कर्म हो, यस्तो नाकमौद्गल्य

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

नामको प्रसिद्ध ऋषि भन्नुहुन्छ— किन कि त्यही तप हो त्यही तप हो ।

वेदोक्तेन प्रकारेण कृच्छ्रचान्द्रायणादिभिः ।
शरीरशोषणं यत्तत्तप इत्युच्यते बुधैः ॥
को वा मोक्षः कथं बन्धः संसारप्रतिपन्नवान् ।
इत्यालोचनमर्थज्ञास्तपः शंसन्ति पण्डिताः ॥

जाबालदर्शनोपनिषद् २।३-४

वेदोक्त-प्रकारले कृच्छ्र-चान्द्रायण आदि द्वारा जो शरीरलाई शोषण गरिन्छ, त्यो तप हो यस्तो पण्डित भन्दछन् । मोक्ष क्या हो ? तथा बन्ध क्या हो ? यस संसारमा म कसरी प्राप्त भएको छु ? यस प्रकारको आलोचन-- विचारलाई अर्थज्ञ पण्डित तप भन्दछन् ।

ब्रह्मचर्येण तपसा देवा मृत्युमपाघ्नत ।

अथर्वसंहिता ११।१७

ब्रह्मचर्यरूप तप द्वारा देवताहरूले मृत्युलाई विध्वंस गरे ।

मनसश्चेन्द्रियाणाञ्च ह्यैकाग्र्यं परमं तपः ।

म. भा. शा. २५।४

मन एवं इन्द्रियहरूको एकाग्रताको नाम नै परम तप हो ।

स्ववर्णाश्रमधर्मेण तपसा हरितोषणात् ।

शङ्कराचार्य अपरोक्षानुभूति ३

आफ्नो वर्ण एवं आश्रमको धर्मलाई पालना गर्नु तप हो, त्यसले श्रीहरि संतुष्ट हुनुहुन्छ ।

सृजामि तपसैवेदं ग्रसामि तपसा पुनः ।
बिभर्मि तपसा विश्वं वीर्यं मे दुश्चरं तपः ॥

भा. २।९।२३

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

भगवान् ब्रह्माजीलाई भन्नुहुन्छ— म तपस्या द्वारा नै संसार-लाई सृष्टि गर्दछु, तपस्याद्वारा नै यसलाई धारण–पोषण गर्दछु र फेरि तपस्याद्वारा नै यसलाई आफूमा लीन गरेर लिन्छु। अतः तपस्या मेरो एक दुश्चर शक्ति हो।

जनि आचरजु करहु मन माहीं।
सुत तप तें दुर्लभ कछु नाहीं॥
तपबल तें जग सृजइ विधाता।
तपबल विष्नु भए परित्राता॥
तपबल संभु करहिं संघारा।
तप तें अगम न कछु संसारा॥

तु. रा. बा. दो. १६२।१-२-३

बच्चा ! मनमा आश्चर्य नमान। तपस्याद्वारा दुर्लभ केही छैन। विधाता तपोबलले जगत्सृष्टि गर्दछन्, विष्णु तपोबलले जगत्पालक भएका हुन्, शंभुजी तपोबलले संहार गर्दछन्, संसारमा तपोबलले नपाइने कुरा केही छैन।

नायमात्मा बलहीनेन लभ्यः।

मुण्डको ३।२।४

जसको तप (बल) छैन, त्यस्ताले आत्मालाई प्राप्त गर्न सक्तैन।

आदि शक्तिले युक्त हुनाको कारण भगवान् श्रीपशुपतिनाथलाई (शिव) भनिन्छ। ('शि'मा इ रहेको हुन्छ, इ झिकिदिएमा शव हुन्छ; संस्कृतमा शव भनेको मरेको मुर्दा हो। मरेको मुर्दाले केही पनि गर्न सक्तैन। शक्ति भनेको बल हो, विना तपस्या बल प्राप्त हुँदैन। तपस्या नै अभीष्ट फलप्राप्तिको मुख्य साधन हो। तपस्या भनेको केवल जङ्गलमा बस्नु र कायक्लेश गर्नु मात्रलाई भनेको होइन। तपस्या भनेको स्ववर्णाश्रमधर्म पालन गर्नु र निष्ठा पूर्वक श्रद्धा भक्तिले शास्त्र विहित कर्म गर्नुको नाम हो। तुलाधर वैश्यको र धर्मव्याधा कसाईको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

जो तपस्या थियो, त्यो उनीहरूको वर्णाश्रम-व्यवस्था-पूर्वकको हुनाको कारण त्यसैबाट उनीहरूलाई अभीष्ट फल परमार्थ लाभ भयो। जाजली मुनिले तपस्या गर्दा उनको जटामा पक्षीले गुँड बनाई बच्चा समेत हुर्काएर लगे। परन्तु मुनिको यस्तो घोर तप भन्दा ज्यादा महत्वपूर्ण तप तुलाधर वैश्यको थियो। तुलाधरले मुनिलाई सत्य व्यवहारको विषयमा उपदेश गरेका छन्। कौशिक मुनिले बनमा धेरै वर्ष तप गरी सिद्धि प्राप्त गरेका थिए। परन्तु त्यो सिद्धि भन्दा पनि विशेष महत्वको तप धर्मव्याधाको थियो धर्मव्याधाले कौशिक मुनिलाई धेरै वर्णाश्रमधर्म सम्बन्धी उपदेश गरेका छन।

वस्तुप्राप्ति तपस्याले हुन्छ, केवल मुखको पाण्डित्यले मात्र हुँदैन; खाली मुखको पण्डित्य त वाग्विलास मात्र हो।

वीणाया रूपसौन्दर्यं तन्त्रीवादनसौष्टवम्।
प्रजारञ्जनमात्रं तन्न साम्राज्याय कल्पते ॥
वाग्वैखरी शब्दझरी शास्त्रव्याख्यानकौशलम्।
वैदुष्यं विदुषां तद्वद्भुक्तये न तु मुक्तये ॥

विवेकचूडामणि ५९-६०

जुन प्रकार वीणाको रूप-लावण्य तथा तन्त्री बजाउने सुन्दर ढंग छ त्यसबाट मनुष्यहरूको मनोरञ्जनको नै कारण मात्र हुन्छ त्यसबाट साम्राज्य संभव छैन। यसै गरी वाणीको कुशलता, शब्दको धारावाहिकता, शास्त्र व्याख्यानको कुशलता र विद्वत्ता पनि भोगको कारण नै हुन्छ, मोक्षको हुँदैन।

हिजो आज मुखपण्डितको संख्या भने बढ्दै गएको छ। तपस्वी पुरुषको संख्या भने दिन दुइगुना रात चौगुना अभाव हुँदै गएको छ इत्यादि कारणहरूले गर्दा मानिसहरूको आस्था धर्ममा घट्दै गइरहेको छ।

न वेषधारणं सिद्धेः कारणं न च तत्कथा।
क्रियैव कारणं सिद्धेः सत्यमेतन्न संशयः ॥

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

न त कपडा रंगाउनाले सिद्धि हुन्छ, न धेरै कुरा बनाउनाले। साधनरूप क्रिया नै सिद्धिको असली कारण हो; यसमा अलिकति पनि सन्देह छैन।

यस विषयमा एउटा रोचक कथा यो छ कि एक जना व्याधा बनमा गई पाशो थापी पाशोमा परेका शुगाहरूलाई मारी बेच्न शहरमा लिएर जान्थ्यो। एकजना सज्जनलाई त्यत्तिको शुगा मरेको देख्दा बनका शुगाहरूलाई व्याधाको हातबाट बचाउने विचार सोची त्यसलाई भने — अब तैँले शुगा बेच्न ल्याउँदा जीवित नै लिएर आउनू म मृतशुगाको भन्दा डबल पैसा दिनेछु। व्याधाले त्यस्तै गऱ्यो। ती सज्जनले व्याधासंग शुगाहरू किनी पढाउन शुरू गरे। व्याधा बनमा आउँछ र हामीहरूलाई समात्नको लागि धान छरी पाशो थाप्दछ, अब हामीहरू त्यो धान खाने छैनौं। यस्तो पढ्न जाने पछि ती सज्जनले शुगाहरूलाई छोडी दिए। बनमा गएर शुगा आफू-हरूलाई सज्जनले पठाएको कुरा भन्दा जो जति बनमा अरू शुगा थिए तिनीहरूले पनि जाने।

एक दिन व्याधा बनमा शुगाहरूलाई समात्न भनी धान र जाल लिएर गयो। सबै शुगाहरूले व्याधा बनमा आउँछ र हामीहरू-लाई समात्नको लागि धान छरी पाशो थाप्दछ, अब हामीहरू त्यो धान खान जाने छैनौं भनेको सुन्यो। व्याधाले विचार गऱ्यो, शुगाहरू-ले धान खान न आएपछि मैले छर्नु पनि व्यर्थ नै हुनेछ। इत्यादि विचार गरी घरतिर फर्क्यो। परन्तु मार्गमा त्यसले पुनः विचार गऱ्यो कि केवल मुखले मात्र भनेका हुन् कि कामले पनि गर्ने हुन्। जे भएपनि एकपटक परीक्षा गरी हेर्नुपऱ्यो भनी पुनः फर्की धान छरी पाशो थाप्दा ती सबै शुगा धान खान आएर पाशोमा परे।

अज्ञेभ्यो ग्रन्थिनः श्रेष्ठाः ग्रन्थिभ्यो धारिणो वराः॥
धारिभ्यो ज्ञानिनः श्रेष्ठा ज्ञानिभ्यो व्यवसायिनः॥

(मनुस्मृति)

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

n Public Domain. Digitization by eGangotri.Fundin

नपढ्ने भन्दा पढ्ने श्रेष्ठ, पढ्ने भन्दा पढेको कुरा संझिने श्रेष्ठ, सम्झिराख्ने भन्दा कुराको अभिप्रायलाई सम्झिने ज्ञानी श्रेष्ठ, ज्ञानी भन्दा पनि त्यो श्रेष्ठ हो जसले आफूले जानेको कुरा अनुसार आचरण गर्दछ।

शुगाका वचनलाई ध्यानमा राखी हामीले एकपल्ट आफूतिर फर्केर हेर्नु अत्यावश्यक परेको जस्तो देखिन्छ। हाम्रा उपदेश हामीमा चरितार्थ छन् कि छैनन्? रामतीर्थको जन्म तुलसीदासजीको कुलमा भएको थियो। रामतीर्थ फारसी भाषाका पण्डित थिए। कसैले भनिदियो-- तिमी तुलसीदासको कुलमा जन्मेका छौ तर संस्कृत जान्दैनौ कस्तो लाजमर्नु? रामतीर्थलाई यो कुरा हृदयमा गड्यो। उनी भन्दछन्- अहो मैले कुल परंपराको घात गरेछु। कुल-स्मृतिको यो कत्रो सामर्थ्य छ। यसबाट प्रेरित भएर उनी संस्कृतको अध्ययनमा लागे।

हाम्रो जन्म पनि ऋषि-मुनिको कुलमा भएको छ। तप र विद्या यी दुइथोकले उनीहरू पूर्ण थिए। तप र विद्या हामी आर्यजातिको पैतृक सम्पत्ति हो। हामीमा यी दुइथोक छैनन् भने त हाम्रो जन्म र कुलधर्मलाई अवश्य घात गर्‍यौं।

तपो विद्या च विप्राणां निःश्रेयसकरे उभे।
त एव दुर्विनीतस्य कल्पेते कर्तुरन्यथा॥

भा· ६।४।७०

यसमा सन्देह छैन कि ब्राह्मणहरूको लागि तपस्या र विद्या परम कल्याणको साधन हो। परन्तु यदि ब्राह्मण उद्दण्ड र अन्यायी हुन गए भने ती दुवै उल्टा फल दिन लाग्दछन्।

तपस्या र विद्या (ज्ञान) दुवैका सम्बन्धले मात्र मनुष्य आफ्ना अभीष्ट वस्तु मोक्षलाई प्राप्त गर्न समर्थ हुन्छन्। तप र विद्या भनेको

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

एक रथको दुइ पांग्रा हुन्, अर्थात् पक्षीको दुइ पखेटा हुन्। (एकचक्रो रथो यद्वदेकपक्षो यथा खगः) एउटा मात्र पाङ्ग्रो भएको रथ र एउटा मात्र पखेटा भएको पक्षी हुनु नहुनुमा कुनै अन्तर छैन। त्यस्तै तपस्याले रहित भएको र विद्याले रहित भएको तपस्या पनि त्यस्तै नै हो। केवल मुखपण्डितबाट न आफूलाई सुख-शान्ति हुन्छ न त अरूमा नै कुनै असर पर्दछ अतः सबैलाई तपोबलले सम्पन्न गराऊन् भन्ने परमात्मा संग प्रार्थना गर्दै यो लेख समाप्त गर्दछु।

हरिः ॐ तत्सत्

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः।

—★—

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

दिव्य-दृष्टि

मूल-लेखक— नारायणशास्त्रि खिस्ते

अनु. प्राचार्य रामनाथ आचार्य

(संस्कृतको अनुवाद)

नास्तिक ललितको र आस्तिक मेघश्यामको संवाद यस "दिव्य दृष्टि"मा प्रदर्शित गरिएको छ।

मेघश्याम— "होला कुनै पाखण्डी यस्ता धेरै धूर्त द्रव्य उपार्जन गर्न साधुवेष धारण गर्दछन् र लोकलाई ठग्दै यता उता घुंदछन्" उनको पाखण्डितामा सन्देह पैदा न गराउने यो एक विशेषता छ उनी कसैबाट द्रव्य लिँदैनन् धेरै के अनु द्रव्य छुँदै छुँदैनन् खालि उदर भरणपर्याप्त भएको भोज्य वस्तु लिन्छन् ती वस्तु पनि सञ्चित राख्तैनन्? बरु भोज्य वस्तु भिक्षुकहरूलाई बाँडिदिन्छन्।

ललित— उनको भनाइ के हो? उनी आफूमा कुन विशेष गुण प्रकट गर्छन्?

मेघ— कुनै पनि होइन, उनी आफ्नो कुनै पनि वैशिष्ट्य भन्दैनन् तापनि भविष्यद्वक्ता त्रिकालदर्शी सिद्ध हुन्, लोकको मनमा रहेको सबै कुरा जान्न सक्छन्। असाध्य रोगहरू पनि उनको करस्पर्शले नै तुरुन्त नाश हुन्छन्। उनी जसलाई वरदान दिन्छन् "त्यो अवश्य पूर्ण हुन्छ"।

"उनका यी गुण कसले परीक्षा गरेको छ?"

"ती असंख्य सज्जनहरूले जसले उनलाइ घेरेर शयौं प्रश्न सोध्छन्, अनेकन् आफ्नो मनोरथ उनको अगाडि प्रकट गर्दछन्।"

"उनी कसैसित ज्यादा बोल्दैनन्। दुनियाँको अगाडि आफ्नो विशेषता देखाउँदैनन्। कुनै उनका भक्तले गङ्गाको तीरमा यौटा कुटी बनाई दिएको छ, त्यहाँ नै उनी हरवखत वस्तछन्। खाली बेहान आठ-

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

बजेदेखि एघार बजेसम्म ३ घण्टा मात्र लोकलाई दर्शन दिन्छन् । त्यति समयमा नै जसले जे सोध्यो त्यसको उत्तर दिन्छन्" ।

अपराह्णको समय थियो म (ललित) मित्र मेघश्यामको बैठकको ठूलो बेतको कुर्सीमा आधाकोल्टो परेर बसेको थिएँ । मेरो नजीकको बगैंचाको झ्याल उघारिएको थियो फोहराको जलकणालिएर एवं सुगन्धि फूलमा ठक्करलागेर आएको मन्द पवनले मेरो मन आनन्दित गरेको थियो । बैठकमा हामी दुइजना मात्र बसेका थियौं ।

मैले भनें मित्र ! मेघश्याम ! तिमी सरल (सोझो) छौ, यी ठगहरूलाई जान्दैनौ । यो यिनीहरूको ठग्याइँको चातुर्य हो, त्यो वञ्चक (ठग) कुनै उपायले दुनियाँको मनको भाव जानेर तिनीहरूको अगाडि आफ्नो त्रिकाल (भूत भविष्यत् वर्तमान) दर्शिताको नाटक देखाउँछ । जो यस प्रकार छ– लोकलाई वरदान दिन्छ रोगीहरूको रोग हटाइ दिन्छ । त्यसकारण श्रद्धाले जड भएकाहरूको धेरै विश्वास मात्र हो । ठूलो विश्वासले दुःसाध्य रोगहरू पनि हट्तछन् । ज्यादै ठूलो मनोरथ पनि विश्वासमात्रले पूर्ण हुन्छ । यदि त्यसमा वास्तविक कुनै लोकोत्तर (अपूर्व) शक्ति हुँदो होत दुनियाँमा कहिले पनि आएर निवास गर्दो होइन त्यसको त वन नै समुचित स्थान थियो । जहाँ मानिसको गन्ध पनि हुँदैन ।

मेघश्यामले भन्यो— एक दिन कसैले उनीसित सोधे भगवन् शान्तिमय भएको आफ्नो एकान्त स्थानलाई छोडेर यो दुनियाँ बस्ने स्थानमा किन आउनु भयो ? ती महात्मा ता गम्भीर आकृति भए ता-पनि प्रसन्न मुख देखिन्थे । रिसले उनको आकृतिमा विकृति आजसम्म कसैले देखेको छैन प्रश्न गर्नेहरू भने अनेक बाङ्गाटिङ्गा प्रश्न गर्दछन् तर ती महात्माको मुखमा ती अनुचित प्रश्नहरूले अलिकति पनि

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

विकराल रेखा देखिँदैन त्यस्तो समयमा ती केवल चुपलाग्छन् केही पनि जवाफ दिंदैनन्। यो दुनियाँ बस्ने स्थानमा आगमनको कारण सोध्ने सज्जनलाई यस्तो उत्तर दिए-वत्स! तिमोहरूको इच्छा शक्तिले नै मलाई प्रेरणा गरेको हो त्यसैको वशमा परेर नै म यहाँ आएको छु। मैले चित्तमा विचार गरें कि-यो पवित्र कार्तिक मासमा गङ्गास्नान गर्न काशीमा गङ्गातीरमा वास गर्दछु। कार्तिकमास व्यतीत भए पछि यो स्थान छोडेर अन्यत्र जानुपर्ला भन्ने मेरो विचार छ।

बडो उत्कण्ठासित मैले सोधें— तिमीले यो सबै कसरी थाहा पायौ? के तिमीले चिनेको कुनै सज्जन तिनको नजीकमा गएको थियो? मेघश्यामले भन्यो— होइन, चिनेको मानिस कोही पनि गएको थिएन। म आफैँ नै त्यहाँ गएको थिएँ। दुनियाँमा उनको प्रशंसावाद सुनेर आफैँ पनि उनको दर्शन गर्न जाने विचार गरें। जब म त्यहाँ गएँ त्यसबखत ती महात्मा उठ्नलाग्नु भएको थियो, प्रणाम गरेर बस्न लागेको मलाई वहाँले भन्नु भयो—' बाबु के इच्छा गर्छौ ?'' मैले भने - खालि हजुरको दर्शन। महात्माले भन्नु भयो, ''होइन खाली दर्शनको अभिलाषाले आएका होइनौ, अरू पनि तिम्रो मनमा केही छ" फेरि मैले भने— भगवन्! म यो सोध्न चाहन्छु जो कि प्रातः कालदेखि बाहेक अरू समयमा पनि यहाँको दर्शन सम्भव छ वा छैन ?। मेरा दुई तीन प्रश्न सोध्नु छन्। महात्माले भन्नु भयो — "अहिले ता म बस्न सक्तिन, समय बित्न लागिरहेछ, नियमानुसार ता कालान्तरमा कसैको पनि कुनै पनि प्रश्नको प्रत्युत्तर म दिन्न जवाफ सवालको ता के कुरा। त्यसबखत कुटीबाट बाहिर पनि आउन्न। तैपनि केही सोध्न तिमीलाई ठूलो इच्छा छ भने आज साँझको समयमा आऊ। किनभने चाँडै नै यो स्थान म छोड्ने छु" यो सुनेर मनमनै खुशी हुँदै त्याहाँबाट फर्के। विस्मयका साथ मनमा विचार गरें— किन महात्माले मेरो निम्ति आफ्नो नियममा यस्तो परिवर्तन गर्नुभएको होला।

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

(ललित)-मैले सोधें— के आज साँझ तिमी त्यही महात्माको दर्शन गर्न जान्छौ ?

मेघश्यामले भन्यो—"हो म ता जान्छु नै, तिमीले पनि मसंग अवश्य आउनुपर्छ। तिमी यस्ता विषयमा विश्वास गर्दैनौ। सबैलाई नै मिथ्यावादी पाखण्डी भन्दछौ। सबैमा तिमी चिताउँछौ कि यो द्रव्योपार्जनको लागि लोकलाई ठग्दछ। यो तिम्रो भ्रान्तिलाई हटाउन यो मेरो उद्योग हो। ती महात्माको सिद्धिको चमत्कार अनुभव गरेर निश्चय म विश्वास गर्दछु, ती निश्चय त्रिकालदर्शी सिद्ध महात्मा हुन्। थोरै यस्ता सत्पुरुषहरू कहिलेकाहि नै शहरमा आउँछन् तिनको दर्शन गरेर तिमीलाई पनि ज्ञान होला कि आजसम्म पनि यस धरातलमा सिद्धहरू रहेछन। यस्ता सिद्धहरू ज्यादै थोरै नै छन् सौभाग्यले नै त्यस्ताहरूको पवित्र दर्शन पाइन्छ"

(ललित) मैले खित्का छोडेर भनें–मेघश्याम ! तिमी ज्यादै सरल-स्वभावका र मूर्ख पनि छौ. तिमी जस्ता सरल-प्रकृति सबैमा विश्वास गर्ने मानिस यो ठग्ने संसारमा मैले विरलै देखेको छु। आखिरमा गएर मेरा मित्र मण्डलीमा तिमी नै यौटा त्यस्ता छौ जो यस्ता विषयमा तुरुन्तै विश्वास गर्दछौ। कहां साधु कहां महात्मा ? सबै यो धूर्तहरूको युक्ति हो। लोकको चित्तमा त्यो आफ्नो विषयमा विश्वास गराउन प्रयत्न गर्दछ। यदि म त्यसको अगाडि गएँ भने त्यसको पाखण्डीपना उघारिदिनेछु। यदि यसले ती महात्माको चित्तमा अर्कै किसिमको भाव नहोला र तिमी उल्टो भावना पनि नगरौला। भन यो स्वीकार छ ?।

मेघश्यामले गम्भीर मुद्राले भन्यो – हुन्छ यो स्वीकार छ. तिमी यथेच्छ महात्माको अगाडि प्रश्नहरू सोध्न सक्तछौ, जसरी इच्छा गर्छौ त्यसरी परीक्षा गर. तर सभ्यतालाई उल्लङ्घन नगरी प्रश्नहरू गर। चित्तलाई संयम राखी सज्जनोचित नै तिनको अगाडि व्यवहार गर्नु।

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

आखिरमा गएर बाहिर तिमीले महात्माको विषयमा आदर नै देखाउनु पर्छ। म पक्का विश्वास गर्दछु कि ती महात्माले तिम्रो प्रश्नको यथार्थ उत्तर दिने छन्। तर तिमीले यहाँ एक प्रतिज्ञा गर्नु पर्दछ"।

मैले भने "कस्तो प्रतिज्ञा ?"

उनले भने – यही नै, यदि ती महात्माले तिम्रो प्रश्नको यथार्थ उत्तर दिए भने तिमीले पनि त्यस पछि त्यस्ता महात्माको परिहास गर्ने काम छोड्नुपर्छ। सबै इन्द्रियले देख्न नसकिने सबै वस्तुको साक्षात्कार गर्नेहरूलाई "यी ठग हुन्" भनी निन्दा गर्ने बानी छोड्नुपर्छ सर्वथा यो खराब अभ्यास तिमीले छोड्नैपर्छ यस्ता विषयमा जो मेरो परिहास तिरस्कार गर्छौ त्यो पनि त्यसपछि छोड्नैपर्छ।

मैले भने— हुन्छ स्वीकार गर्छु र प्रतिज्ञा पनि गर्छु। तर म त्यत्तै नै प्रश्न गर्नेछु जसको उत्तर त्यो बनावटि सिद्धले यथार्थ दिन सक्ने छैन अर्को कुरा तिनले जो उत्तर देलान् त्यो लेखेर तिमी कहां नै सुरक्षित राख्नेछु, जसले उचित समयमा त्यसको झूठा प्रमाण सिद्ध होला। यदि ती महात्मानामधारीको उत्तर असत्य प्रमाणित गर्न सकियो भने त्यहाँदेखि यस्ता ठगहरूको संगति र विश्वास पनि तिमीले त्याग गर्नु पर्छ। त्यसोभए यो पक्का भयो। भन आज साँझ कहिले तिनको नगीच जाने ?।

मेघश्यामले भने— साँझ ७ बजे यहाँ नै आऊ। हामीदुइ संग-संगै जाऔंला। त्यसबखत गङ्गातटमा कोहीपनि आउँदैन। महात्माको कुटीमा कोही मानिस हुने छैनन्। हामीदुइ एकान्तमा तिनीसंग यथेच्छ भन्न सक्नेछौं

२

म काशीमा नै बस्छु। मेरा पिताको ठूलो कपडाको पसल छ त्यसबाट प्राप्त भएको आम्दानीले हामीहरूको गार्हस्थ्य सुखैसित

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

चल्दछ । म जान्दिन मेरा पिताले कुन कारणले आफ्नो वंशको व्यव-साय मलाइ सिकाउनु भएन। पिताजीका मित्रहरूले आग्रह पूर्वक अनुरोध गर्दा पनि पिताजीले तिनीहरूको वचनमा कानै नदिई ठूलो आग्रहले मलाई आङ्ग्लविद्या नै पढाउनु भयो। मैले काशी विश्वविद्या-लयमा पढेर एम्. एस्. सी. परीक्षा पास गरें। पछि त्यहाँ रहेको इञ्जिनियर कालेजमा पाँच वर्ष पढेर त्यो स्थापत्यविद्या पनि मैले सिकें। त्यहाँ पछि पिताजीको प्रयत्नले र केही मान्यजनहरूको अनुरोधले पनि कानपुरको प्रसिद्ध वस्त्रमिलमा ५००। शय मासिक वेतनमा मेरो नियुक्ति भयो। अंग्रेजी विद्याध्ययनको प्रभावले र काशी विश्वविद्या-लयको स्वतन्त्र वायुमण्डलमा विहार गर्नाले पनि घोर नास्तिक मतावलम्बी भएको थिएँ। चार्वाकका उपर पनि मेरो नास्तिकता थियो, नास्तिकतामा चार्वाकलाई पनि जित्ने भएको थिएँ। सधैं धर्म कर्म गर्ने विधिनिषेध पालना गर्ने, काशीका शास्त्रिहरूलाई दीनतामा डुबेको देखेर धर्म कर्ममा श्रद्धा नभएका यथेच्छाचरण गर्ने म जस्ताहरूको दिनदिनै उन्नति भएको देखेर मेरो नास्तिकता विचारको जग खूब मजबूत भयो। वर्णाश्रमव्यवस्था, स्पृश्यास्पृश्य विचार, धर्म, ईश्वर, वेद र शास्त्रहरूलाई सर्वथा पाखण्ड नै हुन् भन्ने विचार गरें। इन्द्रियतृप्ति नै मेरो मतमा मुख्य धर्म थियो। मेरी माताको प्रबल यो इच्छा थियो कि— मेरो विवाह शीघ्र संपन्नहोस्। मैले ता यथाशक्य यो बन्धनबाट टाढै बस्न प्रयत्न गरें। धेरै स्थानमा मेरो विवाहवार्ता चल्यो तैपनि त्यसले (विवाहवार्ता) मेरो दुराग्रहले र दोष प्रकटगर्ने कुशलताले पनि स्थान पाएन विवाहवार्ता सफल भएन। अहिले एक महिनाको अवकाश पाएर म कानपुरबाट काशीमा जब आएँ तब मेरी माताले मलाई स्पष्टै भन्नु भयो – ललित! यस पटकमा तेरो विवाह गर्नैपर्छ, तेरो कुनै पनि छलकपटले विवाहकार्य रोक्न सक्ने छैन। कानपुरमा तँ बस्न इच्छा गर्दछस् भने विवाह गरेकी तेरी भार्या पनि तसंगै जाने छ। माताको आग्रह वचनले मलाई थाहा भयो कि खालि

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

आमाको मात्र आग्रह होइन अपितु पिताको पनि यसमा भित्री सहायता रहेछ। मेरो धेरैपटक गरेको विवाह संबन्धि उद्योगले पिताजीको चित्तमा धेरै असन्तोषले पयर जमाएको मैले देखें। हुन ता यो विषय पिताजोले बाहिर स्पष्ट प्रकाश गर्नु भएको थिएन। मैले पनि चित्तमा विचार गरें— अब मेरो दुराग्रह राम्रो हुने छैन। आमाको अगाडि भनें— आमा! यदि बुहारीको मुखहेर्न तपाईंको यतिको प्रबल इच्छा छ भने मेरो पनि शिरोपर छ।

तदनन्तर मेरो विवाह प्रवन्ध स्पष्टसित शीघ्र शुरू हुन लाग्यो। छिटो गर्नाको कारण यो थियो कि ज्योतिषिहरूले भनेका थिए यदि विवाह गर्नु नै छ भने यहीमासमा हुनुपर्छ। यो महीना वितेपछि एक वर्षसम्म विवाहको मुहूर्त पाइँदैन। अर्को साल यही महिनामा मात्र विवाहको मुहूर्त पाइन्छ। मेरी आमालाई यति समयसम्मको विलम्ब असह्य थियो। पिताजी ता काशीमा प्रसिद्ध वस्त्रको व्यापारी, धनी; म पनि सुशिक्षित पाँचशय मासिक वेतनपाउने युवा सुन्दर पनि थिएँ। यसकारण मेरो विवाह प्रबन्धमा केही पनि प्रतिबन्ध र विलम्बको कारण थिएन। धेरै ठाउँमा विचार र परीक्षा गरेर तीन कन्या मेरा निमित्त विचार गर्न प्रस्ताव राखियो जन्मपत्रिका (चिह्ना) ल्याइयो। तीनै कन्या पढेका सुशील र सुन्दरी पनि थिए। कोसंग विवाह निश्चय गर्ने भन्ने कुरा ज्योतिषिको हातमा थियो, विवाह सामग्री छिटो छिटो ल्याउन थालिए। म नवशिक्षित र स्वतन्त्र प्रकृतिको थिएँ भन्ने हेतुले आमाले तीनोटी ती कुमारीको तसवीर ल्य उन लगाए र मेरो अगाडी राखिदिनु भयो। मैले ता वनावटी लज्जा त्याग गरेर तिनीहरूमा कोसंग विवाह गर्ने भन्ने निश्चय गर्ने इच्छा गर्दा पनि निश्चय गर्न सकिन। किनभने तिनीहरूमा एउटी पनि कुरूपा थिइन। यदि एउटीको बिम्बफल जस्तो अधरोष्ठले मेरो मन लोभाउँछ भने अर्कीको तिलपुष्प जस्तो (तिल्के) नासिकाले चित्तमा गाडेको जस्तो देखिन्छ। अर्कीको खञ्जन पक्षीको जस्तो राम्रो भावपूर्ण नयनले मलाई अन्यत्र

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

ज्ञान दिँदैन । यही अनिश्चयरूपी भमरीमा परेको मैले विचार गरें के गर्ने ? तीनौटैले आफ्ना आफ्ना विशेषगुणले मलाई लोभाउँछन् । कुन् कसौटीमा यिनीहरूको परीक्षा गरेर विवाहगर्ने निश्चय गरूँ ।

यही अवसरमा यसरी चिन्ताले आकुल भएको मलाई मेरा मित्र मेघश्यामले ती त्रिकालदर्शी महात्माको वृत्तान्त भनेका थिए। जुन् महात्मा कार्तिकमा गङ्गास्नान पुण्य उपार्जनको लागि काशीमा निर्जन गङ्गातिरमा कुटी बनाएर वसेका थिए। मैले मेघश्यामसंग महात्माको नगीचजान प्रतिज्ञा गरेको थिएँ । विचार गरें-कुन त्यस्तो प्रश्न महात्माको अगाडि राखौं जसले ती महात्मानामधारण गर्नेको सबै विद्वत्ता र त्रिकालदर्शिता पनि प्रकट होला। तिनको पाखण्डपना पनि प्रकट गर्न सकिएला। यदि मैले त्यो मृषावादी पाखण्डी भन्ने प्रमाणित गर्न सकिन भने आफ्नो नाम पनि परिवर्तन गर्नेछु।

३

साँझ ७ वज्नु भन्दा पनि पहिले म मेघश्यामको वैठक घरमा पुगें। उनी पनि तयार भएर वसेका थिए। मलाई देख्ने वित्तिकै भने—मित्र ! के तिमी आयौ ? त्यस्तो प्रश्न विचार गऱ्यौ ? जो महात्माका अगाडि सोध्नुपर्छ।

मैले उत्तर दिएँ, निश्चय नै मैले सोध्ने प्रश्न विचार गरें। तर त्यो तिमीलाई अहिले म भन्न चाहन्न। महात्माको अगाडि नै सुनौला। अनि हामी दुई गङ्गाकिनारतिर गयौं जहाँ महात्माको कुटी थियो। साँझमा वहन लागेको चीसो हावाले हामीदुइको हात पाउ लाटो तुल्यायो। भगवान् सूर्य रहंदा कहीं लुकेर वसेका दोषाकर (चन्द्रमा) अस्त एको देखेर अहिले आफ्नो पछाडि लग्ने तारागणका साथ गगनमण्डलमा विराजमान देखिन्थे। पतितपावनी जाह्नवी मन्दगतिले वहँदी दर्शन गर्ने मानिसहरूको नेत्रलाई र मनलाई शीतल

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

गराउँथिन्। मैले ता मनमा यस्तो विचार गरें – हेर, यी महात्मा प्रचण्ड चीसो समयमा गङ्गातीरमा वस्तछन् शीत हटाउन पर्याप्त कम्बलहरू पनि तिनको नगीचमा अवश्य होओइन। के यिनलाई चीसोले बाधा गर्दैन ?। यसरी कि त यिनले यस्तो खुला, ज्यादै चीसो स्थान आफू बस्नाको लागि बनाएको होला ?। कदाचित् यो यिनको आग्रह होला कि यस्तो आचरणले लोकमा आफ्नो चीसो तातो सहनशीलता र निःसङ्गताको प्रसिद्धि होला।

कुटीको नजीक गएर हामीदुइ चुपचाप बस्यौं। कुटीको दुइतिर पनि कोही थिएन। सबैतिर शान्तमय देखिन्थ्यो। जहाँ दिनमा मानिसहरूको घुइँचो हुन्छ त्यहाँ अहिले सर्वथा निर्जनता देखेर म केही आश्चर्यान्वित भएँ। तर त्यसै बखत मैले सम्झें कि साँझमा महात्मा कसैसित भेट्तैनन् न त केही बोल्दछन्, सबै महात्माको यो नियम जान्दछन्, यसै कारणले अहिले कोही पनि देखिंदैन। यस्तो समयमा पनि हामीदुइसित कुरा गर्न अवकाश दिनु र दर्शन दिन अनुमति दिनु पनि अवश्य हामीदुइमाथि महात्माको विशेष अनुग्रह नै हो।

पुरानु दुइ फलेक् माथितिर मुख राखेर कुटी बनाउन लगाउनेले कुटीमा सामान्य एक प्रवेशद्वार बनाउन लगाएको थियो। कदाचित् चीसो हावाको र कुकुर बिरालोको प्रवेश रोक्नाको लागि ढोका बनाएको होला। मेघश्यामले त्यसै बखत ढोका घच्घच्याएर भन्यो–"भगवन् हामीदुइ उपस्थित भएकाछौं।" कदाचित् ती महात्मा त्यस समय केही काम गर्दैनथे वा हाम्रो प्रतीक्षा गरिरहेका थिए। तुरुन्त उत्तर आयो "हे बाबु आओ भित्र आओ।"

ढोका खोले र हामीदुइ भित्र पस्यौं। ढोका पहिलेको जस्तै लगायौं। मेघश्यामले भक्तिपूर्वक प्रणाम गऱ्यो। मैले ता मेघश्यामको मन खुशी तुल्याउन उसको अनुकरण गरें। हात उठाई शुभाशीर्वाद

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:
द. १ - ६५ ८

दिई महात्माले कुटीको कुनामा रहेको आसन देखाउनु भयो। हामी-दुइ त्यसमा वस्यौं। मैले सामान्य दृष्टिले त्यो कुटीलाई एक पटक हेरें। त्यो कुटी छिटो छिटो बनाएको जस्तो देखिन्थ्यो तैपनि सुन्दर देखिन्थ्यो आनन्ददायक थियो। त्यसमा ५।६ जना सुखैसित वस्न सक्दथे। तृणको छाना पूर्वतिर यौटा भयाल त्यसैको नगीचमा महात्माको आसन थियो। अगाडि अग्निकुण्ड दाहिनेतिर काठको त्रिपाई त्यसकोमाथि वासाले बाँधेको कुनै पुस्तक थियो। मैले परीक्षा गर्ने दृष्टिले महात्माको आकृति हेरें। ६० वर्ष भन्दा अधिक उमेर जस्तो लाग्यो। कपाल सबै फुलेका थिए। लामो सेतो दाह्री बहुतै राम्रो देखिन्थ्यो। आकार गम्भीर र शान्त थियो। सांसारिक सुख दुःख नभएको आकृतिमा देखिन्थ्यो। आँखा बिजुली जस्तो तेजिलो देखिन्थ्यो। जसले एकक्षण म चित्रित भएँ र विचार पनि गरें। यी दुइ आँखा जसमाथि पर्ला त्यसका भित्र रहेको गुप्तातिगुप्त रहस्य पनि अवश्य थाहा पाउने छन्।

मेरो ता विशेष विचार गर्ने अवसरै आएन। आसनमा वसेको मलाइ देखेर ती महात्माले मेघश्यामलाइ तुरुन्तै भन्नु भयो— बाबु! तिमीसित आएका यी सज्जन को हुन्? किन यहाँ आएका हुन्?।

मेघश्यामले उत्तर दिए— भगवन्! यी मेरा मित्र ललितकुमार हुन्। कुराकानी गर्दा यहाँको नाम-धाम सुनेर दर्शनार्थ यी यहाँ आएका हुन्।

मैले पनि प्रणाम गरेर भनें— चाँडै नै हजुर यताबाट प्रस्थान गर्नु हुनेछ भन्ने सुनें। यसैले हजुरको दर्शनले आफ्नो आँखालाई सफल पार्न म पनि उपस्थित भएको हुँ।

मैले यी शब्दहरू महात्माको विषयमा आदर देखाउन तिनको चित्तमा मेरो विषयमा कुनै पनि विपरीत भावना नहोस् भनेर नम्र-

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

सित उच्चारण गरेको थिएँ। तर मैले देखें-यी मेरा चाटु-वचनले महात्मा प्रसन्न भएनन्। उनी पहिलेकै जस्तो गम्भीराकृति र शान्त देखिन्थे। उनले भने – तपाईंहरू जस्ता विद्वानहरूको यो अनुग्रह यो जो मेरो कुटी पवित्र गरिन्छ। भन्नुहोस्-तपाईंहरूको कुन सेवा मैले गर्न सकिन्छ (म गर्न सक्छु)।

कदाचित् हामी आउनाले महात्मालाई प्रसन्नता भएन होला। सम्भव छ-उनी चाँडै नै केही कुरा गरेर हामीलाई विदा दिन इच्छा गर्दा हुन्। व्यर्थको वाक् आडम्वर उनलाई प्रिय लाग्दैन थियो। प्रायः संसारदेखि विरक्तिएका साधुहरूको यस्तै स्वभाव हुन्छ। मैले पनि विचार गरें-यस्तो हो भने व्यर्थको चाटुवचनले के लाभ ! आफ्नो प्रयोजन सिद्ध तुल्याउनुपर्छ। यही नै यहाँ परीक्षा गर्नुछ के यिनी वास्तविक महात्मा हुन् अथवा गेरुवा वस्त्र लगाएका पाखण्डी हुन, वस्तु स्वरूप परीक्षा गरेर यहाँबाट हिड्नु पर्ला व्यर्थ किन कालक्षेप गर्नू !।

साष्टाङ्ग प्रणाम गरेर मैले भनें भगवन् ? म आउनाको कारण अत्यन्त क्षुद्र र स्वार्थमय छ। मैले सुनेको छु कि तपाईंले यहाँ आउनु भएदेखि धेरै भाग्यमानीहरूको इच्छा पूरा गरिदिनु भयो, कठिन शङ्काको पनि समाधान गरिदिनु भयो। मेरो पनि मनमा लोभ उत्पन्न भयो कि म पनि महात्माको अगाडि गएर आफ्नो पछि हुने भाग्यको विषय भन्न २।३ प्रश्न सोधूँ र त्यसको उत्तर पाउँला नै, यदि दया गरेर अनुमति हजुरबाट पाइन्छ भने।

महात्माको वदनमा न त प्रसन्नता न त विरक्ति नै देखिन्थ्यो। महात्माले निर्विकार आकारले भन्नु भयो— वाबु तिमीले जो भन्यौ 'मैले धेरैको इच्छापूर्ण गरिदिएँ' त्यो सबै मिथ्या नै हो। म आफूमा कुनै त्यस्तो अलौकिक सामर्थ्य देख्तिन, जसले लोकको कष्ट हटाउन र इच्छापूर्ण गर्न समर्थ हुन सकौंला, मता आपत्तिले ग्रस्त भएका लोकलाई देखेर अत्यन्त उत्पीडित हुन्छु खालि जगन्नीयन्ता परमात्मासित

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रार्थना गर्दछु कि-हे दयासागर! भगवन! हरे! दुःखीहरूको दुःख चाँडै हरिदिनुहोस्। मेरो त्यो प्रार्थना स्वीकृत होस् अथवा नहोस्, दुःखी हरूको दुःख हटोस् वा न हटोस्, यो सत्रै म चिन्तना गर्दिन। यस्तो चिन्तन गर्नु अनधिकार चेष्टा हो भन्ने मेरो मत छ। जो भविष्यत् अर्थको विषयलाई प्रकाश गर्ने उद्देश्य लिएर तिमीले भन्यौ त्यसमा पनि केवल त्यस्तो विषय जान्नाको लागि प्रयत्न गर्नु नै मेरो अधीन हो। यति नै यहाँ फरक छ। तपाईंहरू जस्ता सांसारिक स्थितिको अपेक्षा मेरो स्थितिमा केही विशेषता छ। महात्मा भन्दा भन्दै केही क्षण चुपलाग्नु भयो। हामी दुई उनको कथन सावधानसित सुन्दछौं वा सुन्दैनौं भन्ने जान्नलाई नै उनले त्यसो गरेको होला। मैले कर्के आँखाले मेघश्यामलाई हेरें, ऊ महात्माको वचन एकाग्रचित्तले सुनिराखेको रहेछ। मैले पनि महात्माको वचन सुन्नमा एकाग्रताको अभिनय गरें।

फेरि महात्माले भन्नु भयो– हेर यो विषय व्यापक छ तैपनि म परिमित शब्दले नै आफ्नो अभिप्राय भन्दछु, ज्यादा विस्तार गर्न मेरो समय छैन साथै तपाईंहरूको पनि। यो संसार दुःखसागर भनिन्छ-तिनीहरूका निमित्त जो त्यसमा आसक्त हुन्छन्। अनेक इच्छा, भावना, मोहबाट पैदा भएको स्वार्थ र लालसाको युद्ध स्थल नै संसार हो। सबै परस्पर आफ्नो आकाङ्क्षा पूरा गर्न प्रयत्न गर्दछन्। सबै चाहन्छन् कि अमुक वस्तु म पाऊँ, मेरो यो स्वार्थ पूरा होस्, त्याहाँ पनि अरूको कति अनिष्ठ हुन्छ भन्ने कोही पनि विचार गर्दैन। यसै कारण परस्पर इच्छाको र वासनाको धेरै संघर्ष हुन्छ, जुन दुःखको निदान हुन्छ। काम क्रोध लोभ र मोह स्वरूप पर्दाले सबैको नेत्र शक्तिलाई ढाकिदिन्छ। यसै हेतु प्रायः सबै जानेर पनि शान्त चित्तले र स्वार्थहीन भएको हृदयले कुनै विषयको विवेचनमा पनि असमर्थ हुन्छ। यही हेतुले भविष्यको वास्तविकरूप सांसारिक मानिसले थाहा पाउन सक्तैन। जो कोही केही थाहा पाउँछ भने त्यो पनि झूटोलाई नै सत्य ठान्दछ। यदि सांसारिक मनुष्यहरूमा कुनै मानिस निरपेक्ष दृष्टिले

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

विवेकयुक्त हृदयले, गम्भीर चित्तले वासनालाई फ्यांकेर निःस्वार्थ मनले भविष्यत् अर्थको अन्वेषण (खोजी) गर्न प्रयत्न गर्दछ भने त्यसको भविष्यत् अर्थको ज्ञानमा केही पनि प्रतिबन्धक देख्तिन. अवश्य त्यस्ताले भविष्यत् अर्थको ज्ञान गर्न सक्तछ । सांसारिक जनको अपेक्षाले सर्वथा संसार त्याग गर्ने हामी जस्ता साधुको स्थिति विपरीत नै हुन्छ । हामी-हरूलाई कसैको शुभ वा अशुभले केही मतलब हुँदैन. कसैको हर्ष र विपत्ले हामीलाई सुख र दुःखको सम्भव हुँदैन । संसारमा हाम्रो केही इच्छा हुँदैन, नत कुनै वस्तुमा लालसा हुन्छ, हामीहरू कसैमा पनि आसक्त भएका छैनौं. हाम्रो विचारमा केही पनि मालिन्य हुँदैन, यस कारण हामीहरू भविष्यत् अर्थको वास्तविक रूप देख्न समर्थ हुन्छौं"। यदि तपाईंहरूमा र हामीहरूमा केही फरक छ भने त्यो यही हो। अस्तु । तपाईं भन्नु होस्—कुन पीरले तपाईंको चित्त उद्विग्न भयो, कुन भविष्य कुरा तपाईं जान्न चाहनु हुन्छ, यदि मैले भन्न सक्ने भए निश्चय भन्ने छु ।

यति भनेर महात्मा चुपलाग्नु भयो । मेघश्यामले मलाई कुनै अभिप्रायले हेर्‍यो । मैले विचार गरें -- मेरो प्रश्न कुन रूपले महात्माको अगाडि राखूँ । जसबाट मेरो प्रश्नको उत्तर दिन महात्मालाई कठिन परोस् उनको विद्वत्ता पनि प्रकट होस । यति बेरको कुरा-कानीले यो ता निश्चय भयो कि यी महात्मा विचारशील र विद्वान् पनि हुन् । यस हेतु यति जो यथार्थ भने त्यसले चित्तमा विश्वास पर्ला जस्तो भयो । विस्तार विस्तार मेरो मनमा पनि महात्माको विषयमा श्रद्धा हुन थाल्यो । महात्मालाई पाखण्डि प्रमाण गराउन, जाँच्न, उनको मिथ्यावादता समर्थन गराउन—"हाल यो कलियुगमा वास्तविक महात्मा दुर्लभ छन्" भन्ने तत्व मेघश्यामको चित्तमा विश्वास पार्न म यहाँ आएको हुँ । महात्माको वचन सुन्नाले मात्र उनमा श्रद्धा गर्नु, यतिकैले उनको महात्मपनाको समर्थन गर्नु मेरो इच्छाको र स्वार्थको विपरीत थियो ।

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

विचार गन लागेको मलाई देखेर महात्माले भने—"हेर बाबु ! म यहाँ आएको एक महिना भयो। यस बीचमा हजारौं मानिस मेरो नगीचमा आए यिनीहरूमा प्रायः प्रत्येक विभिन्न विचारका थिए। कोही सोझा मानिस सदुपदेश श्रवण गर्न, दुःखित कोही पीडित भएको आफ्नो हृदयलाई आश्वासन दिन, कोही मेरो परीक्षा गर्न नै आएका थिए। तिनीहरूमा कसैमाथि क्रोध गर्न र सन्तोष पनि देखाउन मेरो नजीकमा कुनै कारण थिएन। मैले लोकको भावना बुझ्न यावज्जीवनसम्म अभ्यास गरेको छु र दुरभिनिवेशलाई एक क्षणको सहवासले परिवर्तन गराउन सर्वथा असमर्थ छु। जो जुन रूपले आएको छ त्यो त्यही रूपले ग्रहण गर्छ। विचार गर्दा जो चित्तमा आयो त्यो त्यसलाई भनें। कसैले वास्तविक जान्ने रहेछन् भन्ने सम्झे, कसैले धूर्त पाखण्डी भन्ने सम्झे। मेरो दृष्टिमा ता ती दुवै समान छन्। यदि तिमी पनि मेरो परीक्षा गर्न आएका हौ भने स्पष्ट भन यसमा मलाई अलिकति पनि क्रोध वा वैरूप्य हुने छैन। उल्टो तिम्रो सत्यमा अनुराग देखेर अत्यन्त नै खुसी हुने छु। त्यस्तो भएमा पनि यथासम्भव म तिम्रो शङ्का समाधान गर्न प्रयत्न गर्ने छु"।

महात्माको वचन यथार्थ र हृदयमा घुस्ने थियो। महात्माले आश्वासन दिनु भयो कि कुनै अवस्थामा पनि शङ्काको समाधान हुने छ। यस्तो अवस्थामा, यसरी स्पष्ट भनेमा पनि मनको कुरा लुकाउनु वा असत्य भाषण गर्नु मलाई रूचिकर भएन। मैले विनीतभावले भनें— म यौटा कुरा जान्न चाहन्छु जोसंग मेरो भविष्य जीवनको प्रगाढ सम्बन्ध छ। यदि तपाईंले आफ्नो स्थिर विचार शक्तिद्वारा त्यस विषयमा यथार्थ उत्तर दिनु भयो भने म उपकृत हुनेछु। यो पनि म लुकाउन्न कि तपाईं मेरो प्रश्नको यथार्थ उत्तर दिन सक्नु हुन्छ वा सक्नु हुन्न यो पनि परीक्षा गर्न म चाहन्छु। आखिरमा तपाईंको भनाई अनुसार यदि फल भयो भने मलाई महात्माको त्रिकालदर्शितामा विश्वास होला। जो मेरो मनमा थियो त्यो मैले स्पष्ट भनें। यसो गर्दा मैले जो धृष्टता

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

देखाएँ त्यो तपाईंले क्षमा गर्नु हुन्यैछ ।

महात्मा मुसुमुसु हास्नु भयो – म आएदेखि पहिला नै यो मौका हो महात्माको निर्विकार वदनमा मन्दस्मित रेखा देखापरेको । महात्माले भने बाबु कपट र हित सबै मनमा भएको कुरा स्पष्ट भन्ने तिमीलाई देखेर खुसी छु । मलाई ता यो तिम्रो भनाइले ठूलो परितोष छ कि तिमीले आफ्नो मनको वास्तविक भाव लुकाएनौ । तर तिमीले यो अवश्य जान्नु पर्दछ जो मैले आफ्नो एकान्त जीवनमा मनन-निदिध्यासनहरूले यद्यपि हिरण्यगर्भ सर्गको धेरै दुर्ज्ञेय रहस्यहरू जानेको छु तैपनि सबैभन्दा माथिरहेको लीलामय परमात्माको अद्भुत लीलाको शय अंशको एक अंश पनि जान्न म समर्थ छैन । इच्छा-शक्तिको महिमाले सिद्ध महात्माहरू जो गर्न समर्थ हुन्छन् त्यो म केही अंश जान्दछु, आफू पनि समुचित अवसरमा बिराट्को इच्छा-शक्तिसंग आफ्नो संकुचित इच्छा शक्तिलाई मिलाउने चेष्टा पनि गर्छु । तैपनि यत्तिकै सामर्थ्यको कण प्राप्तिले म आफूलाई सिद्ध ठान्दिन, न त केही गरे पनि गर्व गर्दछु । तिम्रो समक्ष परीक्षा दिन पनि मेरो अधिकार छैन । भगवान्ले मनुष्यहरूको शय वर्षसम्म परमायु कल्पना गरेको छ । त्यति पनि अल्पसमयमा यदि मानव रात दिन प्रकृतिको रहस्यान्वेषणमा प्रयत्न गर्ला त त्यो रहस्यको थोरै अंश पनि थाहा पाउन नसक्ला । यसो भए पनि तिमी प्रश्न गर – तिम्रो दुई प्रश्नको उत्तर म दिने छु । यदि मेरो उद्योगले तिम्रो केही पनि भविष्य प्रयोजनको रहस्य थाहा भयो भने म अत्यन्त खुसी हुने छु ।

मैले महात्मालाई प्रणाम गरेर छोपेको वस्त्र झिकी तीनोटा तस्वीर महात्माको अगाडि राखें । भनें पनि – भगवन् ! हेर्नुहोस्, तपाईं मेरा पितृतुल्य हुनुहुन्छ, यस कारण तपाईंको अगाडि लाज मान्नु उचित छैन, न ता केही कुरा लुकाउन पनि । चाँडै नै मेरो विवाह हुने भएको छ । संभवत: १५ दिन भित्रै मुहूर्त निश्चय हुने भएको छ । तीनोटी कन्या मेरा पिताले मेरो निमित्त विचार गर्न लायक छन् भन्ने निश्चय

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

गर्नु भएको छ। ज्योतिषीहरूले अहिलेसम्म तिनीहरूमा कुन निश्चय गर्ने भन्ने कुरा भनेका छैनन्। भोलि विहान ज्योतिषीहरूले आफ्नो निश्चय भन्ने छन्। तपाईंले यी तीन तस्वीर हेरेर आफ्नो विचार भनिदिनुहोस् कि यिनीहरूमा कुन् मेरी भार्या हुने छन्। कसको जीवन सूत्र-मेरो जीवन-सूत्रसंग संलग्न भएको छ। विधाताले मेरी भार्या हुन कुन ललनालाई सृष्टि गरेको छ ?

कुटीको एक कुनामा यौटा बत्ती बलिरहेको थियो। जसको साधारण ज्योतिले कुटीको अंध्यारोलाई हटाउन चेष्टा गरिरहेको देखिन्थ्यो। मैले विस्तारै त्यो बत्ती ल्याएर महात्माको अगाडि राखें। त्यो बत्तीमा ती तस्वीरहरू सावधानसित महात्माले हेरे। मैले विचार गरें कि कदाचित् यी महात्मालाई हामी नवयुवकलाई झैं चश्मा चाहिएला तर मेरो चिन्ता निर्मूल भयो। त्यो साधारण प्रकाशमा पनि महात्माको आँखाको तेजले ती तस्वीर र त्यसको तल साना अक्षरले लेखिएका कन्याहरूको नाम स्पष्ट बाँच्न सक्यो। महात्माले एक क्षण तस्वीर हेरेर मेरो हातमा दिंदै भने 'बाबु मैले तस्वीर हेरें – थाहा पाउनु पर्ने थाहा पाएँ, बत्ती पहिलेकै स्थानमा राख"।

म पनि उत्ताउलो चित्तले बत्ती आफ्नो स्थानमा राखेर फेरि महात्माको नजिकै आएर बसें। महात्माले भने—बाबु सावधान होऊ, यी तीन कन्याका तस्वीर हुन्, जसमध्ये कोसंग तिम्रो विवाह हुने छ। यही नै तिमीले भनेको हो वा अरू केही ?।

मैले भने— भगवन् ! मैले यही भनेको हो।

मेवश्यामले मेरो यस्तो प्रश्नको गूढ अभिप्राय थाहा पाए वा पाएनन् यो म जान्दिन। बुद्धिपूर्वक नै मैले यस्तो प्रश्न राखेको थिएँ। यी कन्याहरूमा कोसंग विवाह असल होला भन्ने प्रश्न गरेको भए महात्मालाई त्यसको उत्तर दिन अति सरल हुँदोहोला—"फलानीसंग

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Fundin

तिम्रो विवाह असल छ" भनेर। परन्तु "कोसंग मेरो विवाह होला" भन्ने मैले सोधेको थिएँ। अवश्य यो प्रश्न जटिल छ। यसको उत्तर सुन्ने बित्तिकै महात्माको मृषावादिता सजिलैसँग समर्थन गर्न सकिन्छ। महात्माले आफ्नो बुद्धिरूपी कसौटीमा परीक्षा गरेर जोसंग मेरो विवाह निश्चय भन्लान्, त्योसँग विवाह नगरेर नै महात्माको सिद्धि पाखण्ड-लाई प्रकट गर्न सकिन्छ। यति भए पछि मेघश्यामले पनि महात्माको सिध्याइँमा विश्वास त्याग गर्न छ। यही नै मेरो यहाँ आउनाको कारण हो। सरल स्वभाव भएको मेघश्याम यस्ता पाखण्डीमा विश्वास गर्दछ, त्यसको त्यो विश्वास म अवश्य हटाउने छु।

मेरो प्रश्नले ता सांच्चिकै महात्मालाई संभ्रममा पार्‍यो। उनी आँखा चिम्लेर एक क्षण चुपलागे। अनि आँखा उघारेर विस्तार विस्तार उनले भने– "बाबु तिमीले चित्रमा देखाएका तीन कन्यामा एउटी पनि तिम्री भार्या हुने छैनन् भन्ने विधिले लेखेको देख्तछु"।

उत्तर सुनेर म चकित भएँ। यस्तो उत्तर मैले प्रतीक्षा गरेको थिइन। एक निमेषमा नै आफूलाई सह्माली मुसुक्क हाँसेर मैले भनें– महात्मन्! तपाईंले भन्नु भएको अभिप्राय मैले बुझिन, के तपाईं सम्झनु हुन्न जो मैले भनेको थिएँ। यिनीहरूमा एकसित १५ दिन भित्र मेरो विवाह अवश्यंभावी छ सबै विवाहका सामग्री तयार भैसकेको छ। महात्माले भने बाबु! स्पष्ट नै मैले भनिसकेको कुरा फेरि विस्तारसित भन्दछु सुन– आजदेखि एकवर्ष भित्र तिम्रो विवाहयोग देखिंदैन। न त देखाइएका कन्यामा कुनै पनि तिम्री भार्या हुनेछन्। यो निश्चय नै विधिको लेखा हो। यसको विपरीत प्रबल प्रयत्न तिमीले गरे पनि त्यो सफल हुने छैन।

कुनै पनि ठूलो पत्थर मेरो शिरमा खसेको भन्दा पनि अधिक आश्चर्य महात्माको वचन सुनेर मलाई भयो। मैले आश्चर्यसित भनें– भगवन्! के मेरो विवाह १५ दिन भित्र हुँदैन? के तपाईंले राम्ररी

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

विचार गरी यो भन्नु भएको हो ? विवाहको सामग्री जुटाउने कार्यमा मेरा धेरै कुटुम्बहरू अहिले व्यस्त छन्, जो तिनीहरूले अहिले परिश्रम गरिरहेका छन् के त्यो सबै विफल होला ?। महात्माले दृढ र गम्भीर स्वरले भने–हो सबै व्यर्थ हुनेछ। मैले राम्ररी विचार गरी यो भनेको हो। अहिले तिम्रो विवाहयोग आएको छैन"।

मेघश्यामको समक्ष मैले प्रतिज्ञा गरेको थिएँ कि महात्माको अगाडि सभ्यताको उलङ्घन नगरेर नै रहने छु। यसै कारण मैले बडो कष्टले आफूलाई रोकेर मुखमा आएको अट्टहासको प्रवाहलाई पनि बलपूर्वक रोकें। मैले मनमा विचार गरें कि अवश्य विक्षिप्त नै हुन् यी महात्मा। के यो आगामि पक्षमा मेरो विवाह नहुने सम्भव छ ? किन नहोला ? सबै प्रबन्ध ठीक छ। कन्या पनि निश्चित छ, मुहूर्त निश्चित प्राय छ। विवाहमा अब के प्रतिबन्ध ?। महात्माले यस्तो छेउन टुप्पोको पछि हुने कुरा कसरी भने ? निश्चय यो असत्य वचन हो। बनावटी गम्भीर आकृति भएर मैले भनें— भगवन्! कृपया तपाईंले जसरी यो भन्नु भयो त्यसरी अरू पनि केही आज्ञा होस्। मेरो विवाह कहिले होला। कहाँकी कस्ती मेरी भार्या होली ? तपाईंको वचन सुनेर साँच्चिकै म आश्चर्य सागरमा डुबेको छु। तपाईंको अनुग्रहले मेरो विवाह विषयमा सबै पछि हुने कुरा जान्न चाहन्छु।

महात्माले मेरो प्रश्नको उत्तर छिटो दिनु भएन। प्रश्न सुनेर हडबडमा परेको जस्तो देखिन्थ्यो। आँखा चिम्लेर विचार गर्नु भयो। मैले एकाग्र दृष्टिले वहाँको मुख हेरी रहें। मेघश्यामतिर आँखा लगाएर मैले हेरें ऊ पनि महात्माको वदनमा एकाग्र दृष्टि भएको थियो।

महात्माले मलाई सोध्नु भयो—"बाबु तिम्री पछि हुने भार्याको रूप र आकृति पनि म बयान गर्छु र तिनको नाम र निवासस्थान पनि भन्दछु, के तिमी सुन्न चाहन्छौ ?

epal Sanskrit University, Balmeeki Campus, Kathma

n Public Domain. Digitization by eGangotri.Fundin

मैले भनें "हो भगवन्! तपाईँहरू जस्ता दिव्यदृष्टि भएका सिद्धहरूको सबै प्रत्यक्ष छ। हामीहरूको ता सबै पछि हुने कुरा अन्धकारले ढाकेको प्रतीत हुन्छ। तपाईं दिव्यदृष्टिले सबै जान्न समर्थ हुनुहुन्छ भनेर नै सोध्छु। जो न तपाईंले भन्नु भयो त्यस्तै मेरो अभिप्राय हो।

त्यहाँ पछि महात्माले केही भन्नु भएन। स्थिरासन भई नासाग्र दृष्टि भएर विचार गर्नुभयो। त्यस बखत महात्माको शरीरमात्र त्यहां थियो, मन ता अन्यत्र कहीं घुम्न गएजस्तो प्रतीत हुन्थ्यो। हामी दुईको श्वास प्रश्वासको शब्द चलिरहेको थियो। कुटीको बाहीर भगवती जान्हवी चुपचाप वहिरहेकी थिइन्। सर्वत्र वातावरण शान्त थियो। महात्माको त्यो अवस्था देखेर मेरो मनमा अनेक तर्क वितर्क हुन थाले– के यी महात्मा मेरो प्रश्नको के उत्तर दिने भनी विचार गर्दछन। यदि यिनले मेरो प्रश्नको राम्रो उत्तर दिए भने उनको सिद्धता विश्वासयोग्य हुने छ। तर यो प्रश्नको सही उत्तर कसरी परीक्षा गर्ने? उत्तरको प्रथम परीक्षा ता आगामि पक्षमा नै हुने छ। दोस्रो परीक्षा एक वर्ष पछि। यदि यिनले मेरी पछि हुने पत्नीको नाम धाम स्वरूपहरू भने पनि एक वर्ष पछि परीक्षा हुने छ। यदि एक वर्ष पछि महात्माको शक्ति भूटो प्रमाणित भएपनि म के गरूँला? त्यस समयमा यी महात्मा कहाँ हुने हुन्?। संसारदेखि विरक्तिएका महात्माले मेरी पछि हुने पत्नीको रूप आकृति कसरी बयान गर्न समर्थ होलान्? यो पनि ठूलो आश्चर्यको कुरो हो। अहिले सम्म पनि यिनी चुपलागि रहेका नै छन्। उत्तर कसरी दिनु भन्ने विचार गरिरहेका होलान् भन्ने ठान्दछु।

सहसा महात्माको शरीर केही हल्लियो र उनले लामो श्वास फेरे। मेरो प्रश्नको उत्तर निश्चय गर्नु भएन जस्तो प्रतीति भयो। म तिर आँखाले हेरेर उनले भने बाबु के तिमी आफ्नो प्रश्नको सबै

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

उत्तर जान्न चाहन्छौ ?।

मैले भनें – यदि तपाईं अपरिचित भएको पनि म माथि दया गरेर प्रश्नको उत्तर दिन परिश्रम पर्दैन भने……"

उनले भने—"यदि यसो हो भने हेर त्यो कुनामा धेरै माटोको थुप्रो छ, त्यहाँ बाट एक ठूलो डल्लो लिएर मेरो नजीक आऊ।"

मैले मनमा नै तर्क गरें – महात्माले माटोको डल्लोले के गर्लान् ? मैले माटोको डल्लो ल्याएँ। उनले भने—"यो त्रिपाई आफ्नो अगाडि राखेर त्यसमाथि माटोको डल्लो राख।"

मैले त्यसै गरेर आफ्नो स्थानमा बसें।

अनि महात्माले भन्नु भयो—सावधान होऊ बाबु ! कहाँकी कस्ती तिम्री भार्या हुने छ भन्ने तिम्रो प्रश्न हो। यदि स्थिर बुद्धिले र शान्त चित्तले तिमीले विचार गर्न सक्यौ भने सम्भवतः आफ्नो प्रश्नको उत्तर आफैं दिन सक्ने छौ। किनभने प्रत्येक मनुष्य आफ्नो इच्छा शक्तिको महिमाले अद्‌भुत अद्‌भुत पनि कर्महरू गर्न सक्तछ। आत्म-शक्ति भन्दा ठूलो केही पनि छैन। तिमी मन एकाग्र गरेर सावधान भई यो माटोको डल्लो हेर, सम्भवतः आफ्नी भाविनी पत्नीको तसवीर देखौला।"

"के यी महात्मा विक्षिप्त हुन् ? माटोको डल्लोमा कसैको पनि चित्र कसरी म देख्न सकुँला ?" यसरी आश्चर्यका साथ अविश्वासपूर्ण दृष्टिले महात्मालाई हेरें।

उनले भने – के तिमी मेरो वचनले माटोको टुक्रामा कसैको पनि चित्रको दर्शन असम्भव ठान्छौ। "यो माटोको टुक्रा होइन किन्तु पार देखाउने यो ऐना हो भन्ने केहि समय निश्चय गर।

Nepal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

मैले भनें—के तपाईं ठट्टा गर्नु हुन्छ ? माटोको टुक्रोलाई कसरी ऐनाको रूपले भावना गरूँ, त्यसको बीचमा चित्र पनि कसरी देखूँ ? के यो कदापि सम्भव हुन्छ ?"

उनले भने—किन सम्भव हुँदैन। यो संसारमा असम्भाव्य केही पनि छैन, मानिस आफ्नो प्रबल इच्छा शक्ति लगाउन चाहदैन भने ता अर्कै कुरा हो, तिमी मेरो वचनले त्यस्तो गर्न चेष्टा गर त्यहाँ पछि देख्ने छौ फल हुन्छ कि हुँदैन।

महात्माको भनाइमा गम्भीरता थियो, यसकारण तिनको वचनमा परिहासको आलापता प्रायः कल्पना गर्न ठीक छैन। यति भन्दा पनि तिनको वचनमा थोरै पनि मेरो विश्वास भएन। के गरूं, के गरूं उनको वचन यथार्थ हो वा परिहासहो केही पनि मैले निश्चय गर्न सकिन।

फेरि महात्माले भने—"बाबु ! तिमी स्थिर चित्त भै सबै मनोवृत्ति यो माटोको डल्लोमा नै लगाऊ। अरू सबै यस क्षणमा बिर्सिदेऊ। यो अशान्तिमय संसार, जसमा तिमी चलिरहेछौ. तिम्रा यी मित्र, यो कुटी, मलाई र तिम्रो अगाडि रहेको अस्थिमांसपिण्ड पनि सर्वथा बिर्सिदेऊ, आन्तर कल्पनामय नेत्रले पनि माटोको डल्लो लाई नै हेर, पछि हुने आफ्नी भार्याको चित्र म हेर्न चाहन्छु भन्ने सर्वात्मना भावना गर। अनि देख्नेछौ के देखिन्छ।"

मैले विचार गरें -महात्माको भनाइ अनुसार प्रयत्न गर्नमा के दोष, यदि मैले स्थिर चित्तले ध्यानपूर्वक हेर्दा पनि केही दृश्य अगाडि आएन भने अवश्य यी महात्मा धूर्त हुन् भन्ने निश्चय गरूँला। मेरो प्रश्नको उत्तर दिन असमर्थ भई यिनले मलाई कुरामा व्यामोह गराउँछन्।

मुहूर्तसम्म महात्माको वचनमा विश्वार गरेर केही आश्चर्य म

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अवश्य देख्ने छु भन्ने निश्चय गरी त्यो माटोको डल्लोतिर दृष्टि स्थिर गरेर म बसें। कुटीको भित्र सर्वथा शान्ति थियो। मेरो पार्श्वमा बसेको मेघश्याम कदाचित् माटोको डल्लो राखेको त्रिपाइलाई, र कहिले काँहि मलाई पनि हेर्दथ्यो। कुटीमा आएपछि त्यसले एक शब्द पनि उच्चारण गरेको थिएन। महात्मासँग मेरो संवादमा कौतूहल अनुभव गरिरहेको त्यसले बीचमा बोल्नु अनुचित संझेको होला। महात्माले ता स्थिर दृष्टिले मलाई नै हेरिरहेका थिए, त्यसबखत तिनको आँखाबाट क्षण क्षणमा कुनै बिजुलीको जस्तो तेज प्रकट भएको देखिन्थ्यो। मैले महात्माको वचनानुसार त्यो माटोको डल्लो मा चित्त स्थिर राख्न सबै तरहले चेष्टा गरें।

यस बीचमा समय कसरी व्यतीत भयो भन्ने मैले स्पष्ट थाहा पाइन। विस्तार विस्तार कुटीको भित्र गाढ अन्धकार फैलिए जस्तो प्रतीत भयो, दीपको तेज पनि हरायो। भित्र बाहिर सर्वत्र कुनै विचित्र पहिले अनुभव न भएको निश्चलता देखियो। जति जति मेरो चित्त एकाग्र भयो त्यति त्यति मेरो मुटुको धड्कन पनि मन्द मन्द हुँदै गयो। अनि कुनै पनि प्रबलशक्तिले मेरो चित्तमा सिद्ध यी महात्मा आफ्नो इच्छाशक्तिको महिमाले मेरो अगाडि कुनै अद्भुत दृश्य अवश्य अगाडि ल्याइदिने छन्। यस्तो विश्वास दृढ भएजस्तो भयो। सहसा त्यो माटाको टुक्रामा मैले केही परिवर्तन भएको अनुभव गरें। महात्माको वचनानुसार नै त्यो मृत्खण्ड पारदर्शक ऐनाको स्वरूपमा विस्तार विस्तार परिणत भएको अनुभव हुन थाल्यो। जबसम्म म मन्त्रले मुग्ध झैं भएर यो आश्चर्यलाई हेर्दै "के यो मेरो दृक्भ्रम हो" भन्ने तर्कना गर्छु, तब सम्म त्यो माटाको टुक्रा कहिं अन्तर्धान (गायब) भयो, त्यसको स्थानमा त्यति आकार भएको एक काँचको गोला अगाडि देखियो। भित्र निर्मल भएको त्यसमा त्यसको आधार भएको त्रिपाइको मालिन्य पनि प्रतिफलित देखियो (मालिन्य देखियो)। के मेरो आँखाले मलाई धोका दिन्छन्, किंवा मेरो शिर

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

विकृत भयो (चकन्यायो) जसले कि म वस्तुलाई विकृत देख्छु। एक पटक आँखा चिम्ली फेरि उघारी हेर्दा त्यही दृश्य। विचार गरें—"के ती महात्मा, मेरा सखा मेघश्याम पनि यो माटोको टुक्रालाई म झैं काँचको गोला देख्तछन्?" परन्तु चेष्टा गर्दा पनि मैले ती दुई को मुख हेर्न आँखा पुऱ्याउँन सकिन। काँचको गोलाबाट आँखा हटाउन मेरो शक्ति भएन। कुनै प्रबलशक्तिले मेरो आँखालाई काँचको गोला-बाट हटाउन दिएन। त्यो काँचको गोलाबाट केही पहेँलो जस्तो मन्द मन्द ज्योति पनि निस्कन लागेको प्रतीत (भान हुन्थ्यो। जसले त्यो काँचगोला र त्यस भित्रको दृश्य नै खाली प्रकाशित हुन्थ्यो, त्यस्तो त्यो मन्दज्योति थियो। सहसा मैले विचार गरें—"पक्का यो इन्द्रजाल हो, इन्द्रजाल जान्ने यी महात्मा मलाई ठग्न चेष्टा गर्दछन्, ठूलो स्वरले कराएर इनको पाखण्ड म प्रकट गर्दछु" यस्तो विचार गरेर ठूलो स्वरले कराउन चेष्टा गर्दा मेरो घाँटीको प्वाल कसैले रोकेको जस्तो भयो। एक शब्द पनि कण्ठबाट बाहिर निस्कन सकेन। जबर्जस्ति झैं कसैले प्रेरणा गरेको मेरो दृक्शक्ति र चिन्ताशक्ति फेरि पनि त्यही काँचको गोलामा नै दृढताकासाथ एकाग्रतामा डुब्यो। एक क्षण पछि देखें—त्यो कांच गोलाको भित्र धुवां झैं निस्केको। त्यही नै धुवांले त्यसपछि ठूलो चारकुने वेदि र गृहस्वरूप लियो। जस्तो चलचित्रको पटमा अनेक दृश्यहरू स्पष्ट देखिन्छन् त्यस्तै मैले त्यसमा कुनै रेलवे स्टेशनको चित्र स्पष्ट देखें। ठूलो रेलगाडी अगाडि रहेको छ। यात्रीहरू चढदछन् ओर्लन्छन्। भारी बोक्ने कुली यता उती दगुर्छन् एकातिर कोठाको पंक्ति देखिन्छ। केही अगाडि गएर अरू ठाउँ जाने पुल छ। यो स्टेशनको नाम के हो ? न चिनेको जस्तो देखिन्छ। अवश्य मैले पहिले देखेको थिएन, यसैले संझिदैन। चलचित्र (सिनेमा) पटमा झैं यहां पनि स्पष्ट देखिन्छ।

म चकित झैं, डराए झैं विक्षिप्त झैं, श्वास रोकी जब यी दृश्य हेर्दछु तब एक तरुणीको चित्र अगाडि आउँछ। जति जति त्यो युवती

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

अगाडि आउँछे त्यति त्यति त्यो चित्र स्पष्ट हुन्छ। षोडश वर्षकी त्यो तरुणीको शरीरमा पहेंलो घेरै मोल पर्ने शारी, त्यसमाथि सूक्ष्म सेतो पछ्यौरा पनि शोभित छ। हंसगामिनी त्यसको हिंडाईको राम्रो पनाले सुकुमारतालाई अतिशय पुष्ट गरिरहेछ। त्यसको मुखमा चंकी रहेको सुन्दरता, ठूलो र बाटुलो त्यो आँखा, रसिलो कमलको पात झैं लाल अधरोष्ठ, शुगाको चुच्चो जस्तो नासिका, पगालेको सुवर्णको कान्तिलाई जित्ने शरीरको कान्तिले मलाई विशेष आकर्षण गऱ्यो। यस्ती सुन्दरी मैले पहिले देखेको थिइन दर्शन ता परै रहोस्। यस्तो रूपको वर्णन पनि मैले कहिल्यै पनि पढेको र सुनेको थिइन पृथ्वी-तलको वृत्तान्त जान्न आएकी कुनै सुरसुन्दरी प्रतीत हुन्थ्यो। मैले ता त्यस बखत सबै अरू पनि, त्यो कुटी, ती महात्मा, उनको निगाहले मृत्तिका खण्डमा देखिएको चित्र, रेलवे स्टेशन, आदि सबैलाई बिर्सिएर तिनै सुन्दरीलाई हेरिरहें। के यस्तो सौन्दर्य मर्त्यलोकमा सम्भव हुन सक्छ ? अथवा महात्माको इच्छाशक्ति बाट पैदा भएको त्यो यो रूपसंपत्ति ? के यो मेरो भार्या होलिन्? के मेरो यस्तो सौभाग्य छ ? मेरो पिताजीले मेरो निमित्त निश्चित गरिएका तीन कन्याहरू यिनको पाउको धूलोको बराबरी गर्न पनि सक्तेनन्। के यसमा प्रमाण ? जो यी सुन्दरी म पाउन सकुँला ? म ठान्दछु मेरो शिर विकृत भयो। किंकर्तव्यमूढ झैं भएर जबसम्म ती सुन्दरीलाई हेर्दै यसरी विचार गर्दछु तबसम्म नै सहसा ती अन्तर्धान भइन्। म यता उति आँखा लगाउँदै जब तिनलाई खोज्दछु तबसम्म यो ठूलो वेदी, ती कोठाहरू, ती रेलगाडीहरू सबै पनि ती दृश्य छायारहित भई विस्तार बिस्तार अन्तर्धान भयो। जस्तो कुनै चित्रकारी आफूले लेखेको तसवीर नराम्रो ठानेर सानु कुचोले सेतो रङ्गले नराम्रो भागलाई मेट्दछ त्यसै गरी त्यो सबै दृश्य गायब भयो। बादलको टुक्रा झैं यता उती खाली धूवांको पुञ्ज देखियो। त्यो पनि बिस्तार बिस्तार अन्तर्धान भयो खाली काँचको गोला बाँकी रह्यो। एक क्षण पछि पहिलेको झैं

epal Sanskrit University, Balmeeki Campus, Kathman

n Public Domain. Digitization by eGangotri.Fundin

माटोको डल्लो नै देखियो।

म स्वभावैले निर्भीक सबै अङ्ग हृष्ट पुष्ट भएको युवा भएपनि त्यसबखत सबै अङ्ग कांपेको कुनै भयले आक्रमण गरेको भएँ। हुनता भन्न पनि लज्जाको कुरा हो तैपनि सर्वथा सत्य हो। चिच्याएर इन्द्रजालमय त्यस कुटीबाट त्यसै क्षण भाग्न इच्छा गरे पनि वचन र शरीरको असामर्थ्य अनुभव गरी केही पनि गर्न सकिन।

बिस्तार बिस्तार शरीरमा चलने शक्ति फर्केर आए जस्तो प्रतीत भयो। वडो मुस्किलले दुई आँखा उघारेर जब कुटीमा हेर्छु तब सर्वत्र गाढ अन्धकार फैलिएको प्रतीत भयो। निमेष पछि कुटीको कुनामा निभ्न लागेको बत्तीको ज्योति अमावास्याको रातमा प्रकाशमान एक नक्षत्र झैं टाढा सम्म व्यवधान भएको भान हुन्थ्यो। महात्माको अगाडि बलिरहेको अग्निकुण्डको मन्द तेजले महात्माको शरीर अस्पष्ट देखिन्थ्यो। पार्श्वमा वसेको मेघश्याम ता चित्रमा लेखेको जस्तो चुपलागेको थियो। म कोर्राले हिर्काएको जस्तो भै तुरुन्त आफ्नो प्रकृतिमा भएँ। जस्तो कोही सुखस्वप्न देखेर अकस्मात् जागा हुन्छ, ठीक त्यसकै जस्तो मेरो दशा भयो। बिस्तार बिस्तार मेरा सबै शक्तिहरू फर्केर आए। "बाबु! निभ्न लागेको बत्तीमा तेल हाली यस्तो महात्माको गम्भीर वचन कानमा पर्‍यो। त्यो सुनेर मेघश्यामले उठे झैं गएर बत्तीमा तेल हाल्यो। तेल पाउनाले बल पाएको बत्तीले कुटीमा रहेको अन्धकार सित लडाइँ गर्न प्रारम्भ गर्‍यो। कुटी उज्यालो भयो। मैले देखें, महात्मा त्यस्तै गम्भीर, निर्विकार आकृतिले आफ्नो स्थानमा बसेका छन्। मैले शिर हल्लाउँदै सोधें—"भगवन! यो के लीला? कस्तो यो अद्भुत व्यापार (काम), जो दृश्य मैले देखें, त्यो के एक अंश पनि सत्य हो? अथवा बिकारको विलास हो! भन्नु होस्, चाँडै यो मेरो सन्देह हटाइदिनुहोस्। महात्माले स्मितपूर्वक भने— बाबु? जो तिमीले देख्यौ, त्यो सर्वथा सत्य हो,

al Sanskrit University, Balmeeki Campus, Kathma

In Public Domain. Digitization by eGangotri.Funding:

जो तिमीले हेर्न इच्छा गरेका थियौ जो तिमीले सोध्यौ—"कस्ती भार्या कहाँ पाउँला ?" मैले त्यसैको उत्तर दिएको हो। के तिमीलाई सन्तोष भयो ?।

मैले भनें—"भगवन् ! धेरै असन्तोष मैले अनुभव गरें, पहिले भन्दा सयगुना मलाई चिन्ता भयो। यो तपाईँ भन्नुहोस् - कसरी यो सबै भयो ? यस्तो चित्र मैले कसरी देख्न सकें, जसमा सबै पात्रहरू बाँचेकै जस्तो चेष्टा गर्दथे। के यस्तो इन्द्रजाल सम्भव छ ?।

महात्माले गम्भीर बोलीले भने—"किन सम्भव हुँदैन ? हुन नसक्ने भए कसरी देख्यौ ? मैले पहिले नै भनेको थिएँ, इच्छाशक्तिको महिमाले सबै संभव हुन्छ। त्यही नै इच्छाशक्तिको माहात्म्य मैले तिमीलाई देखाएको हो। भयो, यसभन्दा अगाडि तिम्रो प्रयोजन केही छैन। म अहिले विश्रान्ति चाहन्छु।"

मैले हात जोडेर विनयसित भनें—भगवन् ! तपाईँले निश्चय उपकार गर्नु भयो। तपाईँको प्रसादले नै यो अद्भुत व्यापार (काम) मैले देख्न सकें। यहाँ एउटा अर्को कुरा म जान्न चाहन्छु, मैले त्यस बखत जो रेल अड्ने स्टेशन देखें, जहाँ रेल खडा थियो त्यसको नाम के हो ?

महात्माले भने—"बाबु ! यो भन्दा अगाडि केही पनि म भन्न चाहन्न, तिम्रो प्रार्थनाले जो मैले भनें देखाएँ पनि त्यति नै धेरै ठान। कदाचित् मेरो यो व्यापारले जगन्नियन्तालाई संसारचक्र गतिको प्रयोजन भएको होला, यति नै मैले तिम्रो निमित्त प्रयत्न गरें, त्यो पनि तिम्रा मेघश्यामको कारणले। मेघश्याम ! मैले अहिलेसम्म तिमीलाई भनेको थिइन, आज बिहान जब तिमी यहाँ आयौ, तब तिम्रो मुखबाट तिम्रो पिताको नाम सुनेर तिमीलाई मैले थाहा पाएँ। तिम्रा पिता बाल्यावस्थामा मेरो सहपाठी थिए। हामी दुई पूज्यपाद रुक्माङ्गदाचार्य

epal Sanskrit University, Balmeeki Campus, Kathmar

Public Domain. Digitization by eGangotri.Fundir

गुरूको पाठशालामा सँगै वेदको अध्ययन गर्दथ्यौं। तिम्रा पिताले ता गुरुको घरबाट फर्केर गार्हस्थ्य गरे। म शाश्वत-ब्रह्ममा रहेर गुरुको आज्ञानुसार तीर्थाटन गर्दछु। बाह्रवर्ष पहिले जब म यहाँ आएँ, तब तिम्रा पिता आठ वर्षको तिमीलाई लिएर मलाई भेट्न आएका थिए। अस्तु। तिम्रो सन्तोषको लागि नै मैले यी मित्रको प्रश्नको उत्तर दिएँ, जो हेर्न इच्छा गरेका थिए देखाएँ पनि।

मेघश्यामले प्रणाम गरेर भने भगवन! स्वर्गवासी मेरो पिताले कुनै बखत कुराको प्रसङ्गमा आफ्ना सहपाठी महानन्द ब्रह्मचारीको विषयमा अद्भुत अद्भुत इतिवृत्त (बितेका कुरा) भन्नु भएको थियो के त्यो तपाईँलाई नै लिएर भनेको होला? महात्माले स्मितपूर्वक भने—"हो, यी विषयका कुरा छोडिदेऊ। अरू तिमीलाई केही सोध्नु छ?"

मेघश्यामले फेरि भने—भगवन्! तपाईँको दर्शन पाएर स्वर्गबाट फर्केर आउनु भएको पिताको दर्शन पाए जस्तो भयो। तपाईँको अनुग्रहले मलाई केही पनि कम्ती छैन। धर्ममा मेरो मति स्थिर होस् यही नै प्रार्थना छ। यी मेरा मित्र ललितकुमार केही पनि विश्वास गर्दैनन् धर्म-कर्महरू सबै पाखण्ड ठान्दछन्। धेरै जसो मसँग झगडा गर्दछन् मलाई मूर्ख भन्छन्। तपाईँले यिनको सन्देहलाई हटाएर धेरै उपकार गर्नुभयो। कुनै सेवा गर्ने आज्ञा भएमा म आफूलाई धन्य संझने थिएँ। भोलि फेरि तपाईँको दर्शन होला?" महात्माले भने—मेरो सबै कुरा अनिश्चितै छन् कदाचित् भोलि नै यहाँबाट हिड्न सक्छु। तर अबदेखि तिमी दुई यहाँ नआउनू। न त देखेको अद्भुत व्यापारको विषयमा कहीं पनि चर्चा नै गर्नू। यो वृत्तान्त अरूहरूको कानमा पुगेको मलाई मन पर्दैन। यस्तो वृत्तान्त सुनेर पनि अश्रद्धालुहरू हँस्सी गर्दछन्। यस कारण अश्रद्धालुमा यो विषय गोपनीय राख्नू। अब पुग्यो, अहिले तिमीदुई जाओ। मङ्गलमय

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

महेश्वरले तिमीदुईको मङ्गल गरून् । यहाँ आएका तिमीहरूलाई धेरै विलम्ब भयो ।

अनि महात्मालाई साष्टाङ्ग प्रणाम गरेर हामी दुई कुटीबाट बाहिर आयौं । थोरै बाटो हिंडे पछि मैले मेघश्यामलाई सोधें—भन सखे ! जे कुरा त्यहाँ देख्यौ, त्यस विषयमा के ठान्दछौ ?

मेघश्यामले भने – 'मैले ता केही पनि देखिन म के भनूँ ? मैले आश्चर्यसित भनें – "अरे तिमी ठट्टा गर्दछौ के ? त्यो रेल विश्राम-स्थानको दृश्य, त्यो पहेंलो सारी लगाएकी युवती पनि के तिमीले देखेनौ ?

मेघश्यामले गम्भीरभावले भने – 'सत्य म भन्दछु, म तिम्रो बगलमा नै बसेको थिएँ, मेरो ता त्यो मन्दप्रकाशमा त्रिपाइमा राखेको माटोको डल्लो बाहेक अरू केही पनि आँखामा परेन । तिमी नै भन । के तिमीले देख्यौ त्यो म पनि सुनुँ । त्यहाँ महात्माको नजीक तिमीलाई केही सोधिन मैले जो जो त्यहाँ देखें त्यो त्यो मेघश्याम-लाई विस्तारपूर्वक भनें । सुनेर तिनले भने—महात्माको नै यो महिमा हो, उनैको कृपाले तिमीले यो देख्न सक्यौ, तिमीले देखेको दृश्यमा साच्चै नै के सबै पात्रहरू बाँचेकै जस्तो चेष्टा गर्दथे त ? अथवा तिम्रो आँखाको भ्रम नै थियो ?" मैले निश्चयका साथ भनें—सबै पात्रहरू बाँचेकै चेष्टा गर्ने देखें । यसमा केही संदेह छैन । ती युवती ता अतीव आश्चर्यको स्थान थिइन् । म ता बाचुन्जेल तिनको स्वरूप बिर्सन सक्तिन । अपूर्व त्यो सौन्दर्य, खूब विचार गर्दा पनि जान्न सक्तिन, कसरी मैले यस्तो देख्न सकें ? महात्माले कुन बलले त्यो माटोको डल्लोमा विचित्र त्यो नाटक देखाए ? म ठान्दछु—ती महात्मा शायद केही 'मेस्मेरिजम्" नामक त्राटक विद्या पनि जान्दछन् । त्यसको मायामा नै म परें ।"

epal Sanskrit University, Balmeeki Campus, Kathman

Public Domain. Digitization by eGangotri.Fundin

मेघश्यामले भने—फेरि तिमीमाथि सन्देहरूपी पिशाचिनी सवार भई। संस्कार बडो बलियो छ, महात्माको योगशक्तिको यस्तो लोकोत्तर चमत्कार देखेर पनि तिमी भन्दछौ, उनी मेस्मेरिजम नाम गरेको त्राटक विद्या जान्दछन्।

भैगयो उनी केही जानुन् वा न जानुन्, थोरै दिनमा उनको भनाइ सत्य वा असत्य हो भन्ने जान्ने छौ।

मैले भनें—"अँ, यो सत्य हो, १०।१५ दिनैमा तिनको यौटा भनाइ भूटो प्रमाणित हुने नै छ।" तिनले भनेका थिए—अहिले तिम्रो विवाहको योग छैन, त्यो पनि विवाह भएपछि भूठो हुने नै छ। त्यस बखत त्यो दृश्य मैले सत्य हो भन्ने ठानेको थिएँ। तर अहिले माया जान्ने तिनको त्यो माया नै थियो भन्ने विचार गर्दछु। कसैको अगाडि आफ्नो माया-बलले कल्पनाले तयार पारेको चित्र समक्षमा राख्न ती समर्थ छन् भन्ने म संभन्छु। परन्तु तिनले देखाएको चित्र सत्य हो, भविष्यजीवनका साथ त्यसको संबन्ध छ भन्ने ता म विश्वास गर्दिन। दश पाँच दिनमा तिनको बचनको सत्यता वा असत्यता आफैं नै थाहा होला। तिनमा सिद्धपना, त्रिकालदर्शिता, महात्मपना समयले नै बताउला। त्यो पुरुषमा कुनै विशेष गुण छ भन्ने ता म स्वीकार गर्दछु।

मेघश्यामले भन्यो—"असल हो, तिमीले यति ता स्वीकार गर्‍यौ, कदाचित् समयले यो भन्दा अधिक पनि तिमीलाई स्वीकार गराउला।"

म घर फर्केर आएँ। रातको दोस्रो प्रहर थियो। त्यसबेलासम्म पनि घरमा सबै जना विवाहको प्रबन्धमा व्यग्रभई जागा रहेका थिए। ज्योतिषीहरूले निर्णय सुनाए। निश्चय गरे कि कन्याको पितालाई पनि सूचना गरि सकेको थियो म आफ्नो महात्माको नगीच जानु, त्यहाँ

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

विचित्र दृश्यको दर्शन हुनु इत्यादि केही पनि घरमा कसैलाई भनेको थिइन। त्यस दृश्यमा देखिएकी तिनै युवतीलाई संझदै म सुत्न पलङमा चढें।विस्तार बिस्तार निद्राको अधीनमा भएँ।

४

बिहान सबेरै कसैको चिच्चाहट्ले मेरो निद्रा भङ्ग भयो।

"ललित! ललित! बाबु उठ।" म उठेर पलङ्मा बसें। नगीच आएकी आमालाई पनि देखें। मैले सोधें—"के आमा? के हो?"

उनले भनिन्—"बाबु! तार ल्याउने मानिस आएको छ, सही गरेर तार लेऊ।"

तार! कस्तो तार? कहाँबाट आएको हो? कसले पठाएको? सुन्ने बित्तिकै हृदय हड्बडायो। शङ्काले स्थान ओगट्यो। तुरुन्त महात्माको वचन मैले संभें। उनले भनेका थिए—"ठूलो उद्योग गरे पनि तिम्रो विवाह हुने छैन। किनभने त्यसको समय अहिले आएको छैन।" तसर्थ के यो "तार" कुनै विध्नको रूप लिएर आएको हो?

यसरी आफ्नो मनको दुर्बलता जानेर म हाँसें। आफ्नो मनोभावनालाई फुकाउँदै आमालाई सोधें—"आमा! के पिताजी घरमा हुनुहुन्न?" आमाले भन्नुभयो—"होइन बाबु! बिहान सबेरै तिमी जागा नहुँदै विवाह मुहूर्तको विषयमा कुरा गर्न ज्योतिषीकहाँ जानु भएको छ।" म उठेर बाहिर आएँ। सही गरेर तार लिई बाँचें, त्यहाँ लेखेको थियो—"पिता हिजोदेखि विशेष बिरामी हुनुहुन्छ, रोगबाट मुक्त हुने आशा छैन, तार पाउने बित्तिकै चाँडै आऊ"

– कुबेर प्रसाद

त्यो तार मेरो नाममा मेरो मालिक कानपुरका मिल मालिक धनपति प्रसादका पुत्र कुबेर प्रसादले पठाएको थियो। सेठ धनपति

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

प्रसादलाई अकस्मात् के भयो ? जब म एक महिनाको छुट्टि पाएर त्याहाँबाट प्रस्थान गरें, त्यसबखत हृष्टपुष्ट निरोगी मेरा स्वामी थिए। तिनले भनेका पनि थिए—"ललितकुमार! जति सक्यो चाँडै आऊ, तिमी बाहेक अरू कोही यन्त्र-विशेष जान्ने छैन भन्ने मलाई थाहा छ।" यन्त्रबाट कुनै दुर्घटना त भएन ? कुनै असाध्य रोगमा मेरा स्वामी पर्नु भयो कि ?

यस्तै विचार गरी शिरमा हात राखेर त्यहीं नै एक छिन बसें। मेरा स्वामी धनपति प्रसादको सौजन्य, अनुजीविमाथि वत्सलता, दयालुपना, गंभीरता कार्यकुशलता र शिष्टता पनि विचार गर्दा मेरा दुई आँखाबाट आँसुका धारा बर्से। मलाई अबेर गरेको देखेर पर्खिरहनु भएकी मेरी माताले भित्र कोठाबाट नै मलाई उच्च स्वरले सोध्नु भयो—"बाबु! कसले पठाएको तार? कहाँ बाट आएको हो?" मैले गद्गद् स्वरले भनें "आमा! म भित्र नै आएँ। मैले आफ्नो मनलाई रोकेर आमाकहां गई उहाँलाई तारमा लेखेको सबै वृत्तान्त सुनाएँ। आमाले आश्चर्य सहित रोएर भन्नु भयो–"यो बेमौकाको घोर अनिष्ट आइपर्‍यो. तिमी ता अहिले त्याहाँ जान योग्य छैनौ। अरू कसलाई त्यहाँ पठाउँछौ?" मैले भनें—म आफैं त्यहाँ जान अत्यावश्यक छ। मलाई र मीलमालिकलाई छोडेर मीलमा विशेषज्ञ कोही छैन, अरू कसैले पनि त्यहाँ गएर के गर्न सक्ला? अर्को कुरा स्वामीका पुत्र कुबेर प्रसादले आफैं त्यहाँ बोलाइएको छु। आमाले भन्नु भयो–"त्यसो भए यहाँ के हुने? विवाहको सबै प्रबन्ध तयार भैसकेको छ, निश्चित मुहूर्तमा विवाह भएन भने यहाँ हामीले मुख देखाउन सक्ने छैनौं, त्यहाँ जान निश्चय आवश्यक छ भने विवाह गरिसकेपछि चारौं दिनमा जाउला।

मैले भनें–"आमा! तपाईँ जस्तो आज्ञा दिनुहुन्छ त्यस्तै गर्न सकुँला, खुसी पनि होउंला। परन्तु विचार गर्नुहोस्, तारमा

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

लेखेको छ—"मेरा स्वामीलाई ज्यादै रोगले सताएको छ, रोगबाट मुक्त हुने आशा छैन।" यस्तो अवस्थामा विवाह का निमित्त यहाँ वस्नु मलाई शोभा देला के ? जुन स्वामीको मैले आजसम्म नून खाएँ, मृत्युशय्यामा सुतेका उनले बोलाउँदा मैले विलम्ब गरें भने यस लोक र परलोकबाट भ्रष्ट हुने छु। तपाईंले नै सबै विचार गरी समुचित आज्ञा दिनुहोस्—मेरो कर्तव्य के हो।" आमा चुप लाग्नु भयो। आमाले पो के भन्ने ? चुपलागेर वस्नु भएको आमाको मुख मालिन्य-द्वारा मैले उहाँको मनोभाव थाहा पाएँ। वहाँले धेरै समयदेखि मेरो विवाहको बिषयमा प्रयत्न गरिरहनुभएको थियो। आजसम्म विवाहको प्रतिबन्धक म नैं थिएँ। अब वडो मुश्किलले मैले विबाहको प्रस्ताब स्वीकार गर्दा सबै सामग्री तयार पारेपछि नचिताएको प्रबल प्रतिबन्ध आइपर्‍यो। आमाको आँखामा आँसु आए।

म कथंचित् मन रोकेर आफ्नो कोठामा पसें। त्यहाँ आराम कुर्सीमा आधा सुती विचार गरें—"हेर, कसरी अकस्मात् यो दुःख-दिने घटना आइपर्‍यो ? मुहूर्तभन्दा पहिले यस्तो होला भन्ने मैले स्वप्नमा पनि चिताएको थिइन। मेघश्यामसित केवल कौतुक बुद्धिले ती महात्माको नगीच गएर जो तिनबाट सुनें त्यो अहिले सत्य झैं प्रतीत हुन्छ। अवश्य तिनमा कुनै विशेष शक्ति छ। के म फेरि तिनी कहाँ गएर मेरो स्वामीको विषयमा सोधूं ? परन्तु तिनले पुनर्दर्शन निषेध गरेका छन् के गरूँ ?"

यसै बीच पिताजीले आएर सबै वृत्तान्त सुन्नु भयो। मेरा स्वामी धनपति प्रसादखित पिताजीको पुरानो मित्रता थियो। स्वामीका रोगको वृत्तान्तले पिताजीको चित्त ज्यादै पीडित भएको थियो। पिताजीले मोह छोडेर विवाहको सामग्री व्यर्थ जाने विचार पनि नगरी स्पष्ट नै भन्नु भयो "बाबु! ललित! तिमीलाई थाहै छ, बितेका दुई महिनादेखि तिम्रो विवाहको विषयमा

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

प्रयत्न गरिंदैछ, पर्याप्त दौडधुप् भयो, परिश्रम पनि गरियो र धन पनि धेरै खर्च गरियो। अर्को कुरा तिम्रो विवाहको बिषयमा तिम्री आमा कति उत्कण्ठित छन् यो पनि तिमीलाई थाहा नभएको होइन। यस पटक त्यो शुभकर्म नगरी तिनी चुप लाग्ने छैनन्। यस्तो अवस्थामा पनि तिम्रो कर्तव्य म थाहा पाउँछु। यदि तिमी अहिले विवाहको विचार छाडी कानपुर जान चाहन्छौ भने म तिमीलाई रोक्न सक्तिन।"

मैले भनें – पिताजी! विवाह ता जैले पनि हुन सक्तछ, परन्तु मृत्युशय्यामा पुगेको मानिस शुभ शुभ कार्य पर्खँदैन। ईश्वरले जुन बाटो हिँडाउँछन् त्यही बाटो हिँड्नु पर्छ। यदि यस समय म त्यहाँ गइन भने कर्तव्यच्युत हुनेछु र कदाचित् जीविका पनि जाने छ।"
पिताले भन्नु भयो—"यसो हो भने तुरुन्त जाऊ। अपराह्नको रेल बाट जाऊ। त्यहाँ गएर सबै वृत्तान्त मलाई सूचना गर। यदि सेठलाई आरोग्यलाभ भयो भने वेसै हो, छिटं नै त्यहाँबाट फर्केर आऊ। यदि अन्यथा भयो भने त्यो पनि सूचना गर।"

त्यहो दिन म कानपुर प्रस्थान गरें। मीलको कार्यालयमा गएर सबै वृत्तान्त थाहा पाएँ। सेठ धनपतिप्रसाद कुनै आगन्तुक मित्रलाई मील देखाउँदा दुर्भाग्यले सावधान हुन नसकी चलिराखेको पुर्जामा खसे। हुन ता त्यसै समय यन्त्रको गति बन्द गरियो। तैपनि पुर्जाको धारले दुवै खुट्टा काटिए। वैद्यले जीवनको आशा छोडे। सेठ र म बाहेक कोही पनि मीलको विशेषज्ञ थिएन। यसकारण मीलको काम चलाउन सेठको पुत्रले मलाई तार दिएर बोलाएको हो। यो सबै वृत्तान्त पितालाई निवेदन गरें। यो अर्को कुरा पनि लेखें कि म शीघ्र त्यहाँ आउने सम्भावना छैन। एघार दिन सम्म मेरा स्वामी बाच्नु र मर्नुको वीचमा थिए। जहाँसम्म मानव-वुद्धिको बल छ, विज्ञानले जति उपाय आविष्कार गरेका छन्, ती सबै कुबेर तुल्य

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

कुबेर प्रसादले आफ्नो पिताको निमित्त गरे। पानी झैं द्रव्य बगाए। मृत्युको मुखबाट झिक्न कुनै काम बाँकी राखिएन। परन्तु दुर्भाग्य सबै भन्दा माथि थियो। बाह्रौं दिनमा सेठको प्राणले प्रस्थान गर्‍यो। त्यसपछि केही दिन महाकष्टले बिते। कस्तो कति प्रबन्ध गर्नु पर्‍यो इत्यादि वर्णन अनुपयुक्त भएकोले गरिएन। घेरै जसो डेढ महीनाको समय त्यही संभ्रममा बित्यो। सेठका छोरा स्वभावले नै चतुर थिए। पिता जीवित छँदै उनले कार्यालयको घेरै भार आफ्नो अधीन गरेका थिए। अब अहिले मेरो सल्लाह अनुसार उनले प्रबन्धमा आमूल परिवर्तन गरे। म प्रधानाध्यक्ष पदमा नियुक्त गरिएँ।

यस बीचमा म काशी गइन। पिताको सात सात दिनमा कुशल पत्र आउंथ्यो। मेघश्यामको पत्रद्वारा मैले थाहा पाएँ कि मेरा निमित्त निश्चय गरिएका तीने कन्याको अन्यत्र विवाह भयो। त्यसले मलाई अलिकति पनि विषाद भएन। मेघश्यामले आफ्नो पत्रमा यो पनि लेखेको थियो कि, मेरी आमाले मेरो विवाहको निमित्त अझै पनि प्रयत्न गरिरहनु भएको छ। एक वर्ष पछि पहिलो मुहूर्तमा नै मेरो विवाह अवश्य गर्नु पर्दछ भन्ने उहाँले निश्चय गर्नुभएको छ।

मेघश्यामसित महात्माको कुटीमा गएको र त्यहाँ महात्माको प्रभावले अद्भुत दृश्य देखेको पनि मैले बिर्सेको थिइन, न त बिर्सनै सकें। केवल उत्कण्ठावश म त्यसबखत त्यहाँ गएको थिएँ। अविश्वासले नै तिनको वचन सुनें। परन्तु जुनवेला महात्माको उक्तिमा एक अंशको सत्यता निश्चय अनुभव भयो, त्यस बेलादेखि महात्माको विषयमा मेरो मनमा केही श्रद्धा पैदा भयो। त्यस्ता सिद्ध पुरुष विरलै देखिन्छन् यो संसारमा। सौभाग्यले नै त्यस्ताको समागम हुन्छ। त्यस्ता सिद्धपुरुषलाई चिन्ने सांसारिक मानिस विरलै हुन्छन्। तिनीहरू अकस्मात् नै कहींबाट प्रादुर्भाव हुन्छन्, अकस्मात् नै कुनै गाढ अन्धकारमा विलीन हुन्छन्। ती गङ्गातटवासी महात्मा कहाँ जन्

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

कसलाई थाहा छ ? यसरी एक वर्षपछि जुन कन्यासित मेरो विवाहको भावित्व उनले भनेका थिए त्यो सत्य हुन्छ वा हुँदैन भन्ने अनुभव गर्न मलाई ज्यादै उत्कण्ठा थियो।

त्यस कुटीमा काँच भएको त्यो माटोको टुक्रामा जुन दृश्य मैले देखेथें, जिउँदो झैं चेष्टा गर्ने जुन आकृति-विशेष त्यहाँ मैले देखेथें, ती मेरो हृदयमा कीला झैं गाडिईरहेका छन्। त्यो मुख, ती आँखा, त्यो सुगाको चुच्चो जस्तो नाक, अति पाकेको दाखको रसको बराबरी भएको अधरोष्ठ, के यो कुरा बिर्सन सकिएलान् ? चतुर भन्दा चतुर चित्रकार पनि यस्तो रूप निर्माण गर्न सक्तैन। के यस्ती सुन्दरी कहीं होलिन् ? अथवा यो महात्माको कल्पनाको विलास नै हो ? भैगो हेरूं, एक वर्ष भनेको धेरै होइन। किन भने तिनको एक वचन ता सत्य भयो, अब अरू पनि सत्य होला भन्ने संभावना छ।

केही महिना बिते। मेरो विवाहको कुराको अवसान, धनपति प्रसादको निधन, र मीलमा प्रधानाध्यक्षको पदमा रही मैले काम गरेको पाँच छ महीना बिते। मेरो मनमा भने आशा र निराशाको परस्परमा लडाइँ चल्यो। यसरी अरू केही काल बिते। परन्तु माटोको डल्लोमा देखेको त्यो दृश्य र ती सुन्दरी अलिकति पनि बिर्सिएन। त्यहाँपछि अकस्मात् नै एकदिन आफ्नो वास्तविक रूपले महात्माको प्रसादले देखिएको त्यो दृश्य मेरो अगाडि आफैं उपस्थित भयो। कहिले र कसरी त्यही म अगाडि वर्णन गर्दछु।

५

मीलको विशेष कार्यवश मलाई 'लवपुर' मा जाने काम पर्‍यो। कानपुरबाट प्रस्थान गर्नु भन्दा पहिले नै माताको एक पत्र पाएको

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

थिएँ। त्यसमा लेखिएको थियो—"चिरायुष्मान् नानी ललितकुमार-लाई स्नेहपूर्वक आलिङ्गन गरी शिरमा आघ्राण गर्दै शुभाशीर्वाद दिएर तिम्री आमा काशीबाट बोध गराउँछिन्—बाबु! धेरै भयो तिम्रो कुशल पत्र न पाएको। आशा गर्छु तिमी कुशल होलाऊ। अब आवश्यक एक विषय संझाउन तिमीलाई पत्र लेखिरहिछु। तिमीलाई थाहै छ गएको वर्ष तिम्रो विवाहको सामग्री तयार भइसक्दा पनि अकस्मात् तिम्रो मालिकको निधनले विवाहमा विघ्न पर्‍यो। अब म चाहन्छु कि आगामी पहिला मुहूर्तमा नै यो काम गर्नु पर्दछ। यस पटक तिम्रो कुनै प्रतिबन्ध वा कपटको केही पनि म विचार गर्ने छैन। यस कारण अहिले नै तिमीलाई चेतावनी दिन्छु। तिम्रो निमित्त मैले एक कुलीन शिक्षिता सुन्दरी कन्या निश्चय गरेकी छु। ती यहाँकै हुन्। म विश्वास गर्छु कि तिमी मेरो वचन पूरा गर्ने छौ र कुनै पनि बहाना गर्ने छैनौं। यदि यस पटक पनि कुनै बहाना देखाएर मेरो वचन पूरा गरेनौ भने मलाई मनमा धेरै सन्ताप हुने छ। छुट्टी भएमा दुई-तीन दिनको लागि यहाँ अवश्य आऊ। मैले तिमीलाई देखाउन ती कन्याको फोटो पनि ल्याउन लगाएकी छु, सो तिमीले देखौला। हामी दुई यहाँ कुशली छौं। तिम्रो पनि सबै तिरबाट कुशल चाहन्छौं।"

—तिम्री आमा

यस्तो चिठी पढेर मलाई आश्चर्य भयो। मैले विचार पनि गरें—हेर, यतिका दिन बितिसके अहिले सम्म पनि आमाको मेरो विवाहको आग्रह हटेको छैन। यस पटक ता आमाको वचन पूरा गर्ने पर्छ। परन्तु ती महात्माको त्यो भविष्यवाणी के अपूर्ण रहला ? उनले ता मेरो पत्नि हुने भार्या अर्कै गाउँकी जस्ती देखाएको म संझन्छु। आमाले ता काशीकी कुनै कन्या निश्चित गर्नु भएको छ। होस्, हेरूं भाग्यमा के लेखेको छ। महात्माको वचन मिथ्या होला भन्ने ता विश्वास हुँदैन।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

अनि म लवपुर गएँ। त्यहाँ मीलको काम विशेष पूरा गर्ने कोशीस गर्दा मेरो पन्ध्र दिन व्यतीत भयो। कार्य पनि पूरा भयो। त्यहाँबाट फर्कंदा बीचमा पर्ने मथुरामा म ओर्लें। कहिले नदेखेको यो पुण्यपुरीको दर्शन गर्नु पर्छ भन्ने धेरै समय देखिको मेरो इच्छा थियो। भगवान् नन्दनन्दनको त्यो लीलाविहारभूमि, गोकुल र वृन्दावनको दर्शन पाएर मेरो अन्तरात्मा अति प्रसन्न भयो। त्यस पुण्य भूमिमा कुनै विशेषता छ जुन समृद्ध र सुन्दर भएको अरू नगरहरूमा पाइँदैन। यस्तो श्रद्धा न गर्ने मेरो अन्तरात्माले पनि अनुभव गर्‍यो। आगरा सहरमा एक दिन बसेर फेरि म कानपुर फर्किएँ। मार्गमा मानिसको भीडमा न बसी सुखै सित यात्रा होस् भन्ने हेतुले मैले सेकेण्ड क्लासको टिकट किनेको थिएँ। त्यसमा खर्च ता धेरै भयो, तर यात्रा सुखै सित भयो। यति बेर सम्म डिब्बामा म एक्लै थिएँ। रेल "दुंडला" स्टेसनमा पुग्यो, त्यहाँ पछि "शिकोहा बाद्म्" "भिंड" स्टेशनमा एक क्षण अडिई रेल "इटावा" आइ पुग्यो। यहाँ बीस मिनेट अडिन्छ भन्ने थाहा पाएर म ओर्लें। यता उती हेर्दै प्लेट फार्ममा घुम्न थालें। विहङ्गम दृष्टिले एक पटक त्यो सबै रेल अडिने स्थान र अगाडि पछाडि पनि हेरें। यस्तो हेर्दा हेर्दै म अकस्मात् छक्क परें। यो स्थान ता मैले चिन्हे जस्तो लाग्छ। भरखरै देखेको संझन्छु। तर यो बाटोबाट पहिले कहिले पनि आएको थिइन। ओ! संझें संझें!! संझने बित्तिकै मलाई अति आश्चर्य भयो। त्यस्तो ठूलो भीडमा पनि एक छिन मेरो हृदय निस्पन्द (अचल) भयो। मैले चिनेको यो त्यही स्थान हो जुन मैले ती महात्माको प्रसादले कांचको गोला हुन गएको माटोको डल्लोमा देखेको थिएँ। निःसन्देह यो त्यही नै स्थान हो, अगाडि प्लेट फर्ममा कोठाको पङ्क्ति त्यही नै र त्यही नै अर्को प्लेट फर्ममा जाने पुल। यी सबै मैले त्यस बखत चाखसित हेरेको थिएँ। अहो कस्तो यो ती महात्माको अचिन्त्य शक्ति! सत्य हो—साधुहरू कर्तुं अकर्तुं अन्यथा कर्तुं (जे

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

पनि गर्न) समर्थ हुन्छन् – जसरी कि यो दृश्य सत्य रूपले मेरो अगाडि आयो। त्यस्तै अर्को दृश्य पनि अर्थात् ती सुन्दरी लोकोत्तर सुषमा-शालिनी बाला पनि मर्त्य रूपले मेरो अगाडि आउलिन् ? महात्माको वचनको एक अंश ता अहिले पूर्ण भयो, अर्को पनि किन पूर्ण नहोला ?

जब म चाख र उत्कण्ठाले प्लेटफर्मको यता उति दृष्टि दिंदै हेर्दछु त्यसै बेला अर्को स्थानमा जाने पुलको सिंढीमा मेरो दृष्टि सहसा रोकियो। त्यहाँ जो दृश्य मैले देखें, त्यसले पृथ्वीतलबाट उफ्रेको झैं भएँ। एक क्षण मोहले मलाई ढाकेको जस्तो भयो। सत्य नै हृदयको गति रोकियो। आँखालाई पनि विश्वास भएन। उत्ताउलिएको मैले आँखा राम्ररी उघारेर हेर्दा – उही सुन्दरी मतिर आउन लागेकी जस्तो प्रतीत भयो जसलाई मैले महात्माको कुटीमा काँचको गोलामा देखेको थिएँ। मैले बारबार आँखा पुछेर उघारी तिनलाई हेरें। उनै हुन् भन्ने निश्चय गरें। त्यही पहेंलो सारी, त्यही गजगती, तिनै ठूला आँखा त्यही नै केही तेर्सो नासिका र त्यही नै लाल अधरोष्ठ। कहाँबाट यिनी आइन् ? सहसा मेरा सबै इन्द्रियका वृत्तिहरू आँखा-मा आएका जस्ता भए। मैले हेर्दाहेर्दै ती सुन्दरी मै बसेको सेकेण्ड क्लासको डिब्बामा नै भित्र पसिन्। ती एक्ली थिइनन्। तिनीसँग राम्रो लुगा लगाएकी कुनै अर्की प्रौढा स्त्री पनि त्यही डिब्बामा चढिन्। ती दुईको नोकर शिरमा फलामको सन्दूक र हातमा सुट्केस लिएर त्यहीं आयो। मैले ढोकाको नजीकै उभिएर तिनीहरूलाई हेरें। नोकरले फलामको सन्दूक माथिको फलेकमा राख्यो। बिस्तरा ओछ्यायो। माटोको सुरहीमा पानी भर्‍यो। हेर्दा ती दुबै कुलीन देखिन्थे। किनभने ती सुन्दरी देखौवा घुंटो हटाएर त्यहाँ निःशङ्क सित बसिन्। यसकारण यिनी शिक्षा पाएको हुनाले नयाँ मतको पछि लागेकी भन्ने कुरा निर्विवाद छ। सेकेण्ड क्लासमा चढेकीले उनी धनी रहीछन् भन्ने पनि निश्चितै थियो। यसै बखत रेल हिंडाउने सिठीको तीखो आवाज सुनियो। म पनि लाज र डरले डिब्बाभित्र पसें र

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

बसें। मेरा दुवै आँखा हठैले ती सुन्दरीको पछाडि दगुरे। माटोको डल्लोमा देखिएको आकार तिनीसित सर्वात्मना मिलेको देखेर पहिल्यै नभोगेको आश्चर्य अनुभव गरें। धेरै वेर सम्म उनको मुख हेरिरहनु असभ्यता होला भनेर मैले आफ्नो तकिया मुनी राखेको त्यही दिनको अखबार मुखको अगाडि राखें। यसबीचमा युवतीकी साथी प्रौढा स्त्री ले मेरो नजीक आएर मलाई सोधिन्— "महाशय! माथि फलेकमा राखेका वस्तुहरू तपाईँ कै हुन् कि?" मैले शिर हल्लाई हो त्यो मेरै हो भन्ने उत्तर दिएँ। फेरि तिले सोधिन्—'तपाईँको गमन कहाँसम्मको हो?" तिनलाई निःसंकोच बोल्न लागेको देखेर मैले पनि लाज मान्नु उचित छैन भन्ने निश्चय गरेर निर्धक्क सित बोल्न लागें। कदाचित् यस कुराकानीमा ती तरु णीको नाम, बस्ने स्थान, विवाह भएको र नभएको थाहा होला भनेर मैले उत्तर दिएँ—"म कानपुर जान्छु।" ओ! त्यसो भए तपाईँ पहिले नै ओर्लनु हुन्छ, हामी दुईलाई ता काशी जानु छ। मेरो मुख बाट अकस्मात निस्कियो—'के काशीमै!' तिनले सोधिन्—'काशीको नाम सुन्ने बित्तिकै किन तपाईँ छक्क पर्नु भयो?'

हुनता प्रौढा सँगै मेरो कुराकानी चलिरहेको थियो, तै पनि ती युवती पनि बीचबीचमा लज्जालु दृष्टिले मलाई हेर्दै कुरामा कान दिइरहेकी थिइन्। मैले जवाफ दिएँ—"छक्क वा अनौठाको कारण यही हो कि म पनि काशी मै बस्तछु, त्यहीं मेरो घर छ। त्यहाँ पछि उनीसँग धेरै वेर कुराकानी भयो। कुराकानीमा कुनै कुनै बखत ती युवती पनि बीच बीचमा केही बोल्दै थिइन्—किन्तु मसित होइन तिनै प्रौढासँग। शिक्षित भए पनि तिनले सर्वथा अपरिचित युवक सित सहसा संभाषण गर्न अनुचित ठानिन् होला। यसै बीच उनको विषयमा मैले प्रायः सबै थाहा पाएँ। ती दुई पनि काशीकै थिए। युवती प्रौढाकी दिदीकी छोरी रहिछन्। प्रौढा 'इटावा" मा बस्ति रहिछन्। युवती धेरै समयदेखि नदेखिएकी सानीआमालाई

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

सम्मान गर्न इटावामा गएकी थिइन्। काशीबाट "तिम्रो विवाह निश्चित भयो छिटो आऊ" भनी पिताले पठाएको तार पाएर सानीमा सित काशी जान लागेकी रहिछन्। आउने विवाहमुहूर्तमा उनको विवाह हुने छ। वर काशीमै कुनै निश्चित गरेको छ।

युवतीलाई राम्ररी हेरेर मैले निश्चय थाहा पाएँ। यी उनै युवती हुन् जसलाई मैले मृत्खण्डमा देखेको थिए। मृत्खण्डमा देखिएको आकृति भन्दा वास्तविक उनको आकृतिमा सयगुना बढी सौन्दर्य देखें। सबै तरहबाट उनीमा म आकृष्ट पनि भएँ।

मैले मनमा विचार गरें—"ती महात्माको भनाइ अनुसार अरू सबै ठीक छ। त्यही स्टेशन, उनै सुन्दरी, तर यिनको विवाह काशीकै कुनै वरसित निश्चित छ भन्ने सुन्दछु। यति सम्म त सबै महात्माको वचन सत्य भयो, तर मुख्य फलैमा मेरो दौर्भाग्यले त्यो न मिल्ला कि? यदि यी तरुणीसित मेरो विवाह भएन भने निश्चय ती महात्मालाई पाखण्डी भन्नेछु।" इटावाबाट कानपुरसम्मको बाटो सुखले बित्यो। फेरि मैले मनमा विचार गरें—"यिनको पिताको नाम र वासस्थान मैले थाहा पाइहालें। ती काशी मै बस्तछन्। त्यस्तो कुनै प्रयत्न गर्नुपर्ला जसबाट यिनका पिताले मसितै विवाह गरिदेलान्। होस्, आमालाई उद्योग गर्न लगाउंछु। जसरी ती महात्माको वाणी सत्य प्रमाणित होला, त्यस्तै मैले प्रयत्न गर्नुपर्छ।"

यसरी मनमा विचार गर्दै समयमै कानपुर ओर्लें। ओर्लने समयमा फेरि पनि ती तरुणी र पिताको वासस्थान सोध्दा ती प्रौढाले निःशङ्क बताइन्। ती तरुणीले पनि लज्जापूर्वक कटाक्षले मलाई हेरिन्। त्यस विषयमा म कस्तो उत्कण्ठित भएको छु उनी कसरी जानून्।

यो घटना भएको पनि धेरै दिन बिते। ती तरुणी र ती प्रौढा-लाई मैले बिर्सन सकिन। एक महिनापछि आफ्नो घर काशी आएँ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

मैले मनमा विचार गरें—"मार्गमा देखिएकी तरुणीको विषयमा सबै कुरा प्रकट गरी भन्नु पर्ला, यसैसंग म विवाह गर्छु, अरूसित गर्दिन। यस पछि मेरी माताले जुन कुनै उपायले पनि मेरो अभीष्ट केटीसँग विवाह गराइ दिनु हुने छ।" यस्तो विचार गर्दै काशी आएपछि भोलिपल्टै आमासँग एकान्तमा कुरा गर्ने अवसर पाएँ।

मैले साहसपूर्वक भनें—"आमा, ! मेरो विवाहको विषयमा केही भन्नु छ।"

आमाले आश्चर्यसित भन्नु भयो—"बाबु के भन्नु छ ?"

मैले भनें—"तपाईंले निश्चित गर्नुभएको मेरो विवाहलाई लिएर केही भन्न चाहन्छु।"

आमाले भन्नु भयो—"विवाहको उद्देश्य गरेर के भन्दछौ ए! के फेरि नकार पिशाचिका तिमीलाई चढ्यो ?"

मैले भनें—"होइन होइन, नकार पिशाचिका चढेको छैन। यो म भन्न चाहन्छु तपाईंले निश्चित गर्नु भएकी कन्यासँग मलाई विवाह गर्न इष्ट छैन।"

आमाले आश्चर्यपूर्वक सोध्नुभयो—"के कारण बाबु ! के तिमी ती कन्याको कुनै दोष सुनेका छौ ? मैले ता त्यसको कुल शील राम्रो सित थाहा पाएकी छु। त्यो ता अतीव सुशीला छे। अब के कारण तिमीले निषेध गर्नामा ?"

मैले भनें—"होइन होइन, त्यसको कुनै दोष वा गुण मैले सुनेको छैन। वास्तविक कुरा ता यो हो—मैले कुनै अर्को कन्या निश्चित गरेको छु।"

आमा मेरो यो भनाइले आकाशबाट खसेजस्तो हुनु भयो। विस्मयपूर्वक भन्नु भयो पनि—"बाबु ! ललित ! अब यो कसरी भयो !

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

तिमी ता पहिले विवाहको प्रस्ताव पनि स्वीकार गर्दैनथ्यौ, अहिले आफैं कन्या निश्चित गर्न लागेका छौ। आधुनिक युवाहरूलाई पिता माताको वास्तै हुँदैन, पढेर लेखेर ता त्यसरी चतुर हुन्छन् जसरी पत्नीको निर्वाचन पनि आमा बाबुले गरेको अनुमोदन गर्दैनन्। भैगो भन, कुन कस्ती कन्या तिमीले निश्चित गरेका छौ ?"

मैले लाज मानेर भनें—"यहींकी नै ती कन्या हुन् अनि हाम्रो सजातीय नै हुन्। मैले लवपुरबाट फर्कंदा रेलमा तिनलाई देखेको हो। दशाश्वमेधमा बस्ने नारायणप्रसाद की ती कन्या हुन्। आमाले एक छिन आश्चर्यसित मेरो मुख हेर्नु भयो। त्यहाँ पछि खूब हाँस्नु भयो। म ता विना कारण हाँस्न लाग्नु भएको आमालाई देखेर ज्यादै सम्भ्रममा परें। मेरो भनाइमा हाँस्नाको कारण केही थिएन। अनि मेरी आमाले त्यहाँबाट जुरुक्क उठी आफ्नो कोठामा गएर त्यहाँबाट एक तसवीरको फल्याक ल्याएर मेरो हातमा दिई मुसुक्क हाँसी सोध्नु भयो —"के यही कन्याको उद्देश्य गरी तिमी भन्दछौ ?" ज्यादै आश्चर्य भएर मैले केही भन्न सकिन। मैले हेरें त्यो तसवीर त्यही युवतीको थियो जुन मैले रेलमा, महात्माको कुटीमा, माटोको डल्लोमा देखेथें। मैले स्वर कपाउँदै सोधें—आमा! यो तसवीर तपाईँको नगीचमा कसरी आयो ? के यी कन्यालाई तपाईँ जान्नु हुन्छ ? आमाले शिर हल्लाएर भन्नु भयो – हो, अवश्य म जान्दछु, यदि मैले नजाने अरू कसले जान्ने ? यिनैसँग मैले तिम्रो विवाह निश्चित गरेकी छु। तिमीलाई देखाउने मैले यो तसवीर ल्याएकी हुँ। मैले चिठीमा पनि त्यही लेखेको थिएँ के विर्स्यौ ?"

म के भनूँ कसरी सबै वृत्तान्त निवेदन गरूँ, जो एक वर्षदेखि यी युवतीलाई हृदयमा धारणा गरिरहेको छु। परन्तु यो अद्भुत संयोग भयो, महात्माको वाणी कसरी सबै तरहबाट प्रमाणित भयो। के यो भगवान्‌को कृपा यद्वा मेरो सौभाग्य अथवा महात्माको सिद्धिप्रभाव के हो ?

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

मेरो विवाह त्यही कन्यासित सम्पन्न भयो । मैले निश्चय जानें, जो महात्माले भन्नु भएको थियो त्यो सबै अक्षरशः सत्य भयो। त्यसमा अलिकति पनि मिथ्या भएन । कुन शक्तिले कुन बलले महात्माले यो भन्नु भयो, देखाउनु भयो भन्ने ता अलिकति पनि म थाहा पाउन्न। ती महात्माको फेरि मैले दर्शन पाइन। खोजी गर्दा पनि पाइन। गङ्गातटलाई छाडी जानु भएको धेरै समय व्यतीत भयो। त्यहाँदेखि धर्मकर्मलाई पाखण्डीपन भन्न मैले छाडें । साधु माइ र महात्मामा मेरो चित्तमा श्रद्धा उत्पन्न भयो। यो पनि मैले जानें। हुनता यस संसारमा धेरै पाखण्डी छन् तै पनि कतिपय सत्यसिद्ध महात्मा पनि छन्। शास्त्र, ईश्वर, धर्मकर्मादि सबै यथार्थ हुन्। कदाचित् मेघश्याम त्यो घटनालाई लिएर मलाई सोध्दछ— के रे! ललित ! के साधु महात्माहरूमा विश्वास गर्दछौ ? म जवाफ दिन्छु —"अवश्य विश्वास गर्दछु, यदि ती वास्तविक महात्मा होलान्। बनावटी सिद्धमा ता मेरो विश्वास छैन।"

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

पण्डितराज श्रीसोमनाथ सिग्देलज्यूको संक्षिप्त जीवनी

—उपप्रधानाचार्य श्रीरामचन्द्र पौडेल

नेपालको राजधानी काठमाडौं झोछे टोल निवासी पं. मुक्तिनाथका सुपुत्र वेदवेदाङ्ग धर्मशास्त्र आदि शास्त्रका विद्वान् आत्रेयगोत्र र सिग्देल थरका जगन्नाथ शर्माकी धर्मपत्नी लक्ष्मीदेवीको पवित्र गर्भबाट १९४१ साल आश्विन शुक्लचतुर्दशीका दिन शुभ मुहूर्तमा पूज्यपाद गुरुवर्य सोमनाथज्यूको जन्म भएको थियो।

पण्डित जगन्नाथ सिग्देल वेदान्तका विशिष्ट विद्वान् गनिनु हुन्थ्यो। रानीपोखरी संस्कृत प्रधान पाठशालाको अध्यापक हुनु-हुन्थ्यो। श्री५महाराजाधिराजको दरबारमा पढाउन पनि जानु भएको थियो। वहाँको पनि प्रसिद्धि फैलिएकै थियो।

माताजीको स्नेहपूर्ण पालन पोषणमा शरीर हृष्टपुष्ट हुँदै गयो र पाँचवर्ष लागेपछि अक्षरारम्भ भयो। थोरै समयमा नै 'हुने बिरुवाको चिल्ला पात' भन्ने उक्ति सार्थक गराउँदै साधारण व्यावहारिक विषय-हरू जानिसक्नु भएको थियो त्यसैले आठौँ वर्ष कहिले शुरु होला भनी प्रतीक्षा गर्नु भएका पिताजीबाट विधिपूर्वक उपनयन संस्कार सम्पन्न भयो।

स्वतः प्रखरप्रतिभा-युक्त बालक संस्कार गरेर गायत्री माताको कृपापूर्ण दृष्टि पर्दा त आगामा घ्यू परेजस्तै बल्दो जल्दो असाधारण प्रतिभासम्पन्न हुनुभयो। पिताजीबाट नै वेदाध्ययन पूरा गरी निम्न

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

कक्षाका काव्य कोश व्याकरण आदि थोरै समयमा कण्ठस्थ गरेर आफ्ना सहपाठीहरूलाई चकित पार्नुभयो।

दशवर्षको उमेरमा नै अध्यात्मरामायण परमपूज्या माताजीलाई अर्थ समेत सुनाएर माताजीको विशेष स्नेहपात्र बन्नु भएको थियो।

व्याकरणशास्त्रमा ख्यातिप्राप्त विशिष्ट विद्वान् रानीपोखरी संस्कृत प्रधान पाठशालाका प्रधानाध्यापक विष्णुहरि रिमालसित सिद्धान्तकौमुदी र त्यस्तै योग्य विद्वान् गङ्गादत्त गौतमबाट अरू काव्यादिग्रन्थहरूको अध्ययन गर्न लाग्नु भयो। १४ बर्षको उमेरमा १९५५ सालमा व्याकरण सम्पूर्णमध्यमाका सबै ग्रन्थहरू यथावत् पढी उपस्थित गर्नु भयो।

त्यसभन्दा अगाडि बनारसमा परीक्षादिन पठाउने व्यवस्था थिएन। त्यही सालमा नै पहिलो पटक परीक्षादिन पठाउने हुनाले राम्रो श्रेणीमा समुत्तीर्ण नभए नेपालको गौरव रहने छैन भन्ने विचार गरी अरू एकवर्ष पढाएर मात्र पठाउने भन्ने त्यससमयका उच्च अधिकारीबाट निर्णय भएकोले त्यस वर्ष परीक्षा दिन पठाइने २ जना मध्ये गुरु र सहाध्यायी यज्ञदत्त उपाध्यायले एक वर्ष पर्खनु पर्ने समस्या आयो।

गुरुले सबै ग्रन्थहरू तयार गरिसक्नु भएको थियो र एकवर्षको समय खेरफाल्न योग्य न सम्झी गुरुज्यूका छोराहरूलाई न्याय पढाउन झिकाइएका न्यायका विद्वान् सहदेव झा सँग न्यायशास्त्रको अध्ययन गर्न लाग्नु भयो। वहाँ काठमाडौं प्यूखा टोलमा ब्रह्मदत्त अर्यालको घरमा डेरा गरी बस्नु भएको थियो। वहाँलाई दिउसो फुर्सत नहुनाले राती लाल्टेन बालेर पढ्नजाने गर्दथें भनेर हामीलाई गुरुले भन्नु भएको थियो।

एकैवर्षमा न्यायविषयका सम्पूर्णमध्यमामा पढिने ग्रन्थ तयार

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

गर्नु भयो । पढिसकेका पाठमा सोधेका प्रश्नहरूको सबै उत्तर पाएपछि झा गुरु प्रसन्न भएर पढाउँदा पढाउँदै रात धेरै बित्ने हुनाले अबेर घर पुगे बापत पिताजीको खप्की खान पर्दथ्यो भन्नुहुन्थ्यो ।

१९५६ सालमा १५ वर्षको उमेरमा काशीमा गएर न्याय सम्पूर्ण मध्यमा पास गर्नु भयो ।

त्यस समयको चलन अनुसार १३ वर्षको उमेरमा नै सुब्बा कुञ्जरमणि नेपालकी सुपुत्री गिरिजादेवीका साथ गुरुको विवाह भैसकेको थियो ।

त्यसपछि वाराणसी मै बसेर सबै शास्त्रका विद्वान् भएर पनि न्याय शास्त्रमा विशेष प्रसिद्धि पाएका महामहोपाध्याय कैलासचन्द्र शिरोमणि महाचार्यको अन्तेवासी भएर न्यायशास्त्रका उच्चकोटिका ग्रन्थहरूको अध्ययन गर्न लाग्नु भयो ।

त्यस्तै अर्का दिग्गज विद्वान् महामहोपाध्याय गङ्गाधर शास्त्री सि. आइ. इ. लाई आफ्नो प्रतिभाले प्रसन्न गराएर साहित्यमीमांसा र धर्मशास्त्रको अध्ययन गरेर विशेष योग्यता सम्पादन गर्न लाग्नु भयो । त्यस्तैते स्रा वेदान्त शास्त्रको अन्तस्तलमा पुगेका सुब्रह्मण्य शास्त्रीको कृपाले वेदान्तका उच्च ग्रन्थहरूको अध्ययन गर्न लाग्नु भयो ।

माताजी पनि स्नेहले पुत्रलाई छोड्न नसकी बनारसमा नै जानुभएको थियो । एक वर्ष सम्म रोगी माताजीको सेवा गर्नु भएपछि श्रीविश्वनाथजीको चरणमा माताजीले देहत्याग गर्नु भयो । मातृवियोग-जन्य शोकलाई धैर्यपूर्वक सहेर आफ्नो अध्ययनमा दत्तचित्त हुनु-भयो ।

यसरी सबै शास्त्रहरूको अध्ययन गर्दै गए पनि एक वर्षमा एक विषयमा मात्र परिक्षा दिन पाउने नियम हुनाले न्यायको मात्र

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

प्रतिवर्ष परीक्षा दिंदै जानुभयो। त्यही समयमा संस्कृतमा लेख लेख्ने अभ्यास बढाउने उद्देश्यले अरू साथीहरूलाई समेत प्रेरणा गरेर सूक्ति-सुधा नाम गरेको मासिक संस्कृत पत्रिका र नेपाली भाषाको उन्नति-का निमित्त मासिक सुन्दरी पत्रिका पनि चलाउनुभएको थियो। यसरी पढ्दै गएर नव्यन्यायमा आचार्य पास गर्न भयो। त्यस बखतमा प्रथमश्रेणीको नम्बर पाउनेले आचार्य र द्वितीयश्रेणीको नम्बर पाउनेले उपाध्याय पदवी पाउने नियम थियो। यसैको बीचमा कलकत्ताबाट साहित्यतीर्थ पनि उच्च श्रेणीमा पास गर्नुभएको थियो।

१९६३ सालमा पिताजी गयाश्राद्ध गर्न गयाजीमा आउनुभएको बखतमा पिताजीको दर्शन गर्न गया नै जानु भयो। वेदान्तका विशिष्ट विद्वान पिताजीबाट वेदान्तका उच्चकोटिका प्रश्नहरू सोध्दा सबै प्रश्नहरूको यथावत् उत्तर दिनुभएपछि पिताजी हर्षले गद्‌गद् हुनु-भएको कुरा हामीलाई सुनाउनु भएको थियो।

श्री गुरु नव्यन्यायमा आचार्य पूरा भएपछि पनि विद्याको उन्नतिका लागि बनारसमा नै बस्नु भएको थियो। तर आफ्नो इच्छा अनुसार सबै कुरा हुन नसक्ने हुनाले अकस्मात् पिताजीको स्वर्गारोहणको वज्रपात उहाँको शीरमा पऱ्यो।

यसरी करीब नौ वर्ष काशीमा बिताएर १९६४ सम्वत्‌मा २४ वर्षको उमेरमा नेपाल काठमाडौं आफ्नो घर फर्कनु भयो।

परिवारलाई पाल्ने भार आफ्नै काँधमा आएकोले त्यही वर्षको फाल्गुन महिनादेखि नै रानीपोखरी संस्कृत प्रधान पाठशालाको अध्यापक भएर पाठशालामा र घरमा समेत छात्रहरूलाई पढाउन लाग्नुभयो। ३० वर्षको उमेर हुँदा पनि सन्तानको मुख देख्न नपाएर छटपटाउनु भएकी धर्मपत्नी गिरिजादेवीको प्रार्थनालाई त्याग्न नसकी

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

गु. पु. केशवराज सत्यालकी पुत्री दोलकुमारी कन्यासित १९७० सालमा विवाह गर्नु भयो। तर लगत्तै प्रथम धर्मपत्नी गिरिजाबाट पहिले शान्तादेवी कन्या र पछि एक पुत्ररत्न पैदा भए। खाली अपुत्रत्व दोष हटाउन मात्र मुख देखाएको हुनाले २ वर्ष पुगेपछि पुत्रको देहान्त भयो। विद्वान्हरूले विपद पर्नुलाई परीक्षा संझिने हुनाले पुत्रशोकले गुरुलाई ज्यादै असर पार्न सकेन। १९७२ साल आश्विनमा त्यस पाठशालाको प्रधान ध्यापक हुनुभयो। योग्यवरका साथ स्नेहमयी छोरी शान्तिदेवीको विवाह गरिदिनु भयो तर दुःखको कुरा छ थोरै समयमा नै बालविधवा भएर उनीले सधैँका निमित्त तपस्यामा रहनु पर्‍यो।

द्वितीय सहधर्मिणीबाट सन्तानै न भएको र छोरीको वंश-परम्परा पनि टुटेको देखी विह्वल हुनु भएकी प्रथम धर्मपत्नीले नै खोजी रोजी ठीक गरिएकी देवीप्रसाद खतिओडाकी पुत्री ललितादेवीका साथ ४० वर्षको उमेरमा १९८० सालमा विवाह गरेर ज्येष्ठ पत्नी गिरिजाको प्रेरणालाई पूरा गराउनु भयो।

श्रीगिरीजादेवीले कान्छी बहिनीबाट सन्तान हुन् भनी धर्म-कर्म औषधोपचार प्रशस्त मात्रामा गर्न लगाउनु भयो, तैपनि सन्तान नभएपछि अरू अकिञ्चन ब्राह्मणहरूको कन्यादान गरिदिएर चित्त-शान्त गर्नु भएको थियो।

१९९५ सालमा श्री३ महाराज जुद्धशमशेर ज. ब. रा. बाट सप्ताह सुन्न इच्छा गरी सबैको भन्दा छीटो वाचक हुने योग्य विद्वान्‌को खोजी हुँदा वहाँले नै प्रथम स्थान प्राप्त गर्नु भयो र त्यस सप्ताह-वाचन द्वारा राजालाई खुशी गराएर ठूलो इज्जत कमाउनु भएको थियो।

१९९६ सालमा दार्जलिङ गएर धीरधामको प्रतिष्ठा कार्यमा आचार्य हुनुभयो।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

१९९७ साल माघ महिनामा श्रीपशुपतिनाथको चरणतलमा प्रथमपत्नी गिरिजादेवीले देहसमर्पण गरेपछि बालककाल देखिकै सहचारिणी परमप्रेयसी धर्मपत्नीको वियोगले केही समयसम्म हृदयाकाशलाई अविवेक रूपी अन्धकारले ढाकी गुरुलाई छटपट पारिदियो। तर ज्ञानरूपी प्रकाशको सहाराले थोरै समयमा नै अन्धकारलाई हटाएर आफ्नो कर्तव्य तर्फ लम्कदै जानुभयो।

१९९८ सालमा अलौकिक विद्वत्ताबाट प्रभावित श्री ३ जुद्धबाट गोरखादक्षिणबाहु चारौं कक्षाको पदकले विभूषित हुनुभयो। २००१ सालमा १६ वर्ष सेवा पूरा भएकोले दीर्घसेवापट्ट पदक पाउनु भयो।

घण्टाघर वीरपुस्तकालयमा प्राचीन ताडपत्र हस्तलिखित आदि दुर्लभ र अमूल्य ग्रन्थहरू त्यसै पढिरहेका थिए। त्यसको सूचि तयार गर्न साहस कसैमा नदेखेर परिश्रमसाथ नयाँ एक सूचि तयार पारिदिई त्यस समयका अंग्रेजी शिक्षा विभागका अध्यक्ष जनरललाई चकित पारिदिनु भएको थियो। त्यस समयदेखि नै आकर्षित भएर अंग्रेजी शिक्षा तर्फ गुरुलाई लैजान अर्थ र मानको प्रलोभन देखाउँदा पनि विचलित नभई संस्कृत सेवा तर्फ नै सेवा गर्दै आउनु भएको थियो।

प्रजातन्त्र भएपछि २००८ सालको जन्मोत्सवमा श्री ५ त्रिभुवनबाट गोरखादक्षिणबाहु तेस्रो दर्जाको पदक बक्सी विद्वान्को कदर गरिबक्सियो।

संस्कृत शिक्षाको उन्नतिका निमित्त आचार्य कक्षासम्मको पढाइ हुने राजकीय संस्कृत महाविद्यालयको २००६ साल ज्येष्ठमा उद्‌घाटन भएपछि प्रधानाचार्य भएर महाविद्यालयको उन्नति गर्दै लैजानु भयो।

दर्शनको प्रचारका निमित्त खुलेको दार्शनिक सङ्घको सभापति भएर दर्शनको गोष्ठीहरू चलाउनु भएको थियो।

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

संस्कृतको प्रचारका निमित्त संस्कृत-प्रसारिणी-समिति खोलेर आफू अध्यक्ष भई सक्दो प्रयास गर्नु भयो र त्यस्तै नारीविद्यापीठ खोलेर संस्कृतमा स्त्री शिक्षाको सूत्रपात गर्नुभयो, जसबाट अहिले संस्कृतमा शास्त्री पास भएका धेरै विदुषीहरू देखिएका छन्।

२००६ सालमा वनारसमा भएको अखिल भारत संस्कृतज्ञ सम्मेलनमा आफ्नो अलौकिक विद्वत्ताले सारा भारतवर्षका विद्वान्-हरूलाई चकित पार्नुभयो।

२०११ साल चैत्र महिनामा स्वर्गीय श्री ५ महेन्द्रको गद्दीमा आरोहणको शुभ अवसरमा वहाँको सेवा राष्ट्रलाई सधैँ आवश्यक सम्झी मौसूफबाट आजीवन वृत्ति बक्सियो।

२०१३ सालमा श्री ५ महेन्द्रको शुभराज्याभिषेक हुँदा राज्याभिषेकको काम मिलाउने सौभाग्य वहाँले नै पाउनु भएको थियो।

गुरुले भारतका पवित्र स्थल, पवित्र पुरी, तीन धाम र पश्चिम नेपालका तीर्थस्थलहरूको भ्रमण देवदर्शन आदि पहिले नै गरी सक्नु भएको थियो।

२०१५ सालमा बदरीनाथ र केदारनाथको दर्शन गर्न सपरिवार पाल्नुभयो। धर्मक्षेत्र, तीर्थ, देवमन्दिर, तपोभूमि आदि पवित्र स्थल-हरूको महिमा साक्षात् अनुभव गरेर फर्केपछि वदरीधाम आदिस्थानमा रहँदा पाएको अपूर्व आनन्दको अनुभव गर्नु भएको बयान आजसम्म पनि हाम्रो कानमा गुञ्जी रहेको छ। त्यो सम्झदा असीम आनन्दले विभोर हुनुभएको वहाँको आकार पनि मानसपटलमा ताजै छ।

२०१४ सालमा श्री ५ महेन्द्रबाट राष्ट्रभाषाको उन्नतिका निमित्त राजकीय प्रज्ञाप्रतिष्ठानको स्थापना गरिबक्सँदा मौसूफ स्वयं

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

कुलपति होइवक्सी गुरुलाई त्यस प्रतिष्ठानको सदस्य भई काम गर्न योग्य संझेर राजकीय संस्कृत महाविद्यालयको प्रधानाचार्य पद छोडी त्यस प्रतिष्ठान लाई सफल पार्ने हुकुम भयो।

५० वर्ष संस्कृतशास्त्रको सेवामा जीवन अर्पी महाविद्यालय समेत खडा गरिसकेकोले उन्नत संस्था भएपनि अर्को तर्फ जाने आन्तरिक इच्छा थिएन। तर पनि सरकारको हुकुमलाई शिरोपर गरी आजीवनको वृत्ति त्यागी राष्ट्रभाषाको सेवा गर्नु भयो। वहाँलाई प्रतिष्ठानको कार्यालयमा सधैं हाजिर हुन नपर्ने सुविधा मिलेको थियो।

आजकालका छात्रहरूलाई सिद्धान्तकौमुदी तयार गर्न कठिन भएको देखी व्यवहारोपयोगी सूत्र धातु, शब्द र उदाहरण आदि मात्र समावेश गरेर छात्रहरूको निमित्त मूलमा र महाभाष्य शेखर आदिका प्रयोग सम्बन्धी विषयहरूलाई एकत्र गरी टिप्पणी मा राखेर अध्यापकहरूको निमित्त उपयोगी बनाई अहिलेको युगलाई सुहाउँदो 'प्रतिसंस्कृतासिद्धान्तकौमुदी' तयार गर्नु भयो, जसले वहाँको व्याकरण विषयक अगाध पाण्डित्यलाई विज्ञजन समक्ष ल्याइदिएको छ।

महाकाव्यको लक्षण अनुसार नेपालीमा महाकाव्य कुनै पनि विद्वान्बाट नबनेकोले ती सबै लक्षण नियमहरूलाई समावेश गरेर नेपाळी महाकाव्य आदर्शराघव बनाउनु भएको छ। यसले नेपाली भाषालाई ठूलो प्रतिष्ठा दिलाएको छ।

साने किताप भएपनि धेरै विषयहरू समावेश भएको आदर्श राघव-पुष्पाञ्जलिमा संस्कृत पद्यनिर्माणमा आफ्नो प्रकाण्ड विद्वत्ताको परिचय दिनु भएको छ। वहाँ नेपाली व्याकरणका पनि महान् स्तम्भ हुनुहुन्थ्यो। व्याकरण-विषयक जस्तै सन्देह पनि युक्तिपूर्वक निराकरण गरिदिनु हुन्थ्यो। मध्यचन्द्रिकाबाट यो कुरा स्पष्ट देखिएको छ।

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

२०१५ सालमा वाराणसेयसंस्कृतविश्वविद्यालयमा ठूलो संस्कृत कविसम्मेलनको आयोजना गरिएको थियो, त्यसमा सभापति हुने निमन्त्रणालाई वहाँले सहर्ष स्वीकार गर्नुभई अपूर्व ध्वनि र श्रुतिमनोहर शब्दार्थयुक्त आफ्ना कविताहरू सुनाएर सम्मिलित कविहरूलाई मुग्ध पार्नु भएको थियो। त्यसै वर्ष वाराणसीका लब्ध-प्रतिष्ठ संस्कृतका विद्वान्हरूलाई निमन्त्रणा गरेर ठूलो विद्वद्गोष्ठीको आयोजना गर्नु भएको थियो।

२०१६ साल आश्विनमा त्रिभुवनविश्वविद्यालयमा स्नातकोत्तर कक्षाको प्राध्यापन कार्य शुरू भयो। नेपाली एम. ए. मा पढाउन त्यहाँका अधिकारीले गुरुलाई अनुरोध गरे। ७५ वर्षको उमेरमा पनि देश-सेवाका निमित्त तत्पर भई अरू प्राध्यापक नमिलेसम्म निःशुल्क प्राध्यापन सेवा गर्नु भएको थियो।

२०१६ साल माघ महिनामा राष्ट्रपिता श्री ५ महेन्द्रबाट राष्ट्रको कल्याणका निमित्त कोटिहोम लगाइबक्सेको थियो। सो यज्ञको आचार्य गुरु नै हुनुहुन्थ्यो। ४५ दिनमा कोटिहोमको साङ्ग भयो। सो शुभ अवसरमा वहाँको विद्वत्ता र कार्यकुशलता आदिको कदर गरिबक्सी वहाँलाई मौसूफबाट 'पण्डितराज' पदवीले सुशोभित गराइ बक्स्यो।

२०२० साल आषाढमा शुभजन्मोत्सव समारोहमा प्रज्ञा-प्रतिष्ठानमा गर्नु भएका स्तुत्यकार्यबाट गोरखादक्षिणबाहु प्रथम-दर्जाको पदक पाउनु भयो।

५० वर्ष विद्यालयमा र ८ वर्ष राजकीय प्रज्ञाप्रतिष्ठानमा महत्त्वपूर्ण योगदान दिएर २०२२ सालमा ८१ वर्ष उमेर पुगेपछि अवकाश लिई ऐहिकभन्दा पारलौकिक विषयतर्फ विशेष ध्यान दिन लाग्नु भएको थियो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

२०२४ सालमा राष्ट्रभाषाको उत्थानमा सक्रिय सहयोग गरे वापत राजकीय प्रज्ञाप्रतिष्ठानबाट रू. १००००। दश हजारको त्रिभुवन पुरस्कार पनि प्राप्त गर्नुभएको थियो ।

पूर्वजन्ममा पुण्योपार्जन गरेका भाग्यमानी मानिसहरू यस जन्ममा पनि विषय भोगमा सधैँ लुटपुटिएर बस्न इच्छा गर्दैनन्, चार आश्रमको व्यवस्था अनुसार वृद्ध भएपछि प्रवृत्तिमार्गबाट निवृत्तिमार्गतर्फ लाग्दछन् । त्यसैले गुरुवर्यले पनि त्यो बाटो अपनाउन धेरै पहिलेदेखि जंको गर्दा पनि सफल हुन सक्नुभएको थिएन । पछि आएर वहाँको आन्तरिक अभिलाषा पूर्ण भयो ।

पूर्वकालमा धेरै कार्यभार आदि पर्ने हुनाले वहाँलाई फुर्सत कमै हुन्थ्यो तैपनि समय निकालेर एक क्षण पनि खेर नफाली संस्कृत र नेपालीमा धेरै ग्रन्थहरू लेख्नु भएको छ। ती ग्रन्थहरू विद्वत्तापूर्ण उच्चकोटिका ग्रन्थहरू हुनाले पछिसम्म पनि कीर्ति कौमुदीले गुणग्राही-हरूलाई मुग्ध पार्ने छन् ।

संस्कृतमा लेख्नु भएका ग्रन्थहरू

१	प्रतिसंस्कृता सिद्धान्तकौमुदी	प्रकाशित
२	आदर्शराघव-पुष्पाञ्जलि	,,
३	अनुवाद चन्द्रिका १, २, ३, ४ भाग	,,
४	संस्कृत चन्द्रिका	,,
५	सुन्दरचम्पूः	,,
६	चन्द्रशतकम्	अप्रकाशित
७	पञ्चामृतम्	,,
८	फुटकर कविताहरू	,,
९	फुटकर गद्यहरू	,,

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

नेपालीमा लेख्नुभएका ग्रन्थहरू

१ साहित्य-प्रदीप	प्रकाशित
२ आदर्शराघव महाकाव्य	"
३ मध्यचन्द्रिका	"
४ लघुचन्द्रिका	"
५ उपदेशशतक छायानुवाद	"
६ चारुचर्या छायानुवाद	"
७ दिगम्बर-विवाह प्रहसन	"
८ सनातन धर्म सन्देश	"
९ मुद्राराक्षस अनुवाद	अप्रकाशित
१० वाशिष्ठदर्शन	"
११ फुटकर कविताहरू	"
१२ फुटकर गद्यहरू	"

गुरुजी संस्कृतमा लेख लेख्दा खेस्रा नगरी एकैपल्ट सक्कल लेख लेख्न सक्नु हुन्थ्यो र हामीहरूले आश्चर्य मान्दा भन्नुहुन्थ्यो- यो महामहोपाध्याय गङ्गाधर गुरुजीबाट पाएको प्रसाद हो। वहाँ हामीहरूलाई पढाउँदा पढाउँदै धर्मशास्त्र सम्बन्धी निर्णयको लम्बे लम्बे लेख सरसर्ति लेखी फेरि न दोहोऱ्याई निर्णय लिन आउनेलाई दिएर पठाउनुहुन्थ्यो इत्यादि। हाम्रा गुरुजी पनि पढ उँदा कुनै कुनै श्लोकमा टीकाकारको अर्थमा सहमत नभई त्यो भन्दा यो अर्थ राम्रो हुन्छ भनी खेस्रा नगरी पुस्तकको छेउमा टिप्पणी लेखिदिनु हुन्थ्यो। यसरी लेखिदिनुभएका टिप्पणीहरू हामीले पढेका किताबहरूमा छँदै छन्।

ग्रन्थहरूका ज्यादै कठिन स्थलहरूको पनि सार सार खिचेर छात्रहरूलाई बुझाउन सक्ने शक्ति वहाँमा अलौकिक थियो। वहाँका आँखा पनि यति तेजिला र तीखा थिए कि-किताबको मूल बाँच्दा

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

टीका समेत हेरिसक्नु हुन्थ्यो र अर्थ गर्दा टीकाको भाव पनि पढाइ दिनु हुन्थ्यो ।

अर्को एउटा विशेष कुरा पनि वहाँमा देखिएको थियो । सरस्वती र लक्ष्मीको सहवास प्रायः देखिदैन तर लगनशीलता र सर्वतोमुखी प्रतिभा आदि गुण हुनाले वहाँलाई दुवैले छोड्न सकेका थिएनन् ।

आफूले जग बसाएको वाल्मीकि संस्कृतमहाविद्यालयमा ज्यादै प्रेम हुनाले त्यहाँका छात्रहरूलाई पठन पाठनका निमित्त उपयोग होस् भन्ने ध्येयले आफूले जनमभर उपार्जन गरेका हस्तलिखित समेत संस्कृत नेपाली, हिन्दी, आदिका सबै कितपाहरू महाविद्यालयलाई समर्पण गर्नु भयो, जसमा आजकाल नपाइने संस्कृतका दुर्लभ ग्रन्थहरू पनि परेका छन् ।

वहाँले साहित्य, धर्मशास्त्र वेदान्त, दर्शन साङ्ख्ययोग आदि धेरै विषयमा आचार्यसम्म पढाएर प्रथम श्रेणीमा उत्तीर्ण गराएका धेरै छात्रहरू विद्वान् भएर वाल्मीकि संस्कृतमहाविद्यालयमा प्राध्यापक पदमा र अन्यत्र पनि उच्च आसनमा रहेका छन् । त्यसमा यो लेखक पनि परेको छ । मध्यमासम्म पढेर जाने छात्रहरूले त मेचीदेखि महाकालीसम्म डाँडाकाँढा ढाकेका छन् ।

वहाँ ८८ वर्षको उमेरसम्म पनि शास्त्रका विशेष कुरा सोध्न जानेलाई सन्देह हटाइदिनु हुन्थ्यो र त्यसरी सोध्न आएकोमा शास्त्रको चर्चा गर्ने मौका मिलेकोले ज्यादै खुशी हुनुहुन्थ्यो । हामीहरूलाई पनि आइरहोस् र नजानेको कुरा सोधिरहोस् भन्ने भावना राख्नु हुन्थ्यो । हामी पनि दर्शनको साथसाथै सन्देह भएमा सो निराकरण र विशेष उपदेश पनि प्राप्त हुने हुनाले गइरहने गर्दथ्यौं । आलस्यवश १०।१५ दिन नगरमा खुच्चो भएन कि भनी सोध्न पठाउनु हुन्थ्यो । जन्मवंश-

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding:

को परम्परा टुटेपनि विद्यावंशको परम्परा चलेकोले तिमीहरू नै मेरा वंशज हौ भन्नु हुन्थ्यो र ज्यादै प्रेम गर्नु हुन्थ्यो ।

अवकाश प्राप्त भएपछि जाडाको समयमा काठमाडौं उपत्यकामा वहाँलाइ बस्न कठिन पर्ने हुनाले गण्डकीको सङ्गमले पवित्र भएको नारायण घाटमा गएर बस्न लाग्नु भयो ।

गुरुको विचार थियो कि - हामी नेपालीहरूले पनि बूढो भएर निवृत्तिमार्गमा लागेपछि भगवान्‌को भजन र तीर्थसेवा गरेर बस्ने एक पवित्र तीर्थस्थल बनाउन आवश्यक छ । काशीबास जाने प्रथा जस्तै यहाँ बस्ने चलन चलेमा नेपालको गौरव बढ्ने छ, यो तीर्थको महत्त्व पनि कम छैन इत्यादि ।

त्यसैले त्यहाँ बस्न आउने साधु सन्तहरूलाई सुविधाहोस् भनेर आफ्नै तर्फबाट एक धर्मशाला बनाइदिनु भयो । सुन्दर मन्दिर बनाएर शिवलिङ्गको स्थापना गर्नु भयो । त्यहाँ नित्य रुद्राभिषेक सहित पूजा चलाउने पूजारीलाई मासिक वेतनको व्यवस्था मिलाउन गुठ पनि राखि दिनु भएको छ ।

देवघाटमा बस्नुभएका महात्मा गलेश्वर बाबाजीमा वहाँको ज्यादै श्रद्धा भक्ति थियो । बाबाले वेद पढाउन राखेको विद्यालयमा पढ्ने छात्रहरूलाई निकै मद्दत गरिदिनु हुन्थ्यो ।

पहिलेको दक्षिणी सम्प्रदायको वेदको पठन पाठनमा ज्यादै महत्व छ, त्यो सम्प्रदाय नेपालमा लुप्त हुन लाग्यो, त्यसको रक्षा गर्नु पर्दछ, त्यसलाई कसरी जोगाउने भनेर गुरु चिन्तित हुनुहुन्थ्यो । त्यो सम्प्रदायको पठन पाठनको रक्षा गर्न वनारसमा वेद पढ्न पठाएर आफ्नो तर्फबाट छात्रलाई मद्दत समेत गर्नु भएको थियो । वहाँकै प्रार्थना अनुसार श्री ५ महेन्द्रबाट पशुपतिमा वेदवेदाङ्ग विद्यालय स्थापना गर्ने हुकुम बक्सेको हो भन्ने हामीले सुनेका थियौं ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

अरू शास्त्रहरूमा पनि विद्यावंशबाट आएको गुरु-परम्पराको पढ़ाइमा विशेष महत्व हुनाले त्यसलाई रक्षा गर्नु पर्दछ, बीउ मात्र भए पनि रह्यो भने पछि फुल्ला फल्ला, यो कुरा तिमीहरूले विचार गरे, रक्षा गर्न नचुके भनी बारम्बार उपदेश दिनु हुन्थ्यो।

वाल्मीकि संस्कृतमहाविद्यालयका प्राध्यापकहरू बखत बखतमा वहाँको दर्शन गर्न जानु हुन्थ्यो। विद्वान्‌हरूलाई देख्ने वित्तिकै शास्त्रको चर्चा चलाइहाल्नु हुन्थ्यो। व्याख्या गर्दा गर्दै सोस्त हुनु-हुन्थ्यो, वहाँलाई धेरै नबोल्न प्रार्थना गर्दथ्यौँ, मन पर्दैनथ्यो शास्त्रको चर्चा गर्दै जीवन जानु अहोभाग्य हो भन्नु हुन्थ्यो।

वहाँ जस्तोसुकै अवस्थामा पनि पूजा पाठ आदि नित्यकर्म छोड्नु हुँदैनथ्यो। १०२, १०३ जरो आइराखेको वखतमा परिवार-हरूले प्रार्थना गर्दा पनि पाठ पूजा छोड्नु हुँदैनथ्यो। यसैले अहिले सम्म मलाई वचाइराखेको छ। संसारवाट विदा लिएपछि मात्र नित्यकर्म छोड्ने छु भनी जवाफ दिनु हुन्थ्यो।

पशुपतिनाथको अन्तिम पूजा गर्ने इच्छा गरी गहनाहरू समेत चढाएर महापूजा, भोग, रुद्रिपाठ आदि लगाउनु भयो। त्यसै गरी गुह्येश्वरी माईसित पनि विदा लिनु भयो। १०८ गोदानब्राह्मणभोजन दरिद्रदान, होम आदि गरेर अरू जनतालाई पनि अन्त्य समयमा गर्नु पर्ने मुख्य कर्तव्यको बोध आफूले गरेर गराइदिनुभयो।

यसरी पहिले त्यही नारायण-घाटमा नै आफ्नो देहत्याग गर्ने निश्चय गरी त्यस तीर्थको सेवा गरेर बस्नु भयो। तर २०२६ सालको वैशाख लागेपछि त्यहाँ ज्यादै गर्मी भएकोले २।३ महीनाको निमित्त काठमाडौं आउनु भयो। त्यस समयमा नारायणघाटमा स्थापना गर्नु भएका शिवजीले वाराणसीमा जाने उपदेश दिनु भयो। त्यो कुरा हामीलाई पनि उसै वखतमा सुनाउनु भएको थियो।

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

वेदका विशिष्ट विद्वान्‌बाट एक आवृत्ति सस्वर वेद श्रवण गर्नु भयो । २।३ महिना लगाएर भागवत श्रवण गर्दै हुनुहुन्थ्यो, वहाँको चाँढै बनारस जाने इच्छा थियो । गर्मी हटेको थिएन, परिवारहरूको दशैं पछि मात्र बनारस लैजाने विचार थियो, तर वहाँले सपनामा विश्वनाथजीले आफूलाई डाकेको देख्नु भएछ र चाँडै भागवत्‌को समाप्ती गरी आफ्नै विशेष आग्रहले २०२६ साल आश्विन ६ गते उहीं सम्म पुग्ने वायुयानबाट बनारस प्रस्थान गर्नुभयो । त्यही दिन काशी-मा पुगेपछि अब मलाई ढुक्क भयो, मेरो इच्छा पूर्ण भयो भन्दै असीम आनन्दको अनुभव गर्नु भएछ ।

वाराणसीमा पनि पण्डितराज राजेश्वर शास्त्री आदि धेरै विशिष्ट विद्वान्‌हरू उपस्थित भए । विद्वान्‌हरूको सहवास पाउँदा ज्यादै प्रसन्न हुनुभयो । चारै वेदका सूक्तहरू ती ती वेदका विशेषज्ञ वैदिक विद्वान्‌हरूबाट श्रवण गर्नु भयो । वेदको शुद्ध सस्वर आवाज सुन्न पाए मलाई अरू केही चाहना हुँदैन भन्नुहुन्थ्यो, प्रतिदिन शास्त्र चर्चा चल्दथ्यो ।

यसरी १६ दिन बिते पछि २०२६ साल आश्विन २८ गते आश्विन शुक्ल सप्तमीका दिन बेलुका ६।३० बजे सचेत अवस्थामा विश्वनाथजीको स्मरण गर्दै यस नश्वर देहलाई त्याग गरी परमपदमा प्राप्त हुनुभयो ।

तेजस्वी मुहार संस्कृतिलाई अंगाल्ने वेषभूषा, धर्मनिष्ठता, अलौकिक विद्वत्तायुक्त साधारण रहनसहन, उच्च विचार र असाधारण प्रतिभा आदिले महर्षिकल्प गुरुजी नेपालको शरीरधारी संस्कृति नै हुनुहुन्थ्यो । वहाँको स्वर्गारोहणबाट नेपालको अपूरणीय क्षति भएको छ । विशेष गरेर वहाँका छत्रच्छायामा दुर्केका हामीहरू त रानु हराएको मौरी-हरूको अवस्थालाई अनुभव गरी छट्पटाइ रहेका छौं । पूज्यपाद गुरुवर्यको चरणकमल हाम्रो मानससरोवरमा सधैं रहिरहोस् र

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

दिवङ्गत आत्मालाई अनुपम शान्ति मिलोस् यही श्री परमेश्वरसंग प्रार्थना छ ।

लेखेको देखेको सुनेको सोधेको मौका मौकामा गुरुले भन्नु-भएको आदि सबै सङ्कलन गरेर यो जीवनचरित लेख्ने धृष्टता गरेको हूँ । वहाँका सबै विषयहरू मलाई थाहा भएर होइन । यसमा त्रुटि भए विज्ञजनहरूले क्षमा गर्नु होला । मान्यजनको चरणमा कमलको फूल चढाउन नसके भीमसेन पाती भएपनि भक्तिपूर्वक किन नचढ़ाउने भन्ने विचारले यो जीवनचरित्र लेख्न अघि सरेको हूँ, यो जीवनी लेख्दा मैले जसजसलाई सोधें वहाँहरू सबैलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा श्री पूज्यपाद परमश्रद्धेय गुरुवर्यमा भक्तिपूर्वक श्रद्धाञ्जलि अर्पण गर्दै विश्राम गर्दछु ।

al Sanskrit University, Balmeeki Campus, Kathm

In Public Domain. Digitization by eGangotri.Funding.

आशौचको संक्षिप्त परिचय

(पूर्णाङ्क ७ को बाँकी)

—प्रा० जुननाथ पण्डित

स्त्रीको मरण हुंदा —

विवाहिता सवर्णा स्त्रीको पातित्यादि दोष नभएमा दश दिन आशौच बार्नु पर्ने कुराको यहाँ पुनः उल्लेख गरिरहनु परेन।

आफ्नो पतिलाई त्यागी आफ्नै जात वा उत्कृष्ट जातमा गएकी स्त्रीको मरण हुँदा नजीकमा भए पूर्वपति र दोश्रो पतिले पनि तीन दिन आशौच बार्नुपर्छ। छोरो नभई और्ध्वदेहिक क्रिया गर्नुपरेमा भने पूरा दश दिन आशौच रहन्छ। अनन्यपूर्वाको संग्रह छ भने ता प्रसव र मरणमा पनि पाँच दिन आशौच रहने हुन्छ।

सपत्न मातको मरण हुँदा—

दश दिनको जात्याशौच बारे केही भनिरहनु परेन। दशदिन पछि देशान्तर कालान्तर जहां जहिले सुने पनि छोरालाई तीन दिन र विवाहिता छोरीलाई पक्षिणी आशौच रहन्छ। विवाहिता छोरीले दश दिन भित्र सुनेमा भने तीन दिन आशौच बार्नुपर्छ।

पितामह र पितृव्यादिको मरण हुँदा—

विवाहिता छोरी स्नानले शुद्ध हुन्छन्। पितामही र पितृव्य-पत्नीको पनि यही आशौच हो।

दाज्यू वा भाइको मरण हुँदा—

उपनयन भएका दाज्यू या भाइको बहिनी या दिदीका घरमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundir

मरण भएमा बहिनी या दिदीलाई तीन दिन, अर्कै घरमा भए पक्षिणी आशौच हुन्छ। ग्रामान्तरमा भए एक दिन आशौच र अत्यन्त निर्गुण भए स्नान मात्र गरे हुन्छ। सपत्न भगिनीको पनि यही नियम हो। उपनयन नगरेका भाइको भने दिदीलाई केही आशौच लाग्दैन। दिदी-बहिनीको पनि परस्पर सपत्नभगिनी समेतको यही आशौच व्यवस्था मान्य हुन्छ।

मामाको मरण हुंदा—

भान्जा र भान्जीलाई पक्षिणी र आफ्नो घरमा मामाको मरण हुँदा मामा विशेष उपकारक छन भने तीन दिन, उपनयन नगरेका मामाको मरण हुंदा र अर्को गाउँमा मामाको मरण हुँदा एक दिन आशौच लाग्छ।। सापत्न मातुलको पनि आशौच प्रकार यही हो। आफ्नी आमाको सौताने भाइलाई सापत्नमातुल भन्दछन्। व्यवहारमा आफ्नी सपत्न माताको दाज्यू र भाइलाई पनि सपत्न-मातुल भन्ने छ, तर आशौच लाग्दैन।

माइज्यूको मरण हुँदा—

भान्जा भान्जीलाई पक्षिणी आशौच लाग्दछ। सौतेनी माइज्यूको आशौच लाग्दैन।

भान्जाको मरण हुँदा -

उपनयन भएको भए मामा र आमाको दिदी-बहिनीहरूलाई तीन रात आशौच लाग्छ र सापत्न भागिनेयको पनि तीनै दिन। अनुपनीत भान्जाको मरण हुँदा मामा र आमाका दिदी बहिनीलाई पक्षिणी आशौच बारे हुन्छ। अनुपनीत सापत्न भान्जाको पनि पक्षिणी नै आशौच हो। यस आशौच प्रकरणमा अनुपनीत अर्थात उपनयन नभएको भन्नाले चूडा भै सकेका वा तीन वर्ष नाघेको भन्ने संझनुपर्छ। यस्तै एक दिन या एक रात भन्नाले एक अहोरात्र।

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

भाञ्जीको मरण हुँदा—

स्नान मात्रले मामा शुद्ध हुन्छ ।

मातामहको मरण हुँदा—

छोरीको छोरा-छोरी दुवै थरिलाई तीन रात आशौच लाग्ने हुन्छ । अर्को गाउँमा मरण भएको भए पक्षिणी । यहाँ छोरीभन्नाले विवाह भएकी बुझ्नुपर्छ ।

मातामहीको मरण हुँदा—

छोरीका छोरा-छोरी दुवै थरिले पक्षिणी आशौच बार्नुपर्न हुन्छ ।

छोरीपट्टिको नातिको मरण हुँदा—

उपनयन गरेको भए मातामह र मातामहीलाई तीन रात र उपनयन नगरेको भए पक्षिणी आशौच लाग्छ । छोरीकी छोरीको आशौच लाग्दैन ।

शाशू र शशूराको मरण हुँदा—

ज्वाईंलाई संनिधिमा तीन रात र टाडा भए पक्षिणी आशौच लाग्छ । उपकारक शाशू शशूराको भने टाडा बसेपनि तीन रात आशौच लाग्छ र अर्कै गाउँमा मरण भएको भए एक रात मात्र । भार्यामरण भैसकेकोले संबन्ध टुटेको भए पनि उपकारक शाशू शशुराको नजीक भए पक्षिणी र टाडा भए एक रात आशौच रहन्छ ।

ज्वाईंको मरण हुँदा—

शाशू शशुराले एक रात आशौच बारे हुन्छ । आफ्नै घरमा मरण भएमा तीन रात आशौच लाग्छ । तर छोरीको मरण भै संबन्ध टुटेमा स्नान मात्र गरे हुन्छ ।

epal Sanskrit University, Balmeeki Campus, Kathma

Public Domain. Digitization by eGangotri.Fundin

जेठान शालाको मरण हुँदा—

उपनीत भए एक रात, अनुपनीत भए स्नान मात्रले ज्वाईं वा भिनाज्यू आशौचबाट निवृत्त हुन्छन्। एकै ठाउँमा बसेको भए पक्षिणी, स्वगेहमा मरण भए त्रिरात्र र ग्रामान्तरमा स्नानमात्र गरे हुन्छ। भार्या मरणले संबन्ध टुटिसकेको ज्येठान शालाको चाहिं नजीकै भएपनि स्नानमात्रले आशौच निवृत्त हुन्छ। शालीको मरण हुँदा पनि शालाको जस्तै आशौच लाग्दछ भन्ने कसैको मत छ।

शालाको छोराको मरण हुँदा—

पूसाज्यू स्नानमात्र गर्नाले आशौचबाट निवृत्त हुन्छ।

आमाका दिदी बहिनीको मरण हुँदा—

छोरा र छोरीलाई पक्षिणी आशौच र आफ्नो घरमा मरण हुँदा तीन रात आशौच। सापत्न ठूली आमा सानी आमाको पनि यही बमोजिम हो। आमाका सपत्न माताकी छोरीहरू सापत्न ठूली आमा सानी आमा भनिन्छन्। आफ्नी सपत्न माताकी दिदी बहिनीको आशौच लाग्दैन।

फुपूको मरण हुँदा—

भदा भदै दुवैलाई पक्षिणी आशौच, पिताको सौताने दिदी बहिनीको स्नानमात्र र आफ्नो घरमा मरण भएमा तीन दिन आशौच हुन्छ।

भदाभदैको मरण हुँदा—

फुपूले स्नानमात्र गरे आशौच निवृत्त हुन्छ।

आत्मबन्धुत्रयको मरण हुँदा—

उपनयन गरेको भए पक्षिणी, उपनयन नगरेकोभए वा गुणहीन

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

भए एक दिन र आफ्नो घरमा भए सबैको तीन दिन आशौच रहन्छ। आफ्नो मरण हुँदा पनि आत्मबन्धुत्रयलाई यसै प्रकार आशौच रहन्छ। फुपूका छोरीहरूले भने आत्मबन्धुत्रयको मरणमा स्नान गरे हुन्छ भन्ने निर्णयसिन्धुको आशय छ। तर त्रिंशच्छ्लोकीकारका मतमा फुपूका छोरीहरूले पनि बन्धुत्रयको आशौच बार्नु पर्ने देखिन्छ। यो मत शिष्ट-संमत छैन।

पितृबन्धुत्रयको मरण हुँदा—

उपनयन गरेको भए पक्षिणी, उपनयन नगरेको वा गुणहीन भए एक दिन र आफ्नो घरमा मरण भए तीन दिन आशौच लाग्छ। आफ्नो मरणमा पितृबन्धुत्रयलाई आशौच लाग्दैन।

मातृबन्धुत्रयको मरण हुँदा—

उपनयन गरेको भए पक्षिणी, उपनयन नगरेको भए वा गुण-हीन भए एक दिन आशौच र आफ्नो घरमा मरण भए तीन दिन आशौच लाग्छ। आफ्नो मरण हुँदा भने मातृबन्धुत्रयलाई आशौच लाग्दैन।

आफ्ना फुपूका छोरा आफ्नी ठूली आमा सानी आमाका छोरा र मामाका छोरा आत्मबन्धुत्रय भनिन्छन्।

पिताका फुपूका छोरा, पिताकी ठूली आमा सानी आमाका छोरा र पिताका मामाका छोरा पितृबन्धुत्रय भनिन्छन्।

यस्तै प्रकारले माताका फुपूका छोरा, माताका ठूली आमा सानी आमाका छोरा र माताका मामाका छोरा मातृबन्धुत्रय कहलाउँछन्।

यहाँनिर अरू ग्रन्थकारले नलेखेको षडशीतिकारले एक विशेष कुरा भनेका छन् जसलाई युक्तिसंगत भन्न सकिन्छ। उनको भनाइमा पिताकी फुपू, पिताकी ठूली आमा सानी आमा, पिताका मामाको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

पनि पक्षिणी आशौच लाग्दछ। यस्तै माताकी फुपू माताकी ठूली आमा सानी आमा र माताका मामाको पनि पक्षिणी आशौच लाग्दछ। यस कुराको पुष्टि गर्दै शुद्धिचन्द्रिका टीकामा भनिएको छ कि द्वारमा आशौच नलागे त्यसद्वारा पुगेको संबन्धमा आशौच कसरी लाग्ने ? (षडशीति श्लो ५३ ५४) यसै प्रसङ्गमा दौहित्रीलाई मातामहको पक्षिणी आशौच झैं पौत्रीलाई पनि पितामहको पक्षिणी आशौच लाग्छ भन्ने कुरा शुद्धिचन्द्रिकामा स्पष्ट गरिएको छ।

दत्तकको मरण हुँदा

जनक र पालक दुवै थरि माता-पितालाई तीन तीन दिन र सपिण्डलाई एक दिन आशौच लाग्छ। उपनीत दत्तकको मरणमा पालक पित्रादि सपिण्डलाई दश दिन आशौच लाग्छ भन्ने कसैको मत छ। यो दत्तकको आशौच व्यवस्था सपिण्ड समानोदक भिन्नमा हो। तर सपिण्ड सोदक दत्तक भएमा दस दिन र तीन दिन यथोक्त आशौच छँदै छ। दत्तकका पुत्र पौत्रादिको जन्म मरण हुँदा एक दिन आशौच र सपिण्ड सोदक भए तदनुसारै हुन्छ।

भान्जी दिदी वहिनीको मरण हुँदा—

विवाहिता भए एक दिन र अविवाहिता भए स्नान मात्रले शुद्धि हुन्छ भन्ने निर्णयसिन्धुको आशय र त्रिशच्छ्लोकीद्वारा विवाहिता भए पक्षिणी, अविवाहिता भए एक दिन आशौच सिद्ध हुन्छ। षडशीतिमा पनि विवाहिताको पक्षिणी र अविवाहिताको एकदिन आशौच भनिएको छ।

गुरुको मरण हुंदा—

सपिण्ड र सोदक बाहेक उपनयन गरी वेद पढाउने गुरुको तीन रात र ग्रामान्तरमा पक्षिणी आशौच लाग्दछ र गुरुकी पत्नी र पुत्रको आशौच एक दिन मात्र लाग्ने हुन्छ। मन्त्रोपदेशक गुरुको तीन

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

रात, ग्रामान्तरमा पक्षिणी। सबै वेद पढाउने गुरुको पक्षिणी। व्याकरणादि अङ्गशास्त्र र दर्शनादि शास्त्र पढाउनेको एक दिन। वेदका केही मन्त्र पढाउनेको एक दिन आशौच लाग्छ।

सहपाठीको मरण हुँदा—

पक्षिणी।

शिष्यको मरण हुँदा—

आफूले उपनयन संस्कार गराई वेद पढाएकको आशौच तीन रात र पढन छोडेका शिष्यको पक्षिणी। अरूले उपनयन गरेकोलाई धेरै काल सम्म पढाएकाको भए एक दिन आशौच।

ऋत्विक्को मरण हुँदा—

कर्म गरेका बखत मृत्यु हुँदा तीन रात आशौच, अर्को गाउँमा पक्षिणी र कर्म नगरेको बखत मरण हुँदा दउटै ग्राम भए पक्षिणी, ग्रामान्तर भए एक रात आशौच लाग्छ। यसै अनुसार यजमानको पनि आशौच मानिन्छ।

प्रकीर्ण आशौच—

आफ्नै जातका मीतको मरण हुँदा एक दिन आशौच र आफ्ना कुलका संन्यासीको मरण हुँदा स्नान मात्र गरे हुन्छ।

अरू मानिस जो कोहीले पनि आफ्नो घरमा देहत्याग गऱ्यो भने एक दिन र आफैं बसिरहेको घरमा भए तीन दिन आशौच लाग्छ। ग्राम र देशका अधिपतिको मरण हुँदा दिनमा भए रात्रिमा स्नान गरेर शुद्ध हुन्छ, रात्रिमा भए दिनमा स्नान गरेर शुद्ध हुन्छ। गाउँमा शव रहेसम्म गाउँमा बस्ने सबैलाई आशौच रहन्छ। शहरमा यो नियम लाग्दैन। घरमा गाई भैंसी आदि पशु मरेमा लाश रहेसम्म आशौच रहन्छ। द्विजातिको घरभित्र कुकुर मरेमा दश रात्र घर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain: Digitization by eGangotri.Fundir

अशुद्ध रहन्छ। द्विजातिको घरमा अन्त्यजको मरण भयो भने दश दिन, पतित को दुई महीना र म्लेच्छको मरण हुँदा चार महीना घर अशुद्ध रहन्छ।

अतिक्रान्त आशौच—

उपनीत गोतियासपिण्डको दश दिन आशौच बार्नु पर्नेमा दश दिन पछि तीन महीना भित्र सुनियो भने तीन रात आशौच, छ महीना भित्र पक्षिणी, नौ महीनाभित्र एक रात र त्यसपछि वर्ष पर्यन्त स्नान मात्र भन्ने कोही र माधवका मतमा तीन पक्ष पर्यन्त तीन रात, छ महीना सम्म पक्षिणी, वर्षपर्यन्त एक रात र त्यस पछि स्नान मात्र भन्ने छ। यी विरुद्ध दुई मतलाई संकट परेमा छोट्याउन हुन्छ भन्ने निष्कर्ष गरी निबन्धकारहरूले समन्वय गर्ने चेष्टा गरेका छन्।

आहिताग्निको मरण हुँदा—

श्रौत अग्नि लिने आहिताग्नि (अग्निहोत्री) को मन्त्रपूर्वक दाह संस्कार गरेको दिन आशौचको प्रथम दिन भनिन्छ। मरण हुँदैमा वा विदेशमा भएको मृत्युको खबर निश्चित हुँदैमा आशौच परी नित्यकर्मको लोप हुँदैन। दाह संस्कार नगरेसम्म अतिक्रान्त भन्ने प्रश्न पनि उठ्तैन। यहाँ आहिताग्नि भन्दा स्मार्ताग्निहोत्री लिइँदैन।

आहिताग्निको पर्णशरदाह वा अस्थिदाह गरेपछि देशान्तर कालान्तरमा पनि दशाह आशौच हुन्छ।

आहिताग्निको अस्थिदाह, पर्णशरदाह गर्दा पहिले आशौच नबारेको भए भार्या पुत्रादिले दशाह र पहिले आशौच बारिसकेको भए संस्कारकर्ता बाहेक भार्या पुत्रले पनि त्रिरात्र आशौच पालना गरे हुन्छ। सपत्नीको परस्पर यही नियम रहन्छ। पत्नीको संस्कार गर्दा पनि पतिलाई यसै नियममा रहनु पर्छ। अरू सपिण्डहरू भने

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

पहिले आशौच नबारेको भए अनाहिताग्निको पर्णशरदाह गर्दा तीन रातले र आशौच बारेको भए स्नान मात्रले शुद्ध हुन्छन्। यो सपिण्ड-को त्रिरात्रादि र पुत्रादिको दशाहादि आशौच दश दिनपछि दाह-संस्कार गर्दा मात्र हो। दश दिन भित्रै दाहसंस्कार भएमा बाँकी दिनले नै शुद्धि हुन्छ। आहिताग्निको चाहीँ दश दिन भित्रै दाहसंस्कार भए पनि दाहसंस्कारको दिनदेखि दश दिन आशौच पुऱ्याउनु पर्छ।

एवं विदेश गई बेपत्ता भएकाको उमेरले सयवर्ष उमेर पुगेपछि पर्णशरदाह गरी अन्त्येष्टि गर्ने शिष्टाचार छ। शास्त्रमा बीश पन्ध्र र बाह्र वर्ष पूर्व वय, मध्यम वय, अन्तिम वय का निमित्त क्रमशः प्रतीक्षा काल मानिएको छ। तर शिष्टाचारमा यो मान्य छैन। किन्तु सय वर्षको प्रतीक्षा हुन्छ। यस्तो पर्णशरदाह गर्दा सपिण्डलाई तीन रात र भार्या पुत्रहरूलाई दश दिन आशौच पालना गर्नुपर्छ।

[पूर्णाङ्क ७ मा प्रकाशित भएको यस लेखको यो अंश हाल मात्र प्राप्त भएकोले यस अङ्कमा प्रकाशित गरिएको छ —सं. मण्डल]

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fundin

अहङ्कार

—प्रा. विश्वनाथ पोखरेल

मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः

मानवहरूको बन्धन तथा मुक्तिको एकमात्र कारण हो मन। बन्धनबाट कसै गरेपनि सुख लाभ हुनै सक्तैन। हुन्छ भने क्षणिक सुख मात्र मिल्दछ, जो परिणाममा गएर दुःखकै रूपमा देखा पर्दछ। बन्धनबाट फुत्कनु सुखको रूप रहेछ, तसर्थ मनले विवेक-लाई अपनाएमा बन्धनलाई पन्छाएर सुख स्वरूपलाई प्राप्त गर्ने सजिलो उपाय मानवले फेला पार्ने रहेछ। साथै संसार अशान्तिको अखडा नबनी सत्य र शान्तिको मूल स्थान बन्न सक्ने छ भन्ने पूर्ण आशा पनि गर्न सकिन्छ। तर मन विवेकयुक्त हुने पर्दछ नभए बन्धनबाट फुत्कने आशा कदापि सफल हुँदैन। आजभोलि मानवले विवेक पन्छाएकोले समाजमा प्रायः अशान्ति फेला पर्दछ। अब त मानव मनमा विवेकको उदय नै हुँदैन कि भन्ने आशंका पनि सर्वत्र समाजमा बढ्दै गएको पाइन थालेको छ। खाली परिवर्तनशील संसार छ भन्ने आशाले मात्र संसारले सन्तोषको सास फेरिरहेको देखिन्छ। जसरी अन्धकारपछि पुनः प्रकाशको आविर्भाव भएको पाइन्छ, सोही अनुसार मानव समाज विवेकबाट केही समय गिरे तापनि पुनः विवेकमा रहला भन्ने आशा त अवश्य हुन्छ। तर केही समय मात्र पनि मन अविवेकग्रस्त हुँदा संसारमा कोलाहल फैलिन थाल्दछ। अनि कोही धैर्य लिन सक्तैन। सकोस् पनि कसरी? जब कुनै एक समयमा अविवेक चढ्दछ, तब त्यसले अनन्त विध्वंस पार्न थाल्दछ। फलस्वरूप संसारमा अधिकांश आर्तनाद-पूर्ण समाज एक तर्फ फेला

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

पर्दछ त अर्को तर्फ स्वार्थान्धहरूको अट्टहास देख्न बाध्य हुनु पर्दछ. यसरी सर्वत्र अशान्तिको लहर फैलन थाल्दछ। यो सबै विवेक नहुँदा नै हुन जाने रहेछ। तसर्थ मनलाई विवेकी बनाउने किसिमको शिक्षा समाजलाई अनिवार्य देखा पर्न आएको छ। नत्र सरकारले धन संपत्ति दिएर शान्ति कायम गर्न जो जति प्रयास गर्दछ, देश र समाज प्रति सर्वांशमा उसको प्रयास सफल हुँदै हुँदैन। अनि समाजमा बाहिरी शान्ति कतै देख्न सुन्न पाइँदैन। बाह्य शान्ति पाउन त कठिन हुन्छ भने आन्तरिक शान्तिको त कुरै भएन। जबसम्म समाजले दुवै शान्ति पाउन सक्तैन तबसम्म ऊ सभ्य र उन्नत कदापि बन्दैन, यो ध्रुव सत्य हो। बाहिरी शान्ति कायम गर्न पनि विवेकी मनकै जरूरत पर्दो रहेछ। यदि मन विवेकपूर्ण छैन भने मुखले जतिसुकै श्रुति स्मृति-को उपदेश गरे तापनि त्यो उपदेश उसकै मुखमा मात्र फेला पर्ने हुन्छ। उसको व्यवहार आदिमा भने फेला पार्न सकिन्न। उपदेशकको यस्तो हालत भएपछि उपदेश पनि वृथा सावित हुनु स्वाभाविकै देखिन्छ र केवल त्यो उपदेश उपदेशकको मुखको क्षणिक भूषण मात्र बन्न जान्छ। तसर्थ दुवैतर्फ शान्ति कायम गर्न विवेकी मनकै आवश्यकता पर्ने रहेछ। अतः ए दुष्ट मन! तँ किन अविवेकी बन्दछस! आँखा खोलेर हेर् त! के गरिरहेछस्? एक पटक एक चित्त भएर सोच, तँ सीमा बाहिर पुग्दैछस्। तँ एक पटक होशियार भएर विचार गर् त, किन तँ आफ्नो सामू कसैलाई पनि असल संझदैनस्? ए पथभ्रष्ट मन! जुन मायावीले तँलाई यो भ्रममा फसाएको छ, त्यसको नाउँ अहङ्कार हो। तँलाई मात्र होइन, तँ त एक मामूली होस्। हेर् त साक्षात नारायण स्वरूप मर्यादा पुरुष रामचन्द्र भगवान्को पनि यो अहङ्कार पछि लाग्यो। जब रामलाई अहङ्कारले खेदेको याद भयो अनि रामचन्द्र भगवान्ले अहङ्कारको अनौठा पराक्रम देख्नु भयो। त्यसपछि भगवान् रामले लोकशिक्षाको लागि आफ्ना गुरु महर्षि वसिष्ठजी संग प्रश्न गर्नु भयो। हे गुरुजी? दयासाथ बताउनु होस्, अहङ्कार

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

कति किसिमका छन् ? त्यसबाट बच्ने के कस्तो उपाय छ ? त्यसको बाहिरी रूप के हो ? र त्यसको त्यागको फल के के छ ?

महर्षि वसिष्ठजी भन्नु हुन्छ —

त्रिविधो राघवास्तीह त्वहंकारो जगत्त्रये ।
द्वौ श्रेष्ठावितरस्त्याज्यः शृणु ते कथयाम्यहम् ॥

हे राघव ! यी तीन लोकमा तीन प्रकारका अहङ्कार छन् । ती मध्ये दुई असल छन् र तेस्रो त्याग गर्न योग्य छ । यसको बयान म तिमीलाई गर्दछु सुन —

यो संपूर्ण संसार मै हूँ । म नै अविनाशी परमात्मा हूँ । यस किसिमको अन्तःकरणको वृत्तिको नाम उत्तम अहङ्कार हो ।

म सारा वस्तुदेखि भिन्न हूँ, सूक्ष्मातिसूक्ष्म अतिन्द्रिय हूँ, यस्तो ज्ञानको नाम दोस्रो अहङ्कार हो, यसलाई पनि असल मान्नु पर्दछ । किनकिः—

मोक्षायैषा नबन्धाय जीवन्मुक्तस्य विद्यते ।

माथि बताएका दुई किसिमका अहङ्कार जीवन्मुक्त अवस्थामा रहन्छन् ।

यी अहङ्कार मोक्षसाधनको कारण संझन लायक छन्, यी दुवैबाट बन्धन हुँदैन । तरः —

पाणिपादादिमात्रोऽयमहमित्येव निश्चयः ।
अहङ्कारस्तृतीयोऽसौ लौकिकस्तुच्छ एव सः ॥

म हात पाउ भएको शरीर हुँ भन्ने यस प्रकारको तुच्छ ज्ञान हुन्छ, त्यही लौकिक तेस्रो अहङ्कार हो । यो अहङ्कार त्यागने पर्दछ । किनभने संसारको जन्म यसैबाट हुन्छ । यो अनर्थकारी अहङ्कारको अधीनमा परेको जीव अज्ञानी भएर जन्म र मृत्युरूप अनेकौं योनिमा घुम्दछ । तसर्थ सावधान पूर्वक तेस्रो अहङ्कारलाई त्यागी पूर्वोक्त दुई अहङ्कारलाई अपनाएमा अवश्य मुक्ति-लाभ हुनेछ । तसर्थ हे राम !

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

शरीरप्रति आस्था नगरी असत्य अहङ्कारलाई छोड्नाले भलो हुन्छ। यसैको नाम परंपद पनि हो, इत्यादि। त्यसकारण ए कुमार्गमा दगुर्ने मन! हेर् त, तँ असत्य अहङ्कारको जालमा फसेर कस्तो खराबहालत-लाई भोगिरहेछस्। यस पटक त विचार गर्। विधाताको यो अनन्त सिर्जनामा तँ कति तुच्छ छस्। अब एक पटक अनन्त-ब्रह्माण्डको अनन्त-सृष्टिको विचार गर् त। यो अनन्त-ब्रह्माण्डमा तँ बसेको पृथ्वी त मरुभूमिको एककण बालुवा समान पनि छैन। तँ ता यो अनन्त-सृष्टिको एउटा परमाणु बराबर भएको पृथ्वीको एक कुनामा पो छस्। तर पनि आफ्नो सामू अरू कसैलाई तृण बराबर पनि गर्दैनस्। उल्टो मै राम्रो छु, मेरो सामू म समान धनी कोही छैन, मेरो प्रताप तथा प्रभुता सबै भन्दा बढी छ र म बराबर बुद्धिमान् र विद्वान् कोही छैन भन्ने यही अहङ्कारको फन्दामा पर्नाले कस्तो अविवेकी पागल बनिरहेछस्। मायावी अहङ्कारको शक्ति कस्तो रहेछ ! ए बुद्धिहीन अविवेकी मन! अब त बुद्धिविवेकको शरणमा पर् र असत्य अहङ्कार अर्थात् शरीरको संगतलाई छोडी विवेकी बनी सत्य आत्माको संगत गर्। अनि सर्वत्र समताको उदय हुनेछ र अशान्तिको पर्दा टुट्ने छ।

८८

epal Sanskrit University, Balmeeki Campus, Kathmanc

Public Domain. Digitization by eGangotri.Fundin

पुनर्जन्मवाद, एक समीक्षा एक सिद्धान्त

—चेतोनाथशर्मा आचार्य

पुनर्जन्मवाद प्रायजसो सबै नै पौरस्त्यदर्शनको मान्य सिद्धान्त हो। यस सम्बन्धमा केवल वेदलाई प्रमाण मान्ने दर्शन मात्र हैन अपितु वेदलाई प्रमाण रूपमा स्वीकार नगर्ने जैन र बौद्धको पनि समान रूपकै आस्था देखिन्छ। पुनर्जन्मवादको सिद्धान्त कुन आधार-शिलालाई लिएर प्रचलित भए ो हो त्यस सम्बन्धमा दुइचार कुरा यहाँ व्यक्त गर्न खोजिएको छ।

हुन त शरीर ढलेपछि कुनै आत्मसत्ताको अस्तित्व रहन्छ या रहँदैन भन्ने कुराको शंका कम पुरानो देखिदैन। त्यसै भएर जिज्ञासु नचिकेता यमराजसित प्रश्न गर्छन् कि 'येयं प्रेते विचिकित्सा मनुष्ये स्तीति त्येके नायमस्ती त चैके' आदि। तर पनि पुनर्जन्मवादको सिद्धान्तलाई नमान्दा जीवन ज्यादै छोटो र संकुचित मात्र देखिने हैन कि कर्मफलको उपभोगमा पनि अनियमितता आउँछ। त्यसैले पुनर्जन्मवादको सिद्धान्तलाई दार्शनिकहरूले बडो तर्क संगत युक्तिद्वारा सिद्ध गरेका छन्। महर्षिगौतम न्याय-सूत्रको तेस्रो अध्यायमा शरीर-संघातदेखि आत्मा अलगवस्तु हो भन्ने कुरा सिद्ध गरिसकेपछि अठारौं सूत्रमा त्यो आत्मा नित्य पनि छ भन्ने कुरा व्यक्त गर्दै भन्छन् कि-'नवजात शिशुहरूमा जुन किसिमको हर्ष, जुन किसिमको भय र जुन किसिमको शोक देखिन्छ त्यसबाट उसको पूर्वजन्मको अनुमान हुन्छ।[◎] किनभने वस्तुमा हर्ष कारण हुन्छ भने रुनुमा विषाद, अनि

[◎] पूर्वाभ्यस्त स्मृत्यनुबन्धाज्जातस्य हर्षभयशोक सम्प्रतिपत्तेः।३।१।१८

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

कम्पनमा भय कारण भए उल्लासमा आनन्द। नवजात शिशुको शरीरमा त्यस किसिमको क्षमता उत्पन्न भएको हुँदैन जसबाट ऊ यस जन्मसित सम्बद्ध सुखदु:खको अनुभव गर्ने बनेको होओस्। तर त्यस किसिमको क्षमता नहुदाइकन पनि उनीहरूमा देखिने हर्ष विषाद आदिबाट उसको पूर्वजन्म सिद्ध हुन्छ। हुनत नवजात शिशुहरूमा देखिने हर्ष विषाद जनित क्रियालाई कमल जस्तो स्वतः फक्रने र खुम्चने उदाहरण दिएर पनि पूर्वपक्षी खण्डन गर्न खोज्छन्।[६] तर त्यसको समाधानमा गौतम भन्छन् कि कमलमा जुन स्वतः खुम्चनु र फक्रनु रूप क्रिया देखिन्छ त्यसमा पनि उष्णता, शीतता र वर्षाकाल आदि सहयोगी कारण रहेका हुन्छन्[७] तब तिनैको सहयोग ले मात्र कमलमा संकोच विकास आउँछ। यसै गरी नवजात शिशुमा देखिने हर्ष भय शोक आदि पनि बिनाकारण उब्जेको भन्न नमिल्ने भएकोले त्यसको कुनै कारण मान्नै पर्ने देखिन्छ। यसबाट पनि पूर्वजन्म बारे समर्थ प्रमाण पाउन सकिन्छ।

उक्त कुराको अतिरिक्त नवजात शिशुको स्तनपानमा देखिने स्वतःप्रवृत्ति पनि पूर्वजन्मको सिद्धान्तमा एक भरपर्दो प्रमाण देखा पर्न आउँछ। कारण के हो भने प्रवृत्तिका प्रति विशेषगरेर इष्ट साधनताज्ञान सहकारी कारण भएकोले व्यक्ति स्वेच्छया कुनै काम गर्न त्यतिवेला मात्र अघि सर्छ जब कि उसलाई त्यस कामबाट अपेक्षित लाभमिल्ने निश्चय हुन्छ। नवजात अवस्थाको शिशुमा त्यस किसिमको इष्टसाधनता लाई पहिचान्न सक्ने क्षमता हुंदैन तर पनि ऊ स्तन्यपानमा भने प्रवृत्त हुन्छ। तब यो प्रवृत्ति देख्ता के सिद्ध हुन्छ भने पूर्वजन्ममा अनुभूत जुन इष्टसाधनताज्ञान छ त्यसको स्मरणबाट नै ऊ स्तन्यपानमा प्रवृत्त भएको हो। यहाँ निर शंका हुन

[६]पद्मादिषु प्रबोधसम्मीलनविकारवत्तद्विकारः।

[७]नोष्णशीतवर्षाकालनिमित्तत्वात्पञ्चात्मकविकाराणाम्। ३।१।२०

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

सक्छ कि व्यक्ति बाट जन्मान्तरमा कति कुरा अनुभव भएका थिए तर ती मध्ये केवल स्तन्यपान मात्र संझनु र अरू न संझनु किन ? यसको उत्तरमा भाषा परिच्छेदकार विश्वनाथ भन्छन् यो अवश्य हो कि जन्मान्तरमा अनुभव भएका अरू पनि प्रशस्त कुरा हुन सक्छन् तर ती कुराहरू संझनको लागि उद्‌बोधक को आवश्यकता रहन्छ, किनभने विना उद्‌बोधक संझना संभव हुँदैन। त्यसो भए स्तन्यपान मा के उद्‌बोधक भयो त ? यसको समाधानमा उनी भन्छन कि 'अत्र त्वनायत्या जीवनादृष्टमेवोद्‌बोधकं कल्प्यते' अर्थात् बालकको स्तन्यपानमा अरू मार्ग नभएकोले अगत्या जीवनलाई सुरक्षित राख्ने जो अदृष्ट छ त्यही नै उद्‌बोधक बन्यो र ऊ स्तन्यपानमा प्रवृत्त भयो। गौतमले पनि सूत्रमा यहीकुरा स्पष्टगर्दै भनेका छन् कि शिशुको स्तन्यपानमा जो प्रवृत्ति देखिन्छ त्यो पूर्वजन्मको अभ्यास जनित संस्कारबाट भएको हो।[५]

यसरी अहिलेसम्मको कथनबाट के निष्कर्ष निस्कन्छ भने नवजात शिशुको सर्वप्रथम स्तन्य पानको समयमा मुखबाउनु जस्ता क्रिया र त्यसका लागि अपेक्षित चेष्टा आदि देखेर त्यसको कारण प्रयत्नात्मक प्रवृत्तिको अनुमान हुन्छ। हुन त यस उदाहरणलाई लोहा र चुम्बकको प्रत्युदाहरण दिएर विपक्षी खण्डन गर्न सक्छन्। किनभने लोहाको चुम्बक प्रति जो आकर्षण हो त्यो विना संस्कार भए जस्तै नवजात शिशुको मातृस्तन्यपानमा हुने प्रवृत्ति पनि विना संस्कारकै मान्न किन नसक्नु ! आदि। यस किसिमको शङ्कालाई समाधान गर्दै महर्षिगौतम भन्छन् 'नान्यत्र प्रवृत्यभावात्' अर्थात पूर्वोक्त उदाहरणद्वारा उक्त वस्तुतथ्यलाई खण्डन गर्न सकिन्न। किनभने लोहाको अयस्कान्तमणि (चुम्बक) प्रति जो आकर्षण हो त्यो प्रयत्नात्मक प्रवृति नभएर केवल क्रिया मात्र हो। प्रवृत्तिजन्य चेष्टारूप क्रिया हैन। यहाँ गौतमको तात्पर्यलाई स्पष्ट पार्दै भाष्यकर वात्स्यायन

[५] प्रेत्याहारा भ्यासकृतात् स्तन्याभिलापात्, (३।१।२१)

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

भन्छन् कि लोहाको चुम्बव प्रति जो आकर्षण हो त्यसमा कुनै नियत कारण मान्नु आवश्यक देखिन्छ। किनभने चुम्बकप्रति केवल फलाममात्र आकर्षित हुनु र अरू किसिमका ढुंगा डल्ला आदि आकर्षित नहुनु अनि फलाम पनि केवल चुम्बक प्रति मात्र आकर्षित हुनु र अरू प्रति नहुनु बाट उक्त नियतकारण मान्नुमा बल मिल्छ। यसै गरी नवजात शिशुको स्तन्यपान प्रतिको प्रवृति पनि कारण पूर्वक-को मान्नु आवश्यक पर्ने हुँदा यसैका लागि मानिएको छ पूर्वानुभव जनित संस्कार।

वन्यपशु मृग आदिका नवजात शिशु अनि आश्रममा पालि-एका गाईका बाच्छाबाच्छीहरूको स्तन्यपान प्रति देखिएको स्वतः प्रवृत्तिबाट पनि तपोवनमा साधनारत रहने ऋषि महर्षिलाई यस बारे सोच्ने प्रेरणा मिल्यो होला। माउको थूनमा दूध हुन्छ, प्रतिघात पर्दा त्यो निस्कन्छ र बुभुक्षालाई शान्त पार्दछ आदि वस्तुतथ्य थाहा पाउँनु आदि अवश्यनै पूर्वानुभवजन्य संस्कार विना सम्भव नहुने कुरा हो। यति खेर मानसोल्लासको एक प्रसङ्ग अविस्मरणीय रूपले स्मृतिपथमा आउँछ। आचार्य शङ्करका अन्यतम शिष्य सुरेश्वराचार्य नवजात मृगको पाठो आफै स्तन्यपानमा प्रवृत्त भएको देखेर भन्छन्:—

पूर्वजन्मानुभूतार्थस्मरणान्मृगशावकः ।
जननीस्तन्यपानाय स्वयमेव प्रवर्त्तते ॥
तस्मान्निश्चीयते स्थायीत्यात्मा देहान्तरेष्वपि ।
स्मृतिंविना न घटते स्तन्यपानं शिशोर्यत : ॥

मानसोल्लास (७५।७६)

यसको सारांश हो पूर्वजन्ममा अनुभव गरेको अर्थ स्मरण गरेर मृगको पाठो स्तन्यपानमा स्वत प्रवृत्त हुन्छ। यसबाट थाहा हुन्छ कि देहान्तरमा पनि स्थायीआत्मा रहन्छ।

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

आत्माको नित्यता सिद्ध गर्नाका निमित्त महर्षिगौतमले प्रस्तुत गरेका सूत्र मध्ये 'वीतरागजन्मादर्शनात्' यो पनि यौटा हो। यस सूत्रको तात्पर्य के भने 'सरागो जायते' यस कथन अनुसार जन्मका प्रति राग कारण मानिएको छ। जुन व्यक्तिको कत्ति पनि राग या अभिलाषा रहँदैन त्यस्ता व्यक्तिको जन्म भएको पनि देखिन्न। यहाँनिर पनि विपक्षी शंका उठाउँन सक्छन् जस्तो घटपट आदि पदार्थ सराग (रूप आदि गुणविशिष्ट) भएर जन्मन्छन् त्यस्तै जीव पनि पूर्वजन्म बिना नै सराग भएर जन्मून्, त्यसका निमित्त पूर्वजन्मको के आवश्यकता? विपक्षीका यस्ता शंकाको समाधान गर्दै गौतम भन्छन् 'न संकल्पनिमित्तत्वाद्रागादीनाम्' अर्थात् घटपटादिको गुणसित रागको तुलना गर्न सकिँदैन, किनभने जीववृत्ति जो राग हो त्यसमा संकल्प कारण हुन्छ, बिना संकल्प राग संभव हुँदैन। यो संकल्प शब्दको अर्थ पनि यहाँ सम्यक् कल्पनात्मक मोह अथवा भ्रमविशेष सिवाय अरू केही हैन। किनभने संकल्प शब्दको कामना भन्ने अर्थ त सोझै लिन सकिन्छ, कामकोजनक संकल्प मोहविशेष हो भन्ने कुरा चाहिं 'संकल्पप्रभवान्कामान्' यो गीतांशको व्याख्या गर्दा टीकाकार आनन्दगिरिले 'संकल्पः शोभनाध्यासः' अर्थात् जो वस्तुतः राम्रो या समुचित न भैकन राम्रो रूपले भासित हुन्छ भनेर व्यक्त गरेका छन्। गौतमले पनि पछि चतुर्थ अध्यायमा 'तेषां मोहः पापीयान्' भनेर राग द्वेष तथा मोहमा सबभन्दा निकृष्ट दर्जाको मोहलाई नै मानेका छन्। किनभने राग द्वेष पनि मोहकै आधारमा उत्पन्न हुने हुन्। यस कुराको स्पष्टीकरण गर्दै भाष्यकार वात्स्यायन भन्छन् जुन संकल्पले व्यक्तिलाई विषय विशेषमा राग उत्पन्न गराउँछ उसको नाम हो 'रञ्जनीय संकल्प' अनि जो संकल्प द्वेषविशेषलाई उत्पन्न गराउँछ उसको नाम हो 'कोपनीय संकल्प। यी दुवै संकल्प पनि जीवको तद्विषयक मिथ्याज्ञानरूप भएकोले त्यो उसको मोह सिवाय अरू केही हैन। यसै गरी जीवगत राग र द्वेषको कारण

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

भएको जो मोहात्मक संकल्प छ त्यो पनि उसको पूर्वानुभूत विषयको स्मृतिबाट उत्पन्न भएको हो। किनभने जीवले जुन विषयलाई पहिले सुखात्मक रूपबाट अनुभव गरेको थियो त्यसबाट उसमा इच्छात्मक राग र जुन विषयलाई उसले दुःखात्मक रूपबाट अनुभव गरेको थियो त्यसप्रति अनिच्छात्मक द्वेष रहन्छ। यसरी पूर्वानुभूत विषयको अनुस्मरणबाट उत्पन्न भएको राग र द्वेषको कारण जो मोहात्मक संकल्प छ त्यसैबाट राग र द्वेष उत्पन्न हुन्छन् भन्ने कुरा मान्नु पर्छ। एतावता घटपट जस्ता वस्तुमा देखिने गुणसित जीवगत राग र द्वेष आदि गुणलाई तुलना गर्न सकिंदैन। तब यसको निष्कर्ष के भने व्यक्तिमा देखिने जुन विषयप्रतिको आकर्षण छ त्यो पूर्वजन्मार्जित वासना अनुसार भएको हो, पूर्व जन्ममा पनि त्यसभन्दा पहिलेको जन्मको वासना थियो। यसरी अनादि जन्मप्रवाह र अनादि संस्कार प्रवाहको आधार भएको आत्माको अनादित्व र अविनाशित्व पनि सिद्ध हुन्छ 'बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन, जस्ता कथनले पनि यसै सिद्धान्तलाई समर्थन गरेको छ! केवल व्यक्तिविशेष मात्र हैन अपितु 'सूर्याचन्द्रमसौधाता यथापूर्वमकल्पयत्' आदि श्रुतिको कथनबाट चन्द्रसूर्य आदि पनि पूर्वकल्प अनुसार नै सृष्टि भएको कुरा ज्ञात हुन्छ। बादरायण व्यास २।१।३६ वेदान्त सूत्र र त्यसको भाष्यकार आचार्य शंकर पनि संसारको अनादिता नै समर्थन गर्दछन्। यस कुरालाई स्वीकार नगरेमा कर्म नभै शरीरोत्पत्ति नहुने र शरीरोत्पत्ति विना कर्म नहुने भएकोले अन्योन्याश्रय दोष पर्दछ, अत एव आचार्य शंकर भन्छन् 'अनादित्वे तु बीजाङ्कुरन्यायेनोपपत्ते र्न कश्चिद् दोषोभवति'।

पुनर्जन्मवादको सिद्धान्त अनुसार के पनि मानिएको छ भने कुनै जीव एक जन्म पछि अर्को जन्म ग्रहण गर्छ भने त्यसले पहिलो जन्ममा जुनकिसिमको संस्कार अर्जन गरेको थियो त्यही संस्कार उद्बुद्ध भएर आउँछ। जस्तो मानवजन्म पछि वानर योनिमा जन्म्यो भने

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

उसले पूर्व जन्ममा अर्जन गरेको वानर योनिकै संस्कार उद्बुद्ध भएर आउँछ, मनुष्य योनिको हैन। यही कुराको संकेत गर्दै वैशेषिक सूत्रकार कणाद भन्छन् 'जातिविशेषाच्च' अर्थात् भक्ष्य, पेय आदि विभिन्न विषयमा हुने जो राग छ त्यसमा जाति या जन्मविशेष नै सहकारी कारण हुन्छ। योग सूत्रकार महर्षिपतञ्जलिले पनि 'ततस्तद्विपाकानुगुणानामेवाभिव्यक्तिर्वासनानाम्' यो सूत्रमा पूर्वजन्मको सिद्धान्तलाई युक्तिसंगत रूपले प्रस्तुत गरेका छन्। हुन पनि वानरका बच्चाले जन्म देखिनै रूखचढ्न जान्नु, हाँसको बच्चाले जन्म देखिनै पानीमा पौडन जान्नु, मृगको पाठोले जन्म देखिनै दौडन जान्नु अनि गैंडाको बच्चाले जन्मने बित्तिकै भाग्न जान्नु आदि कुरामा पूर्वजन्मको संस्कार विना अरू कुनै कारण देखा पर्दैन। जन्मने बित्तिकैको गैंडाको बच्चाले आफ्नो कमलोछाला भएको शरीरमा धारिलो खस्रो माउको जिभ्रोबाट चाटिने डरले भाग्नु र पछि शरीरको छाला कडा भै सकेपछि उसलाई खोज्दै आउँनु जस्ता अनुभूत सत्यले पूर्वजन्मको संस्कार नमानिनहुने वस्तुतथ्य देखा पर्छ।

भक्ष्य पेय आदि वस्तु जस्तै विद्याविशेष प्रति हुने अनुरागबाट पनि प्राक्तन संस्कार मान्नुपर्ने कुरा हुन आउँछ। किनभने कोही मान्छे कर्कश तर्कविद्याका अनुरागी हुन्छन् भने कोही संख्याशास्त्र गणित विद्याका, कोही शुष्क व्याकरण शास्त्रबाट रमाउँछन् भने अर्कोथरी कोमलकान्त पदावली साहित्यमा मात्र मनदिने हुन्छन्। यही क्रमले इतिहास, समाजशास्त्र, सङ्गीत आदिलाई पनि लिन सकिन्छ। यति खेर तात्पर्यटीकाकार वाचस्पति मिश्रको कथन पनि अविस्मरणीय रूपमा उपस्थित हुन्छ। उनी भन्छन् मनुष्यत्व रूपमा सबै मानिस बराबर भएपनि उनीहरूमा देखिने प्रज्ञा तथा मेधाको उत्कर्ष र अपकर्षबाट निकै भिन्नता अवगत हुन्छ। त्यसैले मनोयोगपूर्वक कुनै विद्याको अभ्यास गर्दा मानिसमा जुन प्रज्ञाको अभिवृद्धि हुन्छ,

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

त्यसबाट उसको पहिले पनि त्यस विद्या वा विषयसित सम्बन्ध रहेको ज्ञात हुन्छ । यही कुरा भगवान्‌बाट व्यक्तभएको छ गीतामा 'तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम्' आदि ।

महाकवि कालिदास हिमालयपुत्री पार्वतीको सम्बन्धमा प्राक्तनविद्याको प्रादुर्भाव उल्लेख गर्दै भन्छन्—

तां हसमालाः शरदीवगङ्गां महौषधिं नक्तमिवात्तभासः ।
स्थिरोपदेशामुपदेशकाले प्रपेदिरे प्राक्तनजन्मविद्याः ॥

कुमार सम्भव १–३०

अर्थात् शरद् ऋतुमा हंसमाला गङ्गामा प्राप्त भएझैं, रात परे पछि महौषधि वर्गलाई आ–आफ्नो प्रभा प्राप्त भए झैं शिक्षोपार्जनको वेला आएपछि पार्वतीलाई पनि आफूले प्राक्तन जन्ममा अर्जन गरेका सारा विद्या स्फुरण भएर आए । महामनीषी मम्मट काव्यप्रकाशको प्रारम्भमा भन्छन् 'शक्तिः कवित्वबीजरूपः संस्कारविशेषः, यां विना कवित्वं न प्रसरेत, प्रसृतं वोपहसनीयं स्यात' भनाइको मतलव के भने कवित्वको बीजरूप संस्कारविशेष नै कवित्व शक्ति हो, केवल ऐहिक संस्कार मात्र हैन । यसबाट पूर्वजन्मको बीजरूप संस्कारलाई बढी महत्त्व दिइएको पाइन्छ । जुन संस्कार विना कवित्वको प्रकाश अथवा काव्यरचना संभव हुँदैन । यस किसिमको काव्य निर्माण शक्तिलाई कर्तृत्व शक्ति र त्यसरी रचना गरिएको काव्यलाई संभन सक्ने जो शक्ति छ त्यसलाई 'बोद्‌धृत्व' शक्ति भनिन्छ । यी दुवै पूर्वजन्मका संस्कार स्वरूप नै हुन् । जुन संस्कार विना काव्यनिर्माणमा स्वाभाविक क्षमता र संभनमा स्वाभाविक उद्‌बोधकता संभव हुँदैन ।

मनुष्यत्व जातिको दृष्टिबाट सबैमानिस एकै भएपनि यिनै मानिसमा वाघ, भालु र यिपालु गोमन सप भन्दा पनि दुष्ट स्वभाव-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

का मान्छे पाइनु अनि यिनैमा महान् दयालु सुपात्र मान्छे पाइनु आदिबाट तिनीहरूको अन्तस्करण छाम्दा के वस्तुतथ्य फेला पार्न सकिन्छ ? उत्तर हो त्यही संस्कार। पूर्वजन्मको यस प्रसङ्गमा अर्को प्रश्न हुन शक्छ कि के त हामीले यसको सैद्धान्तिक पक्ष हेरेर मात्र जन्मान्तरको सत्ता मान्नु पर्ने हो कि यसलाई अनुभव पनि गर्न सकिन्छ ? यस किसिमको आशङ्का वा जिज्ञासाको समाधान शास्त्र कारहरूले गरेका छन्। स्मृतिकार मनुले पूर्वजन्मको ज्ञानका निमित्त निम्न लिखित उपाय व्यक्त गरेका छन् :—

वेदाभ्यासेन सततं शौचेन तपसैव च।
अद्रोहेण च भूतानां जाति स्मरति पौर्विकम्।

मनु० ४।१४८

अर्थात् निरन्तर वेदको अभ्यास, शारीरिक र मानसिक पवित्रता, तपस्या तथा सारा प्राणीहरूमा अहिंसाको भावनाबाट पूर्वजन्मको स्मरण हुन्छ। यसरी जातिस्मरण हुने हरूलाई शास्त्रमा 'जातिस्मर' शब्दले उल्लेख गरिएको छ। यसै गरी योगशास्त्रज्ञ पतञ्जलिले यम अन्तर्गत अपरिग्रहको फल बताउँदै भनेका छन् 'अपरिग्रहस्थैर्ये जन्मकथन्ता सम्बोधः' अर्थात् अपरिग्रहको भावना गर्ने साधकलाई आफू जन्मान्तरमा को र कस्तो थिएँ भन्ने कुरा यथार्थ रूपमा ज्ञात हुन्छ। महर्षि याज्ञवल्क्यले आफ्नो स्मृतिको पछिल्लोभाग 'प्रायश्चितप्रकरण' को रूपमा प्रस्तुत गरेका छन्, जसलाई टीकाकार विज्ञानेश्वरले कर्मविपाकको संज्ञा दिएका छन्। यहाँ कुन किसिमको कर्मवश्त जीव कस्तो योनिमा प्राप्त हुन्छ भन्ने कुरा विस्तृत रूपले उल्लेख गरिएको छ। यही कुरा मनुले बाह्रौं अध्यायमा संक्षेपले वर्णन गरेको पाइन्छ। नीतिकार शुक्राचार्यले 'प्राक्कर्मफलभागर्हा बुद्धिः संजायते नृणाम्, भनेर यस जन्ममा मानिस को बुद्धिबन्नमा पूर्वजन्म कारण बताएका छन्। हिन्दूहरूको प्रसिद्ध

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

ऐतिहासिक ग्रन्थ रामायण र महाभारतमा उल्लिखित प्रसिद्धपात्र हरूको पूर्वजन्म पनि उल्लेख गरेको पाइन्छ। महाभारत आदिपर्वको सतसट्ठियौं अध्यायमा यस्ता अंशावतारको वर्णन विस्तृत रूपले गरिएको छ, जसबाट युधिष्ठिर धर्मको अंश र दुर्योधन कलिको अंश भन्ने कुरा स्पष्ट हुन्छ। उक्त रूपले यहाँ प्रस्तुत दुइ चारौटा प्रमाणलाई स्थालीपुलाकन्याय रूपको संझी अरू पनि अनेक प्रमाण र अनुभव पूर्वजन्मको सम्बन्धमा पाइन्छन्। गर्भोपनिषद् को जीवप्रार्थना गर्दछ 'यदि योन्या प्रमुच्येहं तत्प्रपद्ये महेश्वरम्, यस गर्भबाट उम्कन पाए त फेरि गर्भमै बस्न न पर्ने पुरुषार्थ गर्दथें, जन्म्यो फेरि उस्तै जंजाल, यस्तै छ संसारको स्थिति।

★

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Fundir

पूर्वमध्यमा र बी. ए.

—नयराज पन्त

'एकविंशतियुतं शतद्वयं यद्गुणं गणक पञ्चषष्टियुक् ।
पञ्चवर्जितशतद्वयोद्धृतं शुद्धिमेति गुणकं वदाऽशुतम्' ॥

(लीलावती कुट्टकाध्याय)

[कुन सङ्ख्यालाई २२१ ले गुनी आएको गुणनफलमा ६५ जोडी आएको योगफललाई १९५ ले भाग लिँदा निःशेष हुन्छ ।]

बीजगणित अनुसार

इष्टसङ्ख्या = या

$$\frac{२२१ \text{ या} + ६५}{१९५} = \text{का}$$

$$\therefore २२१ \text{ या} + ६५ = १९५ \text{ का}$$

यस्तो प्रश्नलाई प्राचीन गणितज्ञहरू कुट्टकको प्रश्न भन्थे तथा व्यक्तगणितकै क्रियाबाट गणित गर्थे । यहाँ २२१ लाई भाज्य, ६५ लाई क्षेपक, १९५ लाई हार भनी उनीहरूले नाम राखेका थिए ।

यसको उत्तर ल्याउन भास्करले तलका सूत्र दिएका छन्—

'भाज्यो हारः क्षेपकश्चापवर्त्यः केनाप्यादौ सम्भवे कुट्टकार्थम् ।
येनच्छिन्नौ भाज्यहारौ न तेन क्षेपश्चैतद् दुष्टमुद्दिष्टमेव ॥ १ ॥

परस्परं भाजितयोर्ययोर्यः शेषस्तयोः स्यादपवर्तनं सः ।
तेनापवर्तेन विभाजितौ यौ तौ भाज्यहारौ दृढसंज्ञकौ स्तः ॥ २ ॥

मिथो भजेत् तौ दृढभाज्यहारौ यावद् विभाज्ये भवतीह रूपम् ।
फलान्यधोऽधस्तदधो निवेश्यः क्षेपस्ततः शून्यमुपान्तिमेन ॥ ३ ॥

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

स्वोर्ध्वे हतेऽन्त्येन युते तदन्त्यं त्यजेन्मुहुः स्यादिति राशियुग्मम्।
ऊर्ध्वो विभाज्येन दृढेन तष्टः फलं गुणः स्यादधरो हरेण ॥ ४ ॥

एवं तदैवाऽत्र यदा समास्ताः स्युर्लब्धयश्चेद् विषमास्तदानीम्।
यदागतौ लब्धिगुणौ विशोध्यौ स्वतक्षणाच्छेषमितौ तु तौ स्तः ॥ ५ ॥'

(लीलावती कुट्टकाध्याय)

[कुट्टकका प्रश्नमा पहिले भाज्यहार क्षेपकलाई संभव भएसम्म कुनै एउटै सङ्ख्याले अपवर्तन गर्नुपर्छ। भाज्य र हारलाई अपवर्तन गर्ने सङ्ख्याले क्षेपकलाई अपवर्तन गएन भने त्यो प्रश्न अशुद्ध हो भनी जान्नू। हारले भाज्यलाई भाग लिनू शेषले हारलाई भाग लिनू, दोस्रो शेषले पहिलो शेषलाई भाग लिनू। यसै गरी निःशेष नहुञ्ज्यालसम्म काम गर्दै जानू। पछिल्लो शेष भाज्य र हारको महत्तमापवर्तन हुन्छ। सो महत्तमापवर्तनले भाज्य र हारलाई भाग लिनू। आएका लब्धि क्रमैसँग दृढभाज्य र दृढहार भनिन्छन्। सो महत्तमापवर्तनले क्षेपकलाई पनि भाग लिनू। आएको लब्धि दृढक्षेपक भनिन्छ। दृढहारले दृढभाज्यलाई भाग लिनू, आएको शेषले दृढहारलाई भाग लिनू। दोस्रो शेषले पहिलो शेषलाई भाग लिनू। १ शेष नरहेसम्म यो क्रिया गर्दै जानू। यहाँ (दृढहारले दृढभाज्यलाई भाग लिंदा) आएका लब्धिहरूलाई क्रमैसँग माथिबाट तल तल मिलाउँदै लेख्नू। लब्धिहरूभन्दा तल दृढक्षेपक लेख्नू। त्यसभन्दा पनि तल ० लेख्नू। उपान्त्य (तल्लोभन्दा लगत्तै माथिको सङ्ख्या) ले लगत्तै आफूभन्दा माथिको सङ्ख्यालाई गुन्नू। गुणनफलमा अन्त्यसङ्ख्या जोडी अन्त्यसङ्ख्यालाई छोडिदिनू। फेरि उपान्त्यसङ्ख्याले लगत्तै आफू माथिको सङ्ख्यालाई गुनी अन्त्यसङ्ख्या जोडी नयाँ अन्त्यसङ्ख्यालाई छोडिदिनू। तल र माथि रहेका २ सङ्ख्या बाँकी नरहेसम्म यो काम गर्दै जानू। माथिल्लालाई दृढभाज्यले तष्ट गर्नू (भाग लिई शेष मात्र लिनू), अभीष्ट लब्धि आउँछ। तल्लोलाई दृढहारले तष्ट गर्नू,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundir

अभीष्ट गुणक आउँछ। दृढहारले दृढभाज्यलाई, शेषले दृढहारलाई, दोस्रो शेषले पहिलो शेषलाई भाग लिँदै जाँदा आएका लब्धिहरू जोर वटा छन् भने यिनै उत्तर नै वास्तव हुन्छन्। विजोरवटा लब्धि आएका छन् भने अहिले आएको लब्धिलाई दृढभाज्यबाट घटाउनू, अभीष्ट लब्धि हुन्छ। अहिले आएको गुणकलाई दृढहारबाट घटाउनू, अभिष्ट गुणक हुन्छ]

माथिको प्रश्नमाः—

भाज्य = २२१, हार = १६५, क्षेपक = ६५

```
१६५)२२१(१
    १६५
    ---
     ५६)१६५(७
        १८२
        ---
         १३)२६(२
            २६
            --
             ×
```

महत्तमापवर्तन = १३

```
१३)२२१(१७                 १३)१६५(१५
   १३                         १३
   --                         --
    ९१                         ६५
    ९१                         ६५
    --                         --
     ×                          ×

१३)६५(५
   ६५
   --
    ×
```

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

दृढभाज्य = १७, दृढहार = १५, दृढक्षेपक = ५

१५)१७(१
१५
───
२)१५(७
१४
───
१

प्रथम लब्धि	= १	१	४०
द्वितीय लब्धि	= ७	३५	३५
क्षेप	= ५	५	
शून्य	= ०		

१७)४०(२
३४
───
६

१५)३५(२
३०
───
५

लब्धि = ६ } लब्धिहरू १ र ७ आएका छन् अर्थात् जोर वटा (२वटा)
गुणक = ५ } छन् यसैले यिनै उत्तर भए।

अभीष्ट गुणक नै इष्टसङ्ख्या अर्थात् उत्तर हुन्छ।

∴ उत्तर ५

आलाप मिलाएको—

२२१
×५
───
११०५
६५
───
११७०

१६५)११७०(६
११७०
───
×

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

'इष्टाहतस्वस्वहरेण युक्ते ते वा भवेतां बहुधा गुणाप्ती ।'

(लीलावती कुट्टकाध्याय)

[इष्टसङ्ख्याले (मनलागेको सङ्ख्याले) दृढभाज्यलाई गुनी अभीष्ट लब्धिमा जोड्नू, अर्को लब्धि आउँछ । सोही इष्टसङ्ख्याले दृढहारलाई गुनी अभीष्ट गुणकमा जोड्नू, अर्को गुणक आउँछ । यसरी अनेकौं लब्धि र गुणक हुन्छन् ।]

इष्ट = १

अर्को लब्धि = १ × १७ + ६ = १७ + ६ = २३

अर्को गुणक = १ × १५ + ५ = १५ + ५ = २०

आलाप मिलाएको—

```
२२१              १९५)४४८५(२३
×२०                  ३९०
────                 ───
४४२०                  ५८५
+ ६५                  ५८५
────                  ───
४४८५                   ×
```

यस्ता उत्तर अनेकन् आउँछन् ।

यसकारण बीजगणित अनुसार—

२२१ या + ६५ = १९५ का

यस प्रश्नका उत्तर

१५ इ + ५ = या

१७ इ + ६ का

—हुन्छन् ।

'क्षेपजे तक्षणाच्छुद्धे गुणाप्ती स्तो वियोगजे ।'

(लीलावती कुट्टकाध्याय)

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

[धन क्षेपकमा आएको लब्धिलाई दृढभाज्यबाट घटाउनू अभीष्ट लब्धि आउँछ, गुणकलाई दृढहारबाट घटाउनू, अभीष्ट गुणक आउँछ ।]

फाइन्ड् द् जेनेरल् सोल्युशन् याँन्ड् द् लिस्ट् पोजिटिभ् इन्टेग्रल् सोल्युशन् अफ्

(१) ७७५ एक्स् – ७७१ वाइ = १

(हल र नाइटको बीजगणितको उत्तरार्धको बि. सं. ११६३ को संस्करण, २६० पृष्ठबाट)

[७७५ या—७११ का = १

यहाँ या तथा का यी दुइ अव्यक्तका सबभन्दा सानो धनात्मक अभिन्न मान तथा सामान्य मान ल्याऊ ।]

७७५ या – १ = ७११ का
यहाँ यस्तो समीकरण बस्छ ।
भाज्य = ७७५, हार = ७११, क्षेपक = १

७११)७७५(१
७११
६४)७११(११
६४
७१
६४
७)६४ ६
६३
१

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

१	१	१	१०६
११	११	१००	१००
६	६	६	
१	५		
०			

यहाँ भाज्य र हारको महत्तमापवर्तन आएको छैन। यस यसकारण यी भाज्य र हार नै दृढभाज्य र हार भएका छन्।

यहाँ बिजोर वटा लब्धि आएका छन् यसकारण लब्धि र गुणकलाई भाज्य र हारबाट घटाउनुपर्छ। ऋण क्षेपक छ यस कारण ती लब्धि र हारलाई फेरि भाज्य र हारबाट घटाउनुपर्छ। यस कारण दुइपल्ट घटाउनुपर्ने भएको हुनाले जस्ताकोतस्तै रहन्छ। यस कारण –

लब्धि = १०६

गुणक = १००

आलाप मिलाउँदा—

```
  ७७५            ७११)७७४९९(१०६
×१००               ७११
─────             ─────
७७५००              ६३९९
  –१               ६३९९
─────             ─────
७७४९९                ×
```

∴ या = १००

का = १०६

इष्ट = इ मान्दा

या = ७११ इ + १००

का = ७७५ इ + १०६

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

माथि दिइएको लीलावतीको कुट्टकको प्रश्न भास्करीय बीज गणितमा पनि छ। माथि दिइएका सूत्र भास्करीय बीजगणीतमा पनि छन्। लीलावती र भास्करीय बीजगणित पूर्वमध्यमाका पाठ्यपुस्तक भएर रहेका छन्। हल र नाइटको बीजगणित उत्तरार्द्ध बी. ए को पाठ्यपुस्तक भएर रहेको छ। कक्षागत अन्तर अनुसार हेर्दा पूर्व-मध्यमा माध्यमिक विद्यालय स्तरको परीक्षा हो भने बी. ए स्नातक स्तरको परीक्षा। यसरी परीक्षाको स्तर निकै फरक भएपनि विषयगत समतालाई हेर्दा लीलावती र भास्करीय बीजगणितसित हल र नाइटको बीजगणित उत्तरार्धमा प्रशस्त समता पाइन्छ। तर यसरी विषयगत समता पाइए पनि आजभोलि ज्यौतिष पढ्ने विद्यार्थी र विज्ञान पढ्ने विद्यार्थीको मनोगत भावनाले मेरो मनमा एउटा जिज्ञासा हुँडलिन्छ, प्रश्नको लहर चल्छ। त्यो जिज्ञासा वा प्रश्न के भने जुन विद्या पौरस्त्य आर्यहरूले ठूलो साधना र लगनताका साथ हजारौं वर्ष अगाडि पत्ता लगाएका थिए त्यो विद्या पढ्ने पढाउने दुवैमा आज-भोलि त्यो आत्मविश्वास, त्यो उत्साह र त्यो लगनशीलता पाइन्न जो अर्वाचीन एवं आधुनिक पाश्चात्य विचारकहरूले निकालेको उही विषय विज्ञान रूपले पढ्ने र पढाउनेमा पाइन्छ।

आर्यजातिको प्राचीन त्यो उत्कृष्ट विचार र विद्यालाई निकृष्ट र निष्क्रिय बनाई आधुनिक पाश्चात्य विचार किन यसरी प्रभावकारी बन्न समर्थ भयो होला? यसको निदान जान्न खोज्दा एकातिर अंग्रेजी साम्राज्यवादको सफल प्रचार प्रसार र अर्कातिर पौरस्त्य विद्याका उत्तराधिकारीमा स्वाध्याय र समझदारीको कमी नै यसको मूल देखा पर्छ।

०———०

[यस लेखलाई तयार गर्दा प्राध्यापक चेतोनाथ आचार्य र दिनेशराज पन्तबाट सहयोग प्राप्त भएको छ।]

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

गीतामा ज्ञान र योग

—श्री गोपालनिधि तिवारी

ॐ पूर्णमदः पूर्णमिदं पूर्णात्पूर्णमुदच्यते।
पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥

शोक, मोह आदि दोष नछुटेसम्म मानवले शान्ति, आनन्द र विश्रान्ति पाउँदैन। जबसम्म सर्वत्र समानरूपलेस्थित आत्माको साक्षात्कार हुँदैन, तबसम्म एकत्वको अनुभव हुन सक्तैन। एकत्वको अनुभवबाट नै शोक र मोह विलाउँछन्। एकत्वको परिज्ञान गराउने ज्ञान गीतामा लक्ष्य राखिएको छ। आत्मा निर्विकार भएकोले यो अविनाशी र नित्य छ। आत्मा कुनै क्रियाको कर्ता वा कर्म हुन सक्तैन। शरीर नै मर्ने र जन्मने भएकोले जन्म मरणरूप भावमा अपरिहार्य भएको शरीरको शोक, मोह गर्नु उचित छैन। अर्जुनलाई सर्वप्रथम यही ज्ञानको उपदेशद्वारा भगवान श्रीकृष्णले कातरता छोडी आफ्नो कर्तव्यमा निर्भयसाथ लाग्न सिकाउनु भएको छ। सारा अज्ञान हटाउने एक मात्र उपाय हो ज्ञान। ज्ञानकै शिखरमा पुऱ्याउन ज्ञानप्राप्तिको उपायरूप योग गीतामा बताइएको हो। ज्ञान र योगमा कुन ठूलो हो भन्ने प्रश्न नै आउँन सक्तैन। किनभने योगको लक्ष्य नै ज्ञान हो र ज्ञानप्राप्त भएकाको गति आसक्ति रहित सुखदुःखादि द्वन्द्व त्यागपूर्वक योगावस्था झैं नै हुन्छ। योगको अनुष्ठान ईश्वराराधनारूप कर्म र समाधियोगबाट हुन्छ। योगले युक्त भएपछि ज्ञानको उदय हुन्छ र धर्माधर्म नामक कर्मरूप बन्धनको नाश हुन्छ। यहाँ दुइ कुराका भ्रमहरू पैदा हुन सक्दछन् एक त योग नै साधनरूपमा र परिपक्क रूपमा चाहिने हुनाले योगमा मात्र हामीले लाग्नु हुन्छ,

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

ज्ञानको वास्ता छैन। अर्को योगबुद्धिले कर्मबन्ध नष्ट हुने भएकोले कर्म गर्नु पर्दैन। यी दुवै भ्रमहरू छोडन गीतामा जोड दिइएको छ। 'कर्मबन्धं प्रहास्यसि' योगले कर्मको बन्धन छोड्ने छौ भनेको आशक्तिपूर्ण कर्म छुट्दछ भनेको हो। यसो न भए भगवानले 'योगस्थः कुरु-कर्माणि' 'योगमा रहेर कर्महरू गर' यस्तो भन्नु हुँदैनथ्यो। सङ्गको त्याग गरेर सिद्धि र असिद्धिमा सम भएर कर्म गर्न बताइएको छ। यस कारण अद्वैतवादीहरूको कर्म हुँदैन भन्ने कुरा भ्रमपूर्ण छ। शास्त्र विहित शुभ कर्म अद्वैतवादीहरूबाट चलिरहन्छ भन्ने सिद्धान्त छ। योगमा मात्र पक्षपात राखेर ज्ञानको निन्दा गर्नु भगवानको दर्शन पाउन तीर्थ जाने यात्रीले भगवानको निन्दा गर्नु जस्तो हो। यात्रालाई मात्र प्रधानता दिएर बस्नाले भगवानको दर्शनरूपी प्रधान लक्ष्य नै बिर्से झैं योगलाई मात्र प्रधानता दिएर बस्नेले आत्मसाक्षात्काररूपी लक्ष्यभूत ज्ञान नै बिर्सन्छ। यस कारण साधन र साध्यमा परस्पर महत्त्व रहेझ योग र ज्ञानमा परस्पर विरोधी भावना रहन आवश्यक छैन। गीतामा 'तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति' कर्मयोग वा समाधियोगद्वारा धेरै कालमा राम्ररी शुद्ध अन्तःकरण भएको वा त्यस्तो योग्यतामा प्राप्त भएको मुमुक्षु स्वयं आत्मामा नै साक्षात्कार प्राप्त गर्दछ वा ज्ञान प्राप्त गर्दछ। यसरी योगको अनुसरण गरेर ज्ञान प्राप्त गर्नु नै हाम्रो कर्तव्य भएको छ।

स्वयं प्रकाशमान शुद्ध चिदात्मा नै ब्रह्म भएकोले ब्रह्मवित् नै आत्मवित् हो। 'अयमात्मा ब्रह्म' यो आत्मा नै ब्रह्म हो भन्ने श्रुतिले यही रहस्य झलकाएको छ। प्रतीक मन, आदित्य आदिमा अहंदृष्टि हुँदैन किन्तु ब्रह्मदृष्टि गर्नु पर्दछ भन्ने तथ्य प्रकट गर्दै ब्रह्मसूत्रमा मनलाई ब्रह्मरूपले आदित्यलाई ब्रह्मरूपले उपासना गर्न सिकाएको छ, तर मनलाई वा आदित्यलाई आत्मरूपले उपासना गर्न निषेध गरिएको छ। यसरी प्रतीकको उपासनामा ब्रह्मरूपले उपासना गरिने हुनाले

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

आत्मवित् भन्ने उपासना प्रकरणको भेद लिएर प्रतीकोपासना र अहंग्रहोपासनाको दृष्टिकोणबाट ब्रह्मवित् र आत्मवित्मा फरक जस्तो व्यवहार हुन्छ। तर वास्तवमा ज्ञानकाण्डमा ब्रह्म र आत्मामा भेद नभएकोले 'अहं ब्रह्माऽस्मि' म नै ब्रह्म हुँ भन्ने ज्ञान हुँदा ब्रह्मवित् नै आत्मवित् हो र आत्मवित् नै ब्रह्मवित् हुन्छ, यसमा फरक छैन। सत्य, ज्ञान, बोध नै आत्मा हो। यही गीताको ज्ञानवाद, आत्मवाद वा ब्रह्मवाद हो। गीतामा सर्वत्र योग र ज्ञानको मर्म झल्काउँदै योग लाई साधनावस्थामा ज्ञानोन्मुख र साध्यावस्थामा ज्ञानरूप नै मानिएको छ। ज्ञान र योगको उपलब्धि यसप्रकार बताइएको छ। 'योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्न संशयम्' ४।४१ योगद्वारा सम्पूर्ण आसक्तिपूर्ण कर्म त्यागेको र ज्ञानद्वारा वा जीवात्मा र परमात्माको एकता-दर्शनरूप ज्ञानद्वारा राम्ररी संशय छिनालेको पुरुष नै आत्मवान् वा आत्मबल युक्त हुन्छ, यसलाई इष्ट अनिष्ट र मिश्र यी तीन प्रकारका फलहरूको भोग गराउँन सकिँदैन। ज्ञानीले सङ्गरहित कर्मयोगमा जीवन यापना गर्ने हुनाले कर्मयोग ज्ञानीबाट छुटेको हुँदैन। 'ज्ञानासि-नात्मनः। छित्त्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ' स्वरूपको ज्ञानरूप खड्ग द्वारा यो अज्ञानजन्य संशयलाई काटेर हे अर्जुन! कर्मयोगमा लाग, उठ। पहिले त्यही कर्म बन्धन हुन्छ र पछि जानेर सङ्गत्यागपूर्वक शुभ कर्म ज्ञानीले गर्नै पर्दछ, यसैलाई 'योग' मा रहनु भनिएको छ। योग र ज्ञान यी दुइ शब्दहरू साधनरूपमा र साध्यरूपमा पाइन्छन्। साधन ज्ञानको प्रकरणमा 'अध्यात्मज्ञाननित्यत्वम्' र 'नित्यं च समचित्त त्वम्' भनेर आत्मविषयकज्ञानमा नित्यलाग्नु र चित्तको नित्य समतारूपी योग गर्नु भनेर ज्ञान र योग साधनरूपमा दिइएका छन्। यस्तै दैवीसंपद्को अनुसरण गरेर आसुरी र राक्षसी प्रकृति उपर विजय प्राप्त गर्न 'ज्ञानयोग व्यवस्थितिः' भन्दै शास्त्र र आचार्यबाट आत्मा जान्नुलाई ज्ञान तथा जानेको वस्तुको इन्द्रियादिको निग्रहद्वारा एकाग्रसँग आफू आत्मामा प्रत्यक्ष अनुभव गर्नुलाई 'योग मानिएको

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

छ। यसरी योग र ज्ञान पहिले साधन खालका छन्, अर्को स्तरमा योग साधन र ज्ञान साध्य खालका छन्। जस्तो— कर्मयोगको अनुष्ठानद्वारा अन्तःकरणको अशुद्धिको क्षय भएपछि उत्पन्न हुने आत्मज्ञानरूपी आगोले सारा कर्मबन्धन डढाउँछ। योगद्वारा नै ज्ञानको उदय हुन्छ। अर्को स्तरमा योग र ज्ञान दुवै साध्य खालका पनि छन् 'मयातेऽद्ययोगः प्रोक्तः' 'ज्ञाने परिसमाप्यते' यहाँ योगको अर्थ ज्ञान नै र ज्ञानमै पूर्णता सिद्ध गरिएको छ। यसरी ज्ञान योगका तहहरू बुझेर मात्र लाग्न सकेमा कहीं पनि अलमलिंदैन।

★

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

वाल्मीकिको आश्रम

प्रा० हरिनाथ उपाध्याय ढुङ्गेल

वाल्मीकि ऋषिको आश्रमका विषयमा विद्वज्जनहरूमा परस्पर-मा वादविवाद चलेको विद्यार्थीजीवनदेखि अहिलेसम्म कैयौं विद्वज्जनहरूबाट सुनें। तर आजसम्म जो सुनें, चित्त बुझ्दो र सुसंगत तथा प्रमाणिक कुरा सुन्न पाएको छैन। कोही भन्दछन् दक्षिण भारतमा वाल्मीकिको आश्रम पर्दछ। कोही भन्दछन् उत्तर भारतमा पर्दछ। कोही भन्दछन् बिहारमा, कोही भन्दछन् नेपालमा इत्यादि इत्यादि।

यसकारण वाल्मीकि रामायणकै आधारमा वाल्मीकिको यथा-मति प्रमाणपूर्वक विद्वज्जनहरूमा सङ्केत गर्नु मनासिब देखेर यो सानो अध्ययन र तीर्थयात्रा समयको अनुसन्धानात्मक मेरो अनुभव प्रस्तुत गर्दछु। वाल्मीकि रामायण हेरी विद्वज्जनहरूको चित्त नबुझेमा अर्को संशोधनात्मक निबन्ध प्रकाशित हुने नै छ। त्यसबाट आफ्नो अल्पज्ञता हटाउने सुअवसर पाउने छु।

(१) श्रीराम वनवास जाँदा पहिलो वास 'तमसा नदीको किनारमा परेको थियो। त्यहाँबाट बिहान सबेरै दक्षिणतर्फ लागेर कोशल देश पुगे। कोशल देशबाट 'वेदश्रुतिनदी पार गरेर दक्षिण दिशातर्फ नै लागे। त्यहाँबाट निक्कै टाढा पुगेपछि 'गोमती' नदी पार तरे। साँझमा गङ्गाजीको किनारमा नजीकै रहेको ऋषिहरूको आश्रमा पुगे। 'शङ्गवेरपुर' त्यहीँ थियो, त्यहीँ वास बसे'' भन्ने वाल्मीकि रामायणमा लेखिएको छ।

यसकारण २ दिनको बाटो हिँडेपछि ऋषिहरूको आश्रम रहेछ भन्ने कुरा स्पष्ट देखिएको छ।

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

(२) श्री रामचन्द्रजीले सीताजीसँग 'दोहद' पूर्ण गरिदिने अभिलाषा सोध्दा गङ्गातीरवासी ऋषिहरूको आश्रम फेरि एकपटक अवलोकन गर्ने इच्छा सीताजीले गर्नुभयो र अनि एक रात त्यहीँ बसी फर्कने आफ्नो अभिलाषा पनि श्री रामसँग व्यक्त गर्नुभएको थियो ।

(३) श्रीरामको आज्ञाः – हे लक्ष्मण, भोलि विहाने सुमन्त्रलाई रथ जोत्न लगाएर सीतालाई समेत त्यसमा चढाएर मेरो राज्यबाहिर गङ्गाजीको पारिपट्टि 'तमसा' नदीको किनारमा महात्मा वाल्मीकि ऋषिको दिव्य आश्रम छ, त्यसको नजीक निर्जन स्थानमा यिनलाई छाडेर आऊ । वा. रा. उ. का. सर्ग ४५ श्लो० १६, १७

(४) लक्ष्मणले गर्भिणी सीतालाई वनवास लैजाँदा पहिलो वास गोमती नदीको तीरको आश्रममा परेको थियो । भोलिपल्ट बिहानै त्यहाँबाट रथमा नै सवारी भै जाँदा आधादिन बितेपछि गङ्गा किनारमा पुगे । गङ्गापार तरेपछि श्रीरामले सीतापरित्याग गरेको कुरा लक्ष्मणले सुनाइदिनुभयो । अनि गङ्गातटवर्ती ऋषि आश्रमको नजीक लगेर शोकले विह्वल भएकी रोइरहेकी अकेली सीताजीलाई छाडी क्षमा प्रार्थना गर्दै वाल्मीकिको आश्रम देखाइदिए । वा. रा. उ. का सर्ग ४६, ४७ ४८

(५) लक्ष्मण सीतालाई परित्याग गरी फर्कंदा सूर्यास्त 'केशिनी' नदीको किनारमा भएकाले त्यो रात त्यहीँ वास बसे । भोलिपल्ट मध्याह्नमा 'अयोध्या' आइपुगे । यसकारण वाल्मीकिको आश्रमबाट अयोध्या १½ डेडदिनको बाटो रहेछ । अयोध्याबाट चाहिँ वाल्मीकिको आश्रम १½ दिनदेखि दुई दिन सम्मको बाटो भन्ने वाल्मीकि रामायणबाट देखिएको छ ।

(६) यसकारण वाल्मीकिको आश्रमः— कहाँ पर्दछ भन्ने कुरा भन्न स्पष्ट गर्दछु । गङ्गाजीको दक्षिणपट्टि 'तमसा' नदीको आसपास-

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

मा रहेको वाल्मीकिको आश्रम प्रयागबाट दश कोश पर्दछ। प्रयाग-बाट 'चित्रकूट' पनि १० दश कोशमा पर्दछ। वनवासको समयमा प्रयागबाट चित्रकूट जाँदाखेरि रामचन्द्र यहाँ आउनुभएको थियो भन्ने देखिन्छ। किन्तु उत्तरकाण्डको अनुसार चाहिँ वाल्मीकिको आश्रम गङ्गाजीको आसपासमा देखिन्छ। सो ठाउँ कानपुरबाट १४ मिलमा पर्दछ। त्यस ठाउँलाई आजभोलि 'विठूर' भन्दा रहेछन्।

(७) तमसा कहाँ कहाँ छन्? अयोध्याबाट दक्षिणपट्टि 'सरयू' र 'गोमती' नदीको बीचमा एक तमसा बहन्छिन्। तिनैको अर्को नाम 'वेदश्रुति' भन्ने पनि पुराणादिमा देखिन्छ। यस्तै अर्की 'तमसा' चाहिँ गङ्गाजीको दक्षिणपट्टि एक नदी बहेकी छन्। जसलाई आजभोलि त्यहाँका वासिन्दाहरू 'टौँस' नदी भन्दा रहेछन्। तिनैको किनारमा वाल्मीकिको आश्रम थियो भन्नुपर्दछ।

सदाचारी संयमी ऋषिमुनिहरूको जीवनकाल धेरै लामो हुन्थ्यो। हजारौँ वर्ष पनि बाँच्दथे। उनीहरूको मुख्य आश्रम एक हुन्थ्यो। त्यसैमा बसी चातुर्मास्य व्रत गर्दथे तापनि अरू समयमा आफ्नो इच्छा बमोजिम अनेक तीर्थस्थलमा अनुकूल ठाउँ हेरी उनीहरू अनेक अस्थायी आश्रम बनाइ बस्ने पनि गर्दथे। चातुर्मास्य व्रत गर्नचाहिँ आफ्नै मुख्य आश्रममा आउँथे। यस्तो उनीहरूको परम्परा चलन पनि थियो। यसकारण ऋषिमुनिहरूको आश्रमका विषयमा विभिन्न ठाउँहरूमा पुराणादिको उल्लेख वा अरू कुनै प्रमाणहरू भेटिएमा तिनीहरूलाई पनि हामीहरूले मान्नु पर्दछ।

☆

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

आँधिखोला, गुप्तक्षेत्र र गलेश्वर

—गा तोयनाथ पाण्डेय

महाविद्यालयीय छात्र छात्राहरूमा ऐतिहासिक, भौगोलिक, निर्माण सम्बन्धी र अन्य कुनै महत्त्वपूर्ण कुराको ज्ञान तथा स्थानीय रीति, स्थिति, वेश, भूषा, चालचलन र बोलीवाणी सम्बन्धी कुराहरूमा विशेष अध्ययन गराई स्वावलम्ब, अनुशासन, सहयोग, कर्ममा प्रवृत्ति र उत्तरदायित्वको भावना विकास गराउने उद्देश्य राखी श्री ५ को सरकारले प्रतिवर्ष १०।१० जनाको छात्रलाई समूह दुई १।१ जना प्राध्यापकलाई समूहनेता बनाई १५ दिनको निमित्त नेपाल अधिराज्यको कुनै पनि स्थानमा भ्रमण गराउन "सामाजिक सेवा कार्यक्रम" सञ्चालन गरेको छ। छात्र छात्राहरूलाई दिइने आर्थिक सहायता अहिलेको समयमा अपर्याप्त मात्र नभई प्रतिव्यक्ति रु. १५०। मा १५ दिन भ्रमण गर्नु असंभव छ तापनि उद्देश्य महान् छ। किनभने यसबाट छात्रवर्गमा बन्न आउने बन्धुत्व भावना यथार्थता र तर्कशक्तिको वृद्धिले छात्रवर्गको हित नै हुन्छ र उनीहरू विषयगत गहिराइमा प्रवेश गर्दै त्यसको सत्पक्षलाई अँगाल्न अभ्यस्त हुनेछन्। सङ्कीर्णता र क्षुद्र स्वार्थ स्वतः विलीन हुँदै जाने छ। मनको पवित्रता र आत्माको निर्मलताद्वारा व्यक्तित्वको श्रीवृद्धि हुने छ अनि एकाएक भित्रबाट उद्‌गार निस्कने छ—"मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षन्ताम्। मित्रस्य चक्षुषा सर्वाणि भूतानि समीक्षे। मित्रस्य चक्षुषा समीक्षामहे।" अरूसँग मित्रताको दृष्टि राख्न अपील गर्ने आफूले पनि मित्रताको दृष्टि राख्ने प्रतिज्ञामा आबद्ध हुने र आफ्ना राष्ट्रका बन्धुहरूसँग मित्रताको दृष्टि राख्न सहयोग माग्ने बानी बस्तछ। अतः यस्तो भ्रमण केवल मनोरञ्जन

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

मात्र नभएर यथार्थताको परिधि भित्र प्रदर्शित हुने ज्ञान पनि हो। यसैले आफ्नो संस्कृतिलाई एक एक गरी केलाएर महत्व दर्शाउने क्षमता बढाउँछ। अनि आफ्नो राष्ट्रियतामा फुकी फुकी पाइला चाल्ने अभ्यास बढ्दै जान्छ र आफू मौलाउँछ फस्टाउँछ र सुसंस्कृत हुन्छ। यसरी नै आफ्नो जीवनको विकास क्रमलाई अक्षुण्ण राख्छ। हरएक कुराको वैधानिक आधार पत्ता लगाई मानवताको सुरक्षा गर्न सक्षम बन्दै जान्छ। फलफूलको क्रयशक्तिलाई शोषण गर्ने र नाम्लेको सारंगी-पेटमा अन्न पठाउन प्रतिवन्ध लगाउने शिशिले उडेलेको गिलांसल ई सर्वोपरि ठानी नेपालीको कुनै खास आफ्नो संस्कृति भने कोही पनि छैन भन्ने जस्ता कुभावनाजन्य कृतघ्नतालाई पछारेर आफ्नो संस्कृतिको गुरुतर गरिमालाई प्रकाशमा ल्याउन यस्तो भ्रमणले मद्दत गर्दछ भन्ने ठानी १० जना वाल्मीकि संस्कृत महाविद्यालयका छात्रहरू लिई पश्चिमाञ्चल भ्रमणको निमित्त २०२६ पौष ११ गते गण्डकी अञ्चल पोखरा तर्फ प्रस्थान गरें।

पोखराका प्राकृतिक दर्शनीय स्थलहरू जस्तै महेन्द्र गुफा, फेवा ताल, वेगनास ताल, रूपा तालहरूको अवलोकन गरी गाउँ पंचायतहरूमा गई त्यहाँका शिक्षा-समितिले पारित गरेका शैक्षिक कार्यक्रमहरू संचालन गर्‍यौं। यसरी चार दिन पोखरामा बिताई धवलागिरि अञ्चलतर्फ प्रस्थान गर्‍यौं। यस कार्यका निमित्त गण्डकी अञ्चलाधीश श्री शङ्करराज पाठकबाट राम्रो सहयोग पायौं।

आँधिखोला

यो कार्कीनेटा (गण्डकी अञ्चल) को पहाड तिरबाट आई सेती दोमानमा सेती खोलासँग मिली स्याङ्जा हुँदै काली गण्डकीमा मिल्दछ। यो आँधिखोलालाई अन्धोखोला पनि भन्दछन्। त्यहाँको भनाइ अनुसार—"यो श्रवणकुमारका अन्धा बाबु आमाको आँशुबाट

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

निस्केको हो । यसको उत्तरतिरको ढुङ्गा तथा माटो श्रवणकुमारलाई दशरथको वाण लाग्दा निस्केको रगतले त्यहाँ रातो बनेकोहो । त्यो नगी पै पोखरी छ जो अत्यन्त सफा छ । त्यसमा एउटा पात सम्म पनि पर्दैन। रूखबाट झरेको पात पोखरीमा पर्न खोज्यो भने बिचैमा चराहरूले समातेर पाखामा फालिदिन्छन् । खोलाको दक्षिणतिर एउटा ओढार छ त्यसमा अंधा अंधीको पाषाण मूर्ति छ र त्यहाँ एउटा प्वाल पनि छ। त्यसबाट पैसा खसाल्यो भने भाँडाहरूमा ठक्कर खाँदै तल झरेको शब्द सुनिन्छ। पहिले त्यहाँ जाने यात्रीहरूका निमित्त भाँडा त्यहीँ पाइन्थ्यो र काम सिध्याए पछि त्यहीँ छोडेर आउनु पर्थ्यो। पछि अनेकौं कारणले गर्दा यो कुरा हरायो। यो सुन्दा जति आश्चर्य लाग्यो त्यहाँ पुग्न नपाउँदा धेरै खेद पनि लाग्यो। हाम्रो गन्तव्य दिशाको विपरीत दिशामा यो स्थान पर्दथ्यो तापनि समय थोरै बाँकी रहेको र मार्गनिर्देशक नपाइएको हुनाले हामी त्यहाँ पुग्न सकेनौँ। यसतर्फ बास बस्ने र खाने ठाउँलाई भट्टी भन्दा रहेछन्। त्यो बाहुन, क्षेत्री, नेवार, गुरुङ, मगरहरूले थाप्दा रहेछन्। भट्टी थाप्नेहरूमा थाक-खोलाबाट आएका थकालनीहरू नै प्रमुख रहेछन्। बास बस्नेहरू जति आए पनि ओढ्ने ओछ्याउने प्रबन्ध गर्दा रहेछन्। खानेहरूलाई भरसक मिठो र सफा खान दिने हुनाले यात्रुहरूलाई यिनीहरूकै भट्टी सुविधाजनक हुँदो रहेछ। यिनीहरू हिउँदभरी ठाउँ-ठाउँमा भट्टी थापी वर्षा लागेपछि कमाएका पैसाहरू लिई थाकमै खेतिपातिको निमित्त जाँदा रहेछन्। यसरी बुढी अधबैंसे युवती सबैलाई भट्टी थाप्ने स्वतन्त्रता मिल्दो रहेछ। पुरुष जाति कोही थाकमै घरको हेरचाह गरी बस्ने र कोही आफ्ना गधा खच्चरहरू लिई वेपारमा जाने गर्दा रहेछन्। वर्षाले नै उनीहरूको पारिवारिक जीवन शुरू गर्दो रहेछ।

गुप्तक्षेत्र (विशाल गुफा)

यो गण्डकी अञ्चल पर्वत जिल्लाको सदरमुकाम कुस्मा भन्ने

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Fundin

उपत्यकामा पर्दछ। यो सुन्दर मैदान ऊर्वरा रहेछ। यसको पश्चिमी किनारमा पतित पावनी गङ्गा काली गण्डकी बहिरहेकी छन्। उत्तरतिर पहाडमा पंक्तिबद्ध भएर हरिया घना वृक्षहरू यसको शोभा हेरी रहेछन्। पूर्वतिरको पहाडमा केही जङ्गल र फाट्फुट् गाउँहरू देखिन्छन्। काठमाडौंको ढाँचामा बनेका सिंगारिएका बङ्गलाहरू पनि देखिन्छन्। पूर्वतिरबाट आएकी मोदी यसलाई आमोद प्रमोदको स्थान बनाउँदै कालीमा मिल्छिन्। कुस्मा प्रकृतिको उद्यान जस्तो छ। यहाँ एउटा दर्शनीय विशाल गुफ रहेछ। जो १९९२ साल वैशाख महीनामा काली गण्डकीमा पौडी खेलेर त्यही द टो गरी फर्केका ३ जना युवकहरूले पत्ता लगाएका रहेछन् र स्थानीय जनताहरूले गुप्तक्षेत्र भन्ने नामकरण गरेका रहेछन्। हामीलाई गुफा हेर्ने प्रबल उत्सुकता छँदै थियो तर साधन भने केही थिएन। स्थानीय सज्जन श्री मथुरा कुमार जोशीज्यूले हाम्रो उत्सुकतालाई बुझेर मैएट्रल आदिको प्रबन्ध गरी स्थानीय विशिष्ट विद्वान् श्री पं भवानी शङ्करज्यू समेत मिली गुफा हेर्न गयौं। बजारबाट करीब १५ मिनेट जति लाग्दो रहेछ। बाटो नबनेकोले गोरेटो भीर हिड्नु पर्ने रहेछ। गुफाको द्वार भिराळोमा रहेको छ। सबैले जुत्ता मोजा द्वार मै फुकालेर राख्यौं गुफाबाट अलि अलि पानी बहीरहेको रहेछ। गुफाभित्रको बाटो उत्तरतिर लागेको तप्येङ् तप्येङ् उकालो रहेछ। बाटोमा दायाँ बायाँ ठाउँठाउँमा तला चढ्दै जानुपर्ने अरू पनि प्रवेशद्वारहरू रहेछन् तर हामी तल नचढी ठूलो बाटो व'ट मात्र हिंड्यौं। केही पर पुगेपछि बाटो छोडी बायाँतिर उक्लेर जानुपर्ने एउटा ठूलो चट्टान रहेछ। त्यहाँ त्रिकोणाकार ३ इन्च डील उठेको एउटा कुण्ड रहेछ। त्यहाँ आफू पूर्व फर्कंदा उत्तरतर्फ कुण्डको डील बाहिर ३ वटा करीब ६ इन्च अग्ला र १२ इन्च जति परिधि भएका पाषाण स्तंभ माथि त्रिकोण चतुष्कोण र वृत्ताकार भएका उठेका बुट्टाहरू छन्। यिनीहरूलाई होमकुण्ड र प्रणिता-प्रोक्षणी भन्ने संज्ञा दिइएको रहेछ। यस त्रिकोणकार होमकुण्डमा

al Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

चरू र गोलहरू पनि भेटिन्छन् भन्ने सुनी मैले कुण्ड भित्र कोतरेर केही धुलो ल्याएको थिएँ जसमा केही गोलका टुका र १।२ गेडा चरूका टुक्र पनि रहेछन् । त्यो कुण्डबाट करीब ६ मिनेट हिंडेपछि बायाँ तिर विशाल शिवलिङ्गाकार करीब १० फीट अग्लो सिङ्मर्मर जस्तै सेतो र सितारा जस्तै झल्कने थुम्को देख्यौं जसको शिरमा छतबाट निस्केको बजाउने नरसिङ्ग जस्तै बाङ्गो टेढ़ो हुँदै आएको लोलाबाट पानी तप तप चुहिंदो रहेछ । बत्तिको टकमा सारा गुफा नै सेतोमा झलझलाकार सितारा भरिएका अत्यन्त सौन्दर्य युक्त देखिंदो रहेछ । करीब २० मिनेट हिंडेपछि ५ वटा पाषाणस्तम्भहरू पूर्व पश्चिम भएर लहरै उभिएका रहेछन् । ती मध्ये पूर्वतिरको एक स्तम्भ टुटेको रहेछ । त्यो कुनै पर्यटकले फुटाएर लगेको भन्ने कुरा सुनियो । ती स्तम्भहरूलाई ५ पाण्डव भन्दा रहेछन् । त्यसबाट अलिकता दक्षिणतिर करीब २ फीट अग्लो वर्तुलाकार विशाल पत्थर रहेछ जसमा उभिएका विविध किसिमका मानवाकृतिहरू स्पष्ट रहेछन् । कुनै काखीमा बच्चा बोकेकी स्त्री, कुनै बच्चा डोऱ्याएकी स्त्री, कुनै परस्पर अङ्कमाल गरेका स्त्री अथवा पुरुषहरू, कुनै हात समाएर खेल्न लागेका किशोर र कुनै गोरु जोत्न लागेका प्रौढ आदि अनेकौं प्रकारका करीब ६ इञ्च अग्ला मूर्तिहरू देखिन्छन् । यी मूर्तिहरू करीब २५।२६ फीटको वृत्ताकारभित्र रहेका छन् । त्यस्तै अन्यत्र पनि हात्तीका सर्पका आकृति आदि विभिन्न आकृति शिलाहरू देखिन्छन् । यहाँभन्दा अगाडि जान यहाँ नेरको प्रवेशद्वार अलि सानो र भित्र गएपछि मैएटूल निभ्ने र अक्सिजन नपुगी सास फेर्न गाह्रो हुने हुँदा जाँदा रहेनछन् । त्यसकारण यो गुफाको अन्त्य लाग्न सकेको रहेनछ । हामीलाई गुफामा प्रवेश गरेर फर्कन करीब १ घण्टा लाग्यो । यसरी दर्शनीय कुरा राम्रोसँग हेर्न पाएकोमा स्थानीय दुवै सज्जनहरूसँग आभार व्यक्त गरी हामी फर्क्यौं ।

यहाँबाट करीब १ कोस पश्चिम खनीयाँघाट कालीको तटमा

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundir

गुरुकूल पद्धतिको एउटा संस्कृत पाठशाला भरखरै खुलेको रहेछ। श्री ५ महाराजधिराज सरकारको २८ सौं शुभजन्मोत्सव हुनाले होला २८ जना वटुकहरू रहेछन्। सूर्योदय भन्दा २ घण्टा अगाडी उठी स्नान सन्ध्या पाठ होमादि गर्दा रहेछन् र दिनमा पाठ्यक्रम अनुसार अध्ययन हुँदो रहेछ। यसको व्यवस्था स्वामी चिदानन्दद्वारा भएको रहेछ। हामीलाई आश्चर्य लाग्यो। पाठकहरू भन्नुहोला –"एकातिर संस्कृत पाठशाला विलीन हुँदैछन्, अर्कोतिर खुल्दै पनि छ। आश्चर्यको कारण यही हो ? अँहं होइन। त्यो के त भने जस्तो एकातिर काल मार्दो छ अर्कोतिर मानव जन्माउँदो छ। आखिर मानवले जित्यो र परिवार नियोजन गर्नु पर्‍यो। त्यस्तै संस्कृत पाठशालाको नियोजन किन नभएको ? हाम्रो आश्चर्यको कारण यही हो, अस्तु।

अब आउनुहोस् म तपाईंहरूलाई कालीपार लैजान्छु। यहाँनेर एउटा पूल छ, त्यो तर्नुहोस् र अलिकति ठाडो उकालो उक्लनोस् एउटा चौर आउँछ, त्यहाँ भरखरै बनेको एउटा सानो इण्टर मिडियर कलेज देखिहाल्नुहुन्छ। त्यहाँबाट एउटा ठूलो कान्लो उक्लेपछि वागलुङ् जिल्लाको सदर मुकाम वागलुङ देखिहाल्नु हुन्छ। यहाँ अञ्चलाधीश कार्यालय देखि लिएर जिल्लाका सबै कार्यालयहरू छन्। सो सानो मैदानमा बसेको छ। यहाँ एउटा देवीको मन्दिर छ जुन काठमाडौं उपत्यकामा पर्ने ललितपुर जिल्लाको बज्र-वाराहीको मन्दिर जस्तो छ। वरिपरि घनाजङ्गल बीचमा मन्दिर र सत्तलहरू छन्' एक्लै दुक्लै हिड्न डर लाग्ने किसिमको पुरानो घना-जङ्गल छ। त्यहाँको भनाइ अनुसार शूद्र जातिको डाँकूको सरदारले जडभरतलाई वलि दिन लगेको भद्रकालिको मन्दिर यही हो। पश्चिम-तिरबाट वगेर आएको खोलालाई इक्षुमती नदी भन्दा रहेछन्। यो मन्दिर पनि इक्षुमती र कालीगण्डकीको दोभानमा अवस्थित छ।

हामीले श्रीमान् अञ्चलाधीश सत्यनारायण झा ज्यू सँग सम्पर्क राख्यौं। वहाँको शिष्टाचार सद्व्यवहार, कार्यदक्षता र

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

प्रतिभा देखेर हामी निकै प्रभावित भयौं। थोरै समयमा गर्न सकिने ऐतिहासिक स्थलहरूको भ्रमणको निमित्त आवश्यक निर्देशन र राम्रो सहयोग पायौँ। हामीहरू जाने स्थलहरूको निमित्त केही शैक्षिक कार्यक्रम भए त्यो पनि गरेर आऔँ भन्ने उद्देश्य लिएर स्थानीय जिल्ला शिक्षा अधीकारीज्यू सँग सम्पर्क राख्न २॥ बजे अपराह्नको समयमा वहाँको कार्यालयमा गयौँ। भेट भएन। वहाँको निवास स्थानमा गयौँ। एक जना स्थानीय सज्जनको धेरै समयको प्रयास पछि वहाँको दर्शन गर्ने सौभाग्य मिल्यो। मैले बाहिर जुत्ता फुकाली कोठा भित्र प्रवेश गर्न अनुमति मागें, तर अनुमति पाइन। ढोका छेउमै उभि रहें। अधिकारीज्यू ठाँटसँग तमाखु तानीइरहनु भएको थियो। मेरा साथमा आएका एक जना छात्र जसले पोखराबाट वहाँकै चिठी ल्याएका रहेछन् र त्यो दिनलाइ अगाडि बड्दा ज्यादै अशिष्टता देखाइयो। हाम्रा साथका स्थानीय सज्जनले हाम्रो परिचय र उद्देश्य बताउन खोज्दा वहाँ केवल क्रोधकै मुद्रामा रहनु भएकोले र केही प्रश्न वा उत्तर नगर्नु भएकोले हामी त्यहाँबाट निस्क्यौँ। बाहिर आएपछि शिक्षा अधिकारीज्यूको विषयमा केही चर्चा भयो। स्थानीय व्यक्ति तथा शिक्षकहरूबाट थाहा पायौँ वहाँको व्यवहार नै यस्तै अशिष्ट छ। काम गर्ने ढङ्ग पनि केही छैन साइन्सको विद्यार्थी हुनुहुँदोरहेछ, नयाँ शिक्षाको क्रममा यस्तो अधिकारी पाउनु बाग्लुङ्को दुर्भाग्य हो भन्ने सबैको भनाइ रहेछ। हामीले पनि, सुन्दर सुसौरभी युक्त फूल मुनि सबैलाई रगत-पक्ष पार्ने कांडा भएझैं सुशिष्ट अञ्चलाधीशज्यू मुनि अशिष्ट शिक्षा अधिकारी भएकोले यस बाग्लुङ्लाई गुलाफको फूलको बोट भन्ने संज्ञा दियौँ।

गलेश्वर

बाग्लुङ्को सदरमुकाम बाग्लुङबाट ३ कोस उत्तरमा म्याग्दी जिल्लाको सदर मुकाम बेनी पर्दछ। यो पश्चिमतिरबाट आएको म्याग्दी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

(मंगला) नदीको संगम-स्थलमा रहेको हुनाले रमणीय छ। यहाँ सदरमुकाम भएकोले सरकारी भवनहरू पनि नयाँ नयाँ छन् र बन्दैछन्। वेनी बजारका पुराना घरहरू १०० जति होलान्। यस जिल्लाका करीव ६०००० जनसंख्याको २५ गाउँ पञ्चायत रहेछ। उत्तर तर्फका छार्का भोट, मुस्ताङ भोट, मुक्तिक्षेत्र तथा दामोदर कुण्ड जान यही वेनी बजार भएर जानुपर्ने रहेछ। स्थानीय जनताको भनाइ अनुसार यहाँ बाइसे चौबिसे राजाको समय भन्दा पहिलेका भूरे राजाको पालाको शीतकालिक राजधानी रहेछ। ग्रीष्मकालिक राजधानी यहाँबाट करीव २ कोस वायव्यतिर पहाडको धूरी ढोल-ठान या गाजनेमा पर्दछ। त्यहाँ राजदरबारको भग्नावशेष अद्यापि छँदै छ। यस वेनीमा ढाल तरवार खुँडा आदिका साथमा एउटा पुरानो तोप भएको कोत घर छ जस्को चैते दशैंमा र ठूलो दशैंमा पूजा हुन्छ। एउटा टकसार पनि छ, जुन वि सं. १९६७ मा खारेज भएको रहेछ। काली र मङ्गला (म्याग्दी) को दोभाननिर ४०० वर्ष पुरानो एउटा शिवालय छ जस्को गारो पिपलका जराहरूले टम्म बाँधेका छन्। रूख पनि ठूलो छ। पर्वतका राजा घनश्याम मल्ल मरेपछि इनेका जेठा छोरा २४ वर्षीय भलेवम मल्ल (कीर्तिमल्ल) ले आफ्ना सौतेनी भाइ २३ वर्षका भर्तिवममल्ल (भरत मल्ल) जो आफ्नो अंशमा परेको ज्यामरुक् कोट्को अधिपति थिए। मनोमालिन्य हुँदा यिनलाई देश निकालाको आदेश दिए। तर भर्तिवम मल्लले राजाज्ञाको अवहेलना गरी ज्यामरूक नछोड्ने धृष्टता गरेको हुनाले दाजु भलेवमले नै आफ्ना मानिसद्वारा यिनलाई मारे। यिनलाइ मार्नेले २२ दिन सम्म अन्नलाई सडेगलेको र त्यसमा रगतका छिटा मात्र देखी खान नसक्दा सपनामा मेरो शिर फलानो ठाउँमा छ त्यसलाई गाडी शिवालय स्थापना गर भनेकाले पूर्वोक्त शिवालय स्थापना गरिएको हो। यहाँभन्दा करीव २ कोस जति पश्चिमतिर म्याग्दीको किनारामा भर्तिवम मल्ल मरिएपछि उनकी रानी पाल्पाका राजा मुकुन्द सेनकी

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

छोरी विश्वप्रभा (विश्वत्रा) प्रख्यात-कुरिलाले आत्महत्या गरेर मरेको कण्टकाकीर्ण स्थान छ। त्यहाँ ढुंगाको वेदी र ३ वटा साधा ढुंगाका मूर्तिहरू स्थापित छन्। यिनलाई महारानी भन्दछन् र आफ्नो अभीष्ट-सिद्धिका लागि पूजा आजा गर्दछन्। यसै ठाउँमा सं. १८३६ कार्तिकमा पर्वतका राजाको शरणमा आएका लंजुङका राजा वीर-भूपाल शाही र तनहूँका राजा हरकुमार दत्तसेन बसेका थिए। भूरे राजाहरू मध्ये १ जना डिम्भ भन्ने राजा हठयोगी थिए, यिनको शरीरमा हाड थिएन रे। तन्क्याउँदा मानिसको आकृति हुने र खुंचिंदा मासुको डल्लो हुने थिए रे। यिनलाई उडीसाका जगन्नाथको दर्शन गर्ने तीव्र इच्छा भएको तर हिंड्न नसक्ने हुनाले स्वयं जगन्नाथले नै दर्शन दिएका हुनाले जगन्नाथको मन्दिर स्थापना भएको छ, आद्यावधि पूजा हुन्छ। यहीं नेर एउटा पोखरीमा सधैं विहान आफ्नो आन्द्रा भूँडी डिम्भले पखाल्थे। एकदिन रानीले पछि लागेर गई त्यो देखेकी हुनाले राजा अल्पिए रे भन्ने भनाइ छ। यहीं पुलस्त्य ऋृषिले तपस्या गरेको स्थान छ। अद्यावधि उनले होम गरेको चरू र अरगाँ पाइन्छ रे यसको सेरोफेरोलाई पुला भन्दछन्। पुला गा. पं. ठूलो छ। यसको वेसीमा तातो पानीको मूल छ। यसमा स्नान गर्नेहरूको भीड लाग्छ। बेनी बजारबाट करीव १ कोस उत्तर, पश्चिमतिरबाट आएकी जयन्ती (रहु) नदी र कालीको सङ्गम-स्थलमा गलेश्वर शिवको मन्दिर छ। यहाँ गलेगोरु भयो भने १ जोर रातो सेतो ध्वजा बाँधिदिनाले गोरु सरासर हलो जोत्न सक्ने हुन्छ। भाकल गरेको कुरो पुग्नेहरूले चढाएका प्रसस्त तामाका गोरुहरू छन्। विशाल चट्टानमा स्वयं प्रादुर्भाव भएका शालग्राम छन् यिनैलाई शिवजी मानेर पूजा भइ-रहेछ। त्यो विशाल चट्टान फुस्रो रङ्गको छ। त्यो ठाउँ ठाउँमा चिरिएर पात्रा बन्को चिल्लो कालो रङ्गको कुनै चक्राकार कुनै गोलाकार शाल-ग्रामहरू अद्यावधि पनि प्रादुर्भाव हुने गर्दो रहेछ। मन्दिरको दक्षिण-पश्चिममा त्यही चट्टानमा एउटा ठूलो खाडल रहेछ। त्यसमा केही पानी

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundin

पनि छ। त्यो पानी एउटा चिनोभन्दा तल कहिल्यै जाँदैन। वर्षामा जति पानी परे पनि त्यो चिनो भन्दा माथि आउँदैन रे। चट्टान मुनि पश्चिमतिर सानो मैदानमा एउटा संस्कृत पाठशाला रहेछ। मन्दिर-देखि पूर्वतिर (काली गण्डकीतिर) भीरमा एउटा जडभरतले तपस्या गरेको गुफा छ। २०१४ को बाढीले बाटो भत्केकोले हालसाल जान सकिँदैन। त्यसैले गलेश्वरलाई जडभरतेश्वर वा जडेश्वर पनि भन्छन्। कपिलाश्रममा ज्ञानोपदेशका निमित्त हिँडेका राजा रहूगणलाई वेपारी र चोरका कथाद्वारा ज्ञानोपदेश दिएको ठाउँ यहीं हो भन्छन्। पश्चिम तिरबाट यहीं मिसिन आएकी नदीलाई रहू नदी भन्दछन्। यो स्थान रमणीय र शान्त छ। यस स्थानलाई जडभरत जस्तै एक न एक तपस्वीले अद्यावधि पनि छोडेका छैनन् भन्दछन्।

जसरी भारतीयहरूले जडभरतलाई आफ्नै भूमिना पार्न पुलहाश्रम हरिहर-क्षेत्र आधुनिक सोनपुर (बिहार) मा मानेका छन् भने नेपालीले पनि पुलहाश्रम यही म्याग्दी जिल्लामा पारेका छन्। ऋषभदेवका छोरा राजा भरत छोराहरूलाई अंशवण्डा गरी पुलहा-श्रममा आए। परन्तु पुलहाश्रमको वर्णनमा श्रीमद्भागवत पञ्चम स्कन्धको १० दण्डकमा उल्लेख गरेको छ कि—"यत्राश्रमपदान्यु-भयतो नाभिभिर्दृषच्चक्रैश्चक्रनदी नाम सरित्प्रवरा सर्वतः पवित्री-करोति"। जहाँ चक्रनदी (कृष्णागण्डकी) नामकी उत्तम नदी तलमाथि दुवैतिर नाभीको जस्तो चिह्न भएको चक्राकार शालग्राम शिलाहरूले सबैतिरबाट पवित्र गर्दछिन्। शालग्राम मुक्तिनाथदेखि बागलुङसम्मको भागमा पाइने हुनाले हरिहरक्षेत्र (सोनपुर) भन्दा यही म्याग्दीको पुलहाश्रम नै वर्णनको नगीच पर्दछ। त्यस्तै पिपासु मृगिणी काली-गण्डकीको पानी पिउँदा पिउँदै सिंहको भयङ्कर शब्दले डराएर उफ्रेर नदी पार गरी र गर्भनदीमा गिरेकोले गुफामा गएर प्राण छोडी भन्ने वर्णन छ। यसरी उफ्रेर नदी पार गर्न सक्ने नदीको छोटो चौडाइ पनि यतैतिर पर्दछ। लिखु, तादी, त्रिशूली, बुढी गण्डकी, मादी

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

मर्स्याङ्दी, सेती गण्डकी आदि सारा नदीहरूसँग मिलेर गएकी कालीगण्डकी सम्म ठाउँमा विस्तृत चौँडाइ लिएर बहेकी हुनाले सोनपुरमा मृगिणी तरेर पार पुग्नु असंभव र बिना पहाडको गुफामा गई भन्नु पनि अस्वाभाविक देखिन आउँछ।

राजा भरतको दोस्रो जन्म कालञ्जरमा मृगयोनिमा भएको छ। कालञ्जरबाट उही शालग्राम पाइने पुलस्त्य पुलहाश्रममा आएका छन्। अब यो कालञ्जर भन्ने जङ्गललाई हरिहर क्षेत्रको आसपास कहीं मानौं भने त्यहाँ कतै पहाड छैन। परन्तु कालञ्जर भन्ने जङ्गल पहाडमानै पर्दछ। किनभने—'सप्तव्याधा दशार्णेषु मृगाः कालञ्जरे गिरौ" भनेको छ। यो गलेश्वरदेखि पूर्वतिर काली पार गण्डकी अञ्चलको पर्वत जिल्लामा पर्ने ठूलो पहाडी जङ्गललाई कालञ्जर भन्दा रहेछन्। अतः भरतको तपोभूमि यहीँ नै सम्भव छ। अब तेस्रो जन्म अंगिरस गोत्रको ब्राह्मण कुलमा भएको छ। डाँकूहरूले पक्री जडभरतलाई बागलुङ्की देवीको मन्दिरमा बलिको निमित्त पुऱ्याउनु, दक्षिणतिरबाट आएका रहूगणको डोले यहीँ बिरामी हुनु र देवीको मन्दिरबाट निस्की यहीँ लर्खराइरहेका जड-भरतलाई भेटनु पनि कुरा मिल्दै छ। यहाँबाट ३ कोस उत्तर पर्ने गलेश्वरसम्म पुगुन्ज्याल हिंडाइमा ज्यादै गडबडी आउनु रहूगणको क्रोध क्रमशः चरम सीमामा पुग्नु र जड भरतको उपदेश निस्कनु पनि स्वाभाविकै छ। सगरको राजधानीबाट ईशान कोणतिर कपिलाश्रम पर्दछ भन्ने वर्णन श्रीमद्भागवत ९ स्क ८ अ. ६॥ श्लोकमा गरेको छ-"प्रागुदीच्यां दिशि हयं ददृशुः कपिलान्तिके।" त्यस्तै श्रीमद्भागवत ३ स्क ३६ अ ३१-३३ मा देवहूतिलाई कपिलले उपदेश गरेको स्थान पिता कर्दमको तपोभूमि सरस्वती नदी र बिन्दुसरोवरले पवित्र भएको स्थल हो। जहाँ देवहूतिलाई सिद्धि प्राप्त भयो त्यो सिद्धपद नामले प्रख्यात भयो इत्यादि वर्णन छ। यहाँ पनि—"मातरं समनुज्ञाप्य प्रागुदीचीं दिशं ययौ" अर्थात् कपिल उत्तर पूर्वतिर गए भन्ने छ हाल सिद्धपदको सिद्धपुर भन्ने स्टेशन छ। यो दक्षिण भारतको

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundir

मेहसाना र अजमेरको बीचमा पर्दछ । यहाँबाट भगीरथले ल्याएकी गङ्गा (भागीरथी) गङ्गोत्तरी उत्तर पूर्वमा पर्दछ र देवप्रयागभन्दा माथि कपिलको आश्रम थियो । त्यहाँ जान रहूगणलाई यो बाटो नगीच पर्ने हुनाले यतैबाट आए होलान् । अत यस ऐतिहासिकस्थलको विषयमा स्थानीय जनताहरूको भनाइ अमिल्दो छैन । किनभने नेपाल एकाकी तपस्वीहरूको तपोभूमि नै थियो । यसको राम्रोसँग भ्रमण गरी अन्वेषण गर्ने हो भने धेरै ऐतिहासिक तथ्यहरू पत्ता लाग्न सक्दछन् । उपर्युक्त ऐतिहासिक स्थलहरूसँग परिचय गराइदिने कार्यमा ठूलो सहयोग गर्ने म्याग्दी जिल्लाका का. मु. पंचायत विकास अधिकारी श्रीमोहनप्रसाद रेग्मीज्यूलाई आभार व्यक्त गरेपछि यो सानो लेख टुङ्गिन्छ।

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

हाम्रो भनाइ

आनन्द लिने सबैको प्रवृत्ति देखिन्छ। किन्तु विना विवेक यो आनन्द (सुख) प्राप्ति संभव छैन। यसैले हामी विवेकी बनी सुखको अनुभव गरौं। अत: सोचौं त दैवी सम्पत् मा सर्वप्रथम उल्लेख छ "अभय"। यो अभय प्राप्त हुन्छ कसरी? यो प्रश्नको छोटो उत्तर हो शास्त्रीय सत्सिद्धान्तको मर्यादा सम्यक्रूपमा पालनो हुन सके "अभय" प्राप्ति हुन्छ हुन्छ, यसमा कुनै शंका छैन। यसैमा अरू प्रश्न पुनः खडा हुन सक्छ, शास्त्र के हो? वास्तव शास्त्र हो ऐना। जसरी ऐनाको साम्नू खडा भएपछि आफ्नो अनुहार स्पष्ट देखिन्छ। त्यस्तै शास्त्ररूपी ऐनामा पनि गर्भाधान देखि भस्मान्त सम्मका र त्यस पछिका समेत यावत् संस्कारहरूको स्पष्ट झलक हामी पाउँदछौं। यसैले शास्त्रको महिमा बताउनु हुँदै भगवान् श्रीकृष्ण भन्नु हुन्छ —

"तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि॥

गी १६।२४ श्लो

अर्थात् कर्तव्य कुन हो, अकर्तव्य कुन हो, यो जान्नको लागि शास्त्र नै हो तिम्रो एक मात्र प्रमाण (ज्ञानको साधन)। यसरी शास्त्रविधिबाट बताइएका कर्महरूमा जुन चाहिँ तिम्रो निमित्त कर्तव्य भनी बताइएको छ त्यसलाई जानेर तिमी कर्म गर्नमा प्रवृत्त होऊ। हाम्रो शास्त्रको मूल आधार हो वेद। यो वेद ग्रन्थ नै संसारको सर्वज्येष्ठ र सर्वश्रेष्ठ ज्ञानराशि हो भन्ने विषयमा दुईमत कसैमा देखिंदैन। यो ज्ञानगंगा अत्यन्त गम्भीर र गहन छ। अत: अधिकारी पुरुष नै यसमा स्नान र अवगाहन गर्न सक्दछ। यसैकारण परम

epal Sanskrit University, Balmeeki Campus, Kathmand

Public Domain. Digitization by eGangotri.Fundir

दयालु मन्त्रद्रष्टा महर्षिहरूले लोककल्याणार्थ तपश्चर्या, योगसाधन र उत्कट समाराधना द्वारा वेदस्वरूप त्यो परम गुह्य-ज्ञान प्राप्त गर्नु भयो। त्यसपछि सो ज्ञानराशिलाई ऋक्, यजुः, साम र अथर्व यी चार भागमा विभक्त गर्नुका साथै चार उपविभाग आयुर्वेद, धनुर्वेद, गन्धर्ववेद र शिल्पवेद समेत विभाजन गर्नु भयो। यही नै अपार ज्ञानार्णव ग्रन्थको अङ्गका रूपमा शिक्षा कल्प छन्द, निरुक्त, ज्यौतिष र व्याकरण ग्रन्थ खडा भए। यतिमात्र हैन यिनै ज्ञानराशिबाट सांख्य, न्याय, वैशेषिक, योग, मीमांसा अनि वेदान्त आदि दर्शन शास्त्र खडा भए। यसै भित्र हामी कर्म, उपासना र ज्ञानकाण्डको त्रिभाजित स्वरूप उपलब्ध गर्दछौं भने अर्कोतिर यी तीनै काण्डको परम्पर मञ्जुल हातेमालो र कक्षा कक्षाको सहयोगात्मक स्वरूप समेत फेला पार्न सक्दछौं। ज्ञानकाण्डको धरातलबाट, ईश, केन, कठ, मुण्डक र प्रश्न आदि अनेकौं उपनिषद् ग्रन्थहरू खडा भए। यसबाट पनि अति सरल सरस र सार रूपमा* श्रीमद्भगवद्गीता, मनुस्मृति र याज्ञवल्क्यस्मृति आदि स्मार्त ग्रन्थ खडा भए। उपर्युक्त सम्पूर्ण विषयको स्पष्ट बोध संस्कृत साहित्यको इतिहासका स्वर्णिम पंक्तिहरूको अनुशीलनात्मक अध्ययनबाट हामी गर्न सक्छौं।

यसपछि पनि रामायण तथा महाभारत जस्ता श्रेष्ठतम ग्रन्थ रत्नहरूको रचना गर्नु भै महर्षिहरूले वैदिक वाङ्मयको आदर्शलाई यथावत् कायम राख्ने स्तुत्य प्रयास गर्नु भएको हामी पाउँदछौं। यति मात्रमा सन्तुष्टि नलिई महर्षि श्री कृष्णद्वैपायन किम्वा श्रीवेद व्यासजीले ब्रह्म, पद्म, वैष्णव, मार्कण्डेय, भविष्य, नारद, ब्रह्मवैवर्त, लिङ्ग, वराह, स्कन्द, वामन कूर्म, मत्स्य, गरुड, ब्रह्माण्ड शिव, अग्नि र श्रीमद्भागवत समेत जम्मा १८ पुराण एवं अठारै उपपुराणहरूद्वारा

* सर्वोपनिषदो गावो दोग्धा गोपालनन्दनः।
पार्थो वत्सः सुधीर्भोक्ता दुग्धं गीतामृतं महत्॥

al Sanskrit University, Balmeeki Campus, Kathm

. In Public Domain. Digitization by eGangotri.Funding:

वेद निहित ज्ञानराशिलाई सर्वग्राह्य तुल्याइदिनु भै हिन्दूजाति धर्म र संस्कृतिलाई जीवित राखेर अनन्त प्राणीहरूको उद्धार गर्नु भयो र अहिल्यै पनि गरिने रहनु भएको छ।

माथि निवेदन गरिएका सम्पूर्ण ग्रन्थ रत्नहरू संस्कृत भाषामा निबद्ध छन्। यसैले यो भाषा देवभाषा र गीर्वाणवाणी यो संमानले विभूषित छ। यो संसारको मूल भाषा हो र संसारका प्रायः सम्पूर्ण भाषाहरूको जननीका रूपमा पनि हामी यस भाषालाई पाउँदछौं। यो देवभाषालाई हाम्रा प्राचीन पुरुखाहरू अत्यन्त आदरको दृष्टिबाट अवलोकन गर्दथे भन्न हामो सहजै सक्दछौं। किनभने हामी हिन्दूहरूका यावत् क्रिया कलाप र संस्कारहरू यसै भाषाको माध्यममा सुसम्पन्न भएको हामी आजसम्म पनि अनुभव गर्दछौं।

यो भो शास्त्रको अति संक्षिप्त इतिहास। अब त्यसको सदुपयोग र व्यावहारिक पक्षको सन्तुलनतिर अनुसन्धानको धारा मोडिन्छ– कसौंडी भरिको भात पाके नपाकेको हामी एकसितो मिच्ने बित्तिकै थाहा पाउँदछौं। यसलाई हाम्रो दर्शन शास्त्रले "स्थालीपुलाक न्यायः" यो संज्ञा दिएको छ। यसैको आधारमा तल एक दुई प्रसंग निवेदन गरिन्छ–

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः।
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः॥

८।१४ गीता

× × ×

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते।
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम्॥

६।२२ गीता

अर्थात् हे अर्जुन सँधै आनन्द चित्त भएर जसले मलाई (शुद्ध चैतन्य ईश्वरलाई) स्मरण गर्छ। त्यही नित्ययुक्त योगीको लागि

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

म सजिलैसँग पाइने छु । जो अरू कार्यबाट विरत भैकन निरन्तर ध्यान परायण भएर सर्वदा मेरो उपासना गर्दछन् ती नित्य निरन्तर मतिर लागेका भक्तहरूको लागि चाहिने वस्तु म नै जुटाइदिन्छु र जुटाएको वस्तुको सुरक्षा पनि म नै गरिदिन्छु । यस कारण भक्तहरूले चिन्ता लिनु उचित छैन । इत्यादि व्याख्यान गर्न बहुतै सजिलो छ परन्तु त्यही रूपमा व्याख्याता तथा श्रोतालाई पुग्न आजीवन प्रयास गर्नु पर्ने हुन्छ ।

हाम्रो शास्त्रीय मर्यादा छ "अवशन्द्रियचित्तानां हस्तिस्नान-मिवक्रिया । दुर्भगाभरणप्रायो ज्ञानं भारः क्रियां विना ।" अर्थात् जसको शरीर चित्त किम्बा इन्द्रिय वशमा छैनन् उसले गरेको यावत् कार्य हात्तीको नुवाइ जस्तै हो र क्रिया रहितको ज्ञान विधवाको गहना बराबर नै हो ।

प्रवक्ताको आशनमा बसी —

"मनसि वचसि काये पुण्यपीयूषपूर्णा ।
स्त्रिभुवनमुपकारः श्रेणिभिः प्रीणयन्तः ॥"

इत्यादि व्याख्या गर्दा वक्ता श्रोता दुवैलाई बहुतै आनन्दको अनुभव होला । परन्तु व्यावहारिक धरातलमा उत्रँदा "मनस्यन्य-द्वचस्यन्यद्" यो स्थितिमा पुगेको वक्ता-श्रोता कसरी प्रवचन-पीयूष-धाराबाट लाभ उठाउन र अजर अमर बन्न सक्ला ? अतः पहिले अध्ययन, त्यसपछि बोध र आचरण अनि मात्र प्रवचन प्रचारण हुन सके शास्त्रीय मर्यादा बच्ने थियो ।

जगद्गुरु आद्य श्रीशंकराचार्यज्यूको सन्देश छ—

"वाग्वैखरी शब्दझरी शास्त्रव्याख्यानकौशलम् ।
वैदुष्यं विदुषां लोके भुक्तये न तु मुक्तये ॥"

अर्थात् प्रखरवाणी, पदशय्याको सौष्ठव, शास्त्रका पंक्ति पंक्ति हरूको उद्धरण प्रस्तुत गर्न सक्नु आदिबाट मुक्ति (सांसारिक सुख)

pal Sanskrit University, Balmeeki Campus, Kathma

. In Public Domain. Digitization by eGangotri.Funding:

भने मिल्दछ । परन्तु "मुक्तिवार्ता सुदुर्लभा" मुक्ति चाहिं कुनै हालत मा पनि प्राप्त हुन सक्दैन । भनाइको सारांश यही नै हो कि केवल शास्त्रीय पाण्डित्यबाट मात्र मुक्ति कदापि संभव छैन । यसो हुँदानै हाम्रो प्राचीनतम दर्शन सांख्यले बताएको छ व्यक्त-अव्यक्त र ज्ञ को ज्ञानबाट मात्र आत्यन्तिक दुःखनिवृत्ति संभव छैन । किन्तु ती सबैको विज्ञान (अनुभवात्मकज्ञान) भए मात्र उक्त आत्यन्तिक दुःखनिवृत्ति संभव छ । यसरो भित्री ज्ञान किम्वा अनुभवात्मक ज्ञान भए दुःख निवृत्तिमा बाहिरी कुनै प्रतिबन्ध रहँदैन ।

"पञ्चविंशतीतत्वज्ञो यत्र कुत्राश्रमे वसन् ।
जटी मुण्डी शिखी वापि मुच्यते नात्र संशयः ॥"

भागवद्गीताको सातौं र नवौं अध्यायमा विशेष रूपबाट ज्ञान-विज्ञान माथि जोड दिइएको हामी पाउँदछौं ।

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः ।
यज्ज्ञात्वा नेह भूयो ऽन्यज्ज्ञातव्यमवशिष्यते ॥

× × ×

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे ।
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥

अर्थात तिमीलाई यो स्वानुभवयुक्त ज्ञानको उपदेश सम्पूर्ण रूपले दिंदै छु । जुन ज्ञान लाभ गर्न सकेपछि यो जगत्मा कुनै वस्तु ज्ञातव्य भनी अवशिष्ट रहँदैन । यसरी तिमी सर्वज्ञ बन्दछौ । अर्जुन तिमी अब असूया शून्य भयौ । यसकारण तिमीलाई यो परम गोप्य विज्ञान (अनुभवात्मक) का साथ ज्ञान म बताउँदछु । जसलाई सुने पछि तिमी संसारबन्धनबाट मुक्ति लाभ गर्न सक्छौ, इत्यादि । यो भो मोक्षशास्त्रको प्रसंग । यस्तै धर्म, अथ र काम शास्त्रको प्रसंगमा पनि यो ज्ञान विज्ञानको परमावश्यकता पर्दछ । केवल बाह्य देखावटी प्रसंगलाई मिथ्याचार मानिएको छ । यो मिथ्याचारी पनबाट कोही

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

पनि आन्तरिक शान्ति र सुखको अनुभव गर्न सक्दैन। यो ध्रुव सत्य छ। मिथ्याचारी स्वभावबाट शान्ति देखाउँनु र भित्र शरीर भर घाउ हुँदा हुँदै पनि बाहिर सुन्दर वस्त्र लगाई स्वस्थ देखिन खोज्नु एकै प्रकारको कुरा हो।

कायकाञ्चनचूर्णको सेवनबाट पेट हलौं बन्दछ। यति मात्र ज्ञानले हाम्रो उदर पीडा (पेट दुःख्नु) शान्त हुन सक्दैन। त्यसलाई किनी सबै अनुपान र समय मिलाई आत्मसात् गरिसकेपछि मात्र उसले दर्दशान्त गर्ने हुन्छ। यसैकारण विना अनुभव लौकिक वस्तुबाट पनि फाइदा उठाउन सक्दैनौं भने शास्त्रीय मर्यादामय सिद्धान्त को त कुरै भएन। श्रुति, युक्ति र अनुभूति मध्ये बलियो प्रमाण हो अनुभूति, अतएव हाम्रो मीमांसा दर्शन भन्दछ "अनुभूतिः प्रमाणम्" यसले हामीलाई व्यवहारमा धर्म, अर्थ र कामको मात्र हैन मोक्षको पनि अनुभूति नितान्त आवश्यक छ। यही रहस्यलाई हृदयङ्गम गरी धर्म, अर्थ, काम र मोक्षशास्त्रको शास्त्रीय आधार ग्रहण गरी त्यसको व्यावहारिक मर्यादा पालन गरौं र अन्ततोगत्वा त्रियासी लाख, उनान्शय हज्जार, नौशय उनान्शय जन्मको पुण्य संचय बाट प्राप्त भएको मानवजीवन सफल तुल्याउंनका लागि मोक्ष शास्त्रको विशेष श्रवण, मनन र निदिध्यासन गरौं र जीवनभर त्यसको मर्यादा पालन गरौं। यसैबाट हामीलाई अभ्युदय र निःश्रेयससिद्धि किम्बा भुक्तिमुक्ति मिलो, अभयपद प्राप्त हुन्छ। यही नै हो निर्भ्रान्त सिद्धान्त। अतः यसैको सुशीतल छहारीमा वसी हामी सुखी बनौं।

pal Sanskrit University, Balmeeki Campus, Kathman

. In Public Domain. Digitization by eGangotri.Funding:

epal Sanskrit University, Balmeeki Campus, Kathmand

n Public Domain. Digitization by eGangotri.Funding

अं० का० वा० अं० प० द० नं० ५1०२५–२६

NEPAL

शास्त्रानुसन्धान परिषद्
वाल्मीकि संस्कृत महाविद्यालय
रामशाहपथ, काठमाडौं, नेपाल

भाग १०

मुद्रक :- नेपाल प्रेस: ६/५६८, शुक्रपथ काठमाडौं।

pal Sanskrit University, Balmeeki Campus, Kathman